# गाउँ शिक्षा योजना

## मिक्वाखोला गाउँपालिका

(२०८३/२०८४–२०९३/२०९४)

<u>प्रकाशक</u>

**मिक्वाखोला गाउँपालिका**

गाउँ कार्यपालिकाको कार्यालय

थलङ, ताप्लेजुङ

## हाम्रो भनाइ

शिक्षा मानव विकासको मूल आधार हो। समावेशी, गुणस्तरीय र जीवनोपयोगी शिक्षा बिना दिगो सामाजिक तथा आर्थिक विकासको परिकल्पना गर्न सकिँदैन। नेपालको संविधानले शिक्षालाई नागरिकको मौलिक हकका रूपमा सुनिश्चित गर्दै आधारभूत तथा माध्यमिक शिक्षाको व्यवस्थापन र विकासको जिम्मेवारी स्थानीय तहलाई प्रदान गरेको छ। यही संवैधानिक व्यवस्था तथा स्थानीय आवश्यकतालाई ध्यानमा राखी हाम्रो गाउँपालिकाले यो गाउँ शिक्षा योजना तर्जुमा गरेको हो। गाउँ क्षेत्रमा शैक्षिक पहुँच विस्तार हुँदै गएको भए तापनि सिकाइ उपलब्धि सुधार, शैक्षिक समानता सुनिश्चितता, शिक्षण–सिकाइको गुणस्तर अभिवृद्धि, सूचना प्रविधिको प्रभावकारी प्रयोग, शिक्षकको पेशागत विकास तथा विद्यालय व्यवस्थापनका क्षेत्रमा अझै सुधार आवश्यक देखिन्छ। भौगोलिक अवस्था, सामाजिक - आर्थिक असमानता, लैङ्गिक विभेद तथा अपाङ्गतासँग सम्बन्धित चुनौतीका कारण सबै बालबालिकाले समान स्तरको गुणस्तरीय शिक्षा प्राप्त गर्ने अवसर अझै पूर्ण रूपमा सुनिश्चित हुन सकेको छैन।

यस गाउँ शिक्षा योजनाले स्थानीय आवश्यकता, स्रोतसाधन तथा सम्भावनालाई आधार मानी शिक्षा क्षेत्रको समग्र सुधारका लागि स्पष्ट मार्गदर्शन प्रदान गरेको छ। योजना तयार गर्दा विद्यालय शिक्षा क्षेत्र योजना, दिगो विकासका लक्ष्यहरूसँग समन्वय कायम गरिएको छ, जसले हाम्रो शिक्षा प्रणालीलाई अझ व्यवस्थित, समावेशी र परिणाममुखी बनाउन सहयोग गर्ने अपेक्षा गरिएको छ। हाम्रो विश्वास छ। शिक्षा केवल विद्यालयको सीमाभित्र सीमित रहने प्रक्रिया होइन, यो जीवनभरि चलिरहने सिकाइको आधार हो। बालमैत्री, समावेशी, सुरक्षित तथा प्रविधिमैत्री सिकाइ वातावरण निर्माण, शिक्षकको क्षमता अभिवृद्धि, अभिभावक तथा समुदायको सक्रिय सहभागिता र उत्तरदायी शासकीय अभ्यासमार्फत शिक्षा क्षेत्रमा दिगो सुधार सम्भव छ।

यस योजनाको सफल कार्यान्वयनका लागि निर्वाचित जनप्रतिनिधि, शिक्षक, अभिभावक, समुदाय, निजी क्षेत्र तथा विकास साझेदार सबै पक्षको सक्रिय सहकार्य र साझा प्रतिबद्धता आवश्यक छ। सामूहिक प्रयास र प्रभावकारी कार्यान्वयनमार्फत हाम्रो गाउँलाई सिकाइमैत्री, समावेशी तथा गुणस्तरीय शिक्षाको नमुना स्थानीय तहका रूपमा विकास गर्ने हाम्रो दृढ संकल्प व्यक्त गर्दछु।

..........................................

भक्त बहादुर कार्की

गाउँपालिका अध्यक्ष

भनाई

शिक्षा मानव विकासको आधारभूत अधिकार मात्र नभई समृद्ध समाज निर्माणको प्रमुख माध्यम हो। स्थानीय सरकारको रूपमा मिक्वाखोला गाउँपालिकाले शिक्षालाई समग्र विकासको मेरुदण्डका रूपमा स्वीकार गर्दै गुणस्तरीय, समावेशी, प्रविधिमैत्री तथा जीवनोपयोगी शिक्षा प्रणालीको विकासलाई उच्च प्राथमिकतामा राखेको छ। यसै सन्दर्भमा गाउँपालिकाको दीर्घकालीन शैक्षिक मार्गचित्रका रूपमा तयार गरिएको शिक्षा योजना अत्यन्त महत्वपूर्ण दस्तावेजका रूपमा रहेको छ।

मिक्वाखोला गाउँपालिकाको भौगोलिक विकटता, विविध सामाजिक-सांस्कृतिक विशेषता तथा स्थानीय आवश्यकतालाई मध्यनजर गर्दै तयार गरिएको यस योजनाले प्रारम्भिक बालविकासदेखि माध्यमिक शिक्षा, प्राविधिक तथा व्यावसायिक शिक्षा, शिक्षक व्यवस्थापन, विद्यालय पूर्वाधार विकास, सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षण सिकाइ, समावेशी शिक्षा, विशेष आवश्यकता भएका बालबालिकाको शिक्षा, छात्रवृत्ति व्यवस्थापन, विद्यालय स्वास्थ्य तथा पोषण, खेलकुद, पुस्तकालय, अनुसन्धान तथा नवप्रवर्तन लगायतका सम्पूर्ण पक्षलाई समेटेको छ। शिक्षाको पहुँच विस्तारसँगै सिकाइ उपलब्धि सुधार, विद्यालयमा विद्यार्थी टिकाइ दर वृद्धि, विद्यालय छोड्ने दर न्यूनीकरण, लैङ्गिक समानता, बालमैत्री तथा सुरक्षित सिकाइ वातावरण निर्माण, स्थानीय पाठ्यक्रम तथा स्थानीय ज्ञान, सीप, संस्कृति र पहिचानको संरक्षण तथा प्रवर्द्धनलाई यस योजनाले विशेष महत्व दिएको छ। साथै, शिक्षालाई रोजगारी, उद्यमशीलता र स्थानीय विकाससँग जोड्ने लक्ष्यसमेत यस योजनामा समावेश गरिएको छ। यस योजनाको प्रभावकारी कार्यान्वयनबाट मिक्वाखोला गाउँपालिकाभित्रका प्रत्येक बालबालिकाले गुणस्तरीय शिक्षाको अवसर प्राप्त गर्ने, विद्यालयहरू थप सक्षम र व्यवस्थित बन्ने तथा शिक्षित, सक्षम र प्रतिस्पर्धी नागरिक उत्पादन हुने विश्वास लिएको छु। योजनामा निर्धारित लक्ष्य हासिल गर्न गाउँपालिका, विद्यालय, शिक्षक, अभिभावक, विद्यार्थी, विद्यालय व्यवस्थापन समिति, विषयगत समितिहरू, विकास साझेदार तथा सम्पूर्ण सरोकारवालाबीचको सहकार्य र प्रतिबद्धता अपरिहार्य रहनेछ।

यस महत्वपूर्ण शिक्षा योजना निर्माणमा प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा योगदान पुऱ्याउनुहुने सम्पूर्ण जनप्रतिनिधि, शिक्षा शाखा, विद्यालय परिवार, विज्ञ समूह तथा सरोकारवाला सबैप्रति हार्दिक आभार व्यक्त गर्दछु। प्रस्तुत योजना मिक्वाखोला गाउँपालिकाको शिक्षा क्षेत्रको दिगो विकास, गुणस्तर अभिवृद्धि तथा समृद्ध भविष्य निर्माणको महत्वपूर्ण आधार बन्ने विश्वास व्यक्त गर्दछु।

..........................................

डण्डु लामा शेर्पा

गाउँपालिका उपाध्यक्ष

भनाई

शिक्षा कुनै पनि राष्ट्र तथा समाजको समग्र विकासको आधारशिला हो। गुणस्तरीय, समावेशी, पहुँचयोग्य तथा जीवनोपयोगी शिक्षाको सुनिश्चिततामार्फत मात्र सक्षम, सिर्जनशील र जिम्मेवार नागरिक उत्पादन गर्न सकिन्छ। स्थानीय सरकारको रूपमा मिक्वाखोला गाउँपालिकाले शिक्षालाई विकासको प्रमुख आधारका रूपमा ग्रहण गर्दै स्थानीय आवश्यकता, सम्भावना र चुनौतीलाई सम्बोधन गर्ने उद्देश्यले यस शिक्षा योजना निर्माण गरेको छ। यस योजनाले गाउँपालिकाको शैक्षिक अवस्थाको वस्तुगत विश्लेषण गर्दै विद्यालय शिक्षा व्यवस्थापन, शैक्षिक गुणस्तर अभिवृद्धि, शिक्षक क्षमता विकास, सूचना प्रविधिमैत्री शिक्षा, समावेशी तथा बालमैत्री सिकाइ वातावरण, प्रारम्भिक बालविकास, प्राविधिक तथा सीपमूलक शिक्षा लगायतका विषयलाई प्राथमिकतामा राखेको छ। यस योजनाले आगामी वर्षहरूमा शिक्षा क्षेत्रको विकासका लागि स्पष्ट मार्गनिर्देशन प्रदान गर्ने विश्वास लिइएको छ।

योजनाको सफल कार्यान्वयनका लागि गाउँपालिका, विद्यालय, शिक्षक, अभिभावक, विद्यार्थी, विद्यालय व्यवस्थापन समिति, जनप्रतिनिधि तथा सरोकारवाला सबै पक्षको सक्रिय सहभागिता र सहकार्य अपरिहार्य रहनेछ। योजनामा निर्धारित लक्ष्य तथा उद्देश्य प्राप्तिका लागि सबै पक्षबाट निरन्तर सहयोग प्राप्त हुने अपेक्षा गरेको छु।

यस महत्वपूर्ण योजना निर्माण प्रक्रियामा प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा योगदान पुऱ्याउनुहुने जनप्रतिनिधि, शिक्षा शाखा, विद्यालय परिवार, विषय विज्ञ, सरोकारवाला निकाय तथा सम्पूर्ण सहभागीहरूलाई हार्दिक धन्यवाद व्यक्त गर्दछु। प्रस्तुत शिक्षा योजनाले मिक्वाखोला गाउँपालिकाको शैक्षिक विकासमा महत्वपूर्ण मार्गदर्शक दस्तावेजको रूपमा कार्य गर्ने विश्वास व्यक्त गर्दछु।

..........................................
विमल गौतम
प्रमुख प्रशासकीय अधिकृत

मिक्वाखोला गाउँपालिका शिक्षा योजना

# विषय सूची

## Table of Contents


योजनाको सारांश .......... X

विषय प्रवेश .......... XI

क) शिक्षा योजना निर्माणको आवश्यकता र औचित्य .......... XI

ख) योजना निर्माण प्रक्रिया .......... XII

ग) योजनाको दस्तावेजको स्वरूप .......... XIII

परिच्छेद १ .......... 1

परिचय .......... 1

१.१ भौगोलिक अवस्थिति .......... 1

१.२ जनसाङ्ख्यिक संरचना .......... 1

१.३ सामाजिक तथा सांस्कृतिक अवस्था .......... 1

१.४ आर्थिक अवस्था .......... 2

१.५ शैक्षिक अवस्था .......... 2

२. सबल पक्षहरु .......... 3

३. शिक्षा क्षेत्रका समस्याहरू .......... 4

४. अवसरहरू .......... 7

५. चुनौतीहरू .......... 7

परिच्छेद २ .......... 8

दूरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण .......... 8

२.१ दूरदृष्टि .......... 8

२.२ लक्ष्य .......... 8

२.३ उदेश्य .......... 8

२.४ रणनीतिहरु .......... 8

२.६ अपेक्षित उपलब्धि .......... 11

२.७ मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण .......... 11

परिच्छेद ३ .......... 13

विद्यालय शिक्षा क्षेत्रका मुख्य उपक्षेत्र .......... 13

३.१ प्रारम्भिक बालविकास र शिक्षा .......... 13

३.१.१ परिचयः .......... 13

३.१.२ वर्तमान अवस्थाः .......... 13

३.१.३ उदेश्यः ....................................................................................................... 14
३.१.४ रणनीतिहरू.......................................................................................................... 14
३.१.५ उपलब्धि, प्रमुख क्रियाकलाप र लक्ष्य निर्धारण..................................................... 15
क. अपेक्षित उपलब्धिः............................................................................................. 15
ख. प्रमुख क्रियाकलापहरू तथा लक्ष्य निर्धारण ........................................................ 16
३.२ आधारभतू शिक्षा.................................................................................................. 18
३.२.१ परिचय................................................................................................................ 18
३.२.२ वर्तमान अवस्था................................................................................................... 18
३.२.३ उद्देश्य................................................................................................................ 19
३.२.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य..................................................... 20
क. उपलब्धि............................................................................................................. 20
ख. प्रमुख क्रियाकलाप र लक्ष्यः............................................................................... 22
३.३ माध्यमिक शिक्षा.................................................................................................. 25
३.३.१ परिचय ............................................................................................................... 25
३.३.२ वर्तमान अवस्था .................................................................................................. 25
३.३.३ उद्देश्य................................................................................................................ 26
३.३.४ रणनीतिहरू .......................................................................................................... 26
*३.३.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य.................................................... 27*
क. उपलब्धि............................................................................................................. 27
ख. प्रमुख क्रियाकलापहरू तथा लक्ष्य निर्धारण ........................................................ 28
३.४ अनौपचारिक शिक्षा तथा आजिवन सिकाई ........................................................... 31
३.४.१ परिचय................................................................................................................ 31
३.४.२ वर्तमान अवस्था................................................................................................... 31
३.४.३ उद्देश्य................................................................................................................ 32
३.४.४ रणनीतिहरू.......................................................................................................... 32
३.४.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य................................................ 33
क. उपलब्धिः............................................................................................................ 33
ख. प्रमुख क्रियाकलाप तथा लक्ष्य............................................................................. 34
परिच्छेद ४ ............................................................................................................... 35
अन्तरसम्बन्धित विषय क्षेत्रहरु................................................................................... 35
४.१ पाठ्यक्रम र मूल्याङ्कन ......................................................................................... 35
४.१.१ परिचय ............................................................................................................... 35
४.१.२ वर्तमान अवस्था .................................................................................................. 35

४.१.३ उद्देश्य ........ 36

४.१.४ रणनीतिहरू ........ 36

४.१.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य ........ 36

उपलब्धिः ........ 36

प्रमुख क्रियाकलापहरू तथा लक्ष्य निर्धारण ........ 37

४.२ शिक्षक व्यवस्थापन र विकास ........ 40

४.२.१ परिचय ........ 40

४.२.२ वर्तमान अवस्था ........ 40

४.२.३ उद्देश्य ........ 40

४.२.४ रणनीतिहरू ........ 41

४.२.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य ........ 41

उपलब्धिः ........ 41

प्रमुख क्रियाकलापहरू तथा लक्ष्य ........ 42

४.३ समता र समावेशीकरण ........ 44

४.३.१ परिचय ........ 44

४.३.२ वर्तमान अवस्था ........ 44

४.३.३ उद्देश्य ........ 44

४.३.४ रणनीतिहरू ........ 45

४.३.५ उपलब्धी, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य ........ 45

उपलब्धिः ........ 45

प्रमुख क्रियाकलाप र लक्ष्य ........ 46

४.४ विद्यालय दिवाखाजा, स्वास्थ्य, पोषण र सरसफाई कार्यक्रम ........ 49

४.४.१ परिचय ........ 49

४.४.२ बर्तमान अवस्था ........ 49

४.४.३ उद्देश्यहरु ........ 49

४.४.४ रणनीतिहरू ........ 49

४.४.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य ........ 50

उपलब्धिः ........ 50

प्रमुख क्रियाकलापहरू तथा लक्ष्य ........ 51

४.५ आपतकालीन अवस्थामा शिक्षा ........ 52

४.५.१ परिचय ........ 52

४.५.२ वर्तमान अवस्था ........ 52

४.५.३ उद्धेश्य ........ 52

४.५.४ रणनीति 52
४.५.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य 53
उपलब्धीः 53
प्रमुख क्रियाकलाप तथा लक्ष्य 54
४.६ विद्यालय भौतिक पूर्वाधार विकास 56
४.६.१ परिचय 56
४.६.२ वर्तमान अवस्था 56
४.६.३ उद्देश्य 56
४.६.४ रणनीतिहरू 57
४.६.५ उपलब्धि, नतिजा तथा प्रमुख क्रियाकलापहरु र लक्ष्य 57
उपलब्धिः 57
प्रमुख क्रियाकलापहरू तथा लक्ष्य 58
४.७ विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधि 59
४.७.१ परिचय 59
४.७.२ वर्तमान अवस्था 59
४.७.३ उद्देश्य 60
४.७.४ रणनीतिहरू 60
४.७.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य 60
उपलब्धिः 60
प्रमुख क्रियाकलापहरू तथा लक्ष्य 61
४.८ विद्यालय सुरक्षा 63
४.८.१ परिचय 63
४.८.२ बर्तमान अवस्था 63
४.८.३ उदेश्य 64
४.८.४ रणनिति 64
४.८.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य 65
क) उपलब्धिः 65
प्रमुख क्रियाकलापहरु र लक्ष्य निर्धारण 66
परिच्छेद ५ 67
विद्यालय सुशासन तथा व्यवस्थापन 67
५.१ संस्थागत क्षमता विकास 67
५.१.१ परिचय 67
५.१.२ वर्तमान अवस्था 68

५.१.३ उद्देश्य.......69
५.१.४ रणनीतिहरू.......69
५.१.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य.......69
उपलब्धिः.......69
प्रमुख क्रियाकलापहरू तथा लक्ष्य.......70
५.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध.......73
५.२.१ परिचय.......73
५.२.२ वर्तमान अवस्थाः.......73
५.२.३ उद्देश्यहरुः.......73
५.२.४ रणनीतिहरू.......74
५.२.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य.......74
उपलब्धिः.......74
प्रमुख क्रियाकलाप र लक्ष्य निर्धारण.......75
५.३ अनुगमन तथा मूल्याङ्कन.......76
५.३.१ परिचय.......76
५.३.२ वर्तमान अवस्था.......76
५.३.३ उद्देश्य.......77
५.३.४ रणनीतिहरू.......77
५.३.५ उपलब्धि, प्रमुख नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य.......77
उपलब्धिः.......77
प्रमुख क्रियाकलाप र लक्ष्यः.......78
परिच्छेद ६.......79
लगानी र स्रोत व्यवस्थापन.......79
६.१ परिचय.......79
६.२ वर्तमान अवस्था.......79
६.३ उद्देश्य.......80
६.४ रणनीतिहरू.......80
६.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य.......81
उपलब्धि.......81
६.६ विद्यालय शिक्षा क्षेत्रगत उपक्षेत्र र अन्तरसम्वन्धित विषय क्षेत्र अन्तर्गतका क्रियाकलापहरुको बजेट विवरण.......82
परिच्छेद ७.......84
कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन, समन्वय र सहजीकरण.......84
७.१ परिचय.......84

सिम्ताहोला गाउँपालिका शिक्षा योजना

७.२ वर्तमान अवस्था ....... 84

७.३ उद्देश्य ....... 85

७.४ रणनीतिहरू ....... 85

७.५ उपलब्धि, प्रमुख नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य ....... 86

उपलब्धिः ....... 86

प्रमुख क्रियाकलाप र लक्ष्यः ....... 86

अनुसूचीहरु ....... 87


सिक्वाखोला गाउँपालिका शिक्षा योजना

# योजनाको सारांश

गाउँ शिक्षा योजना स्थानीय तहभित्रको शिक्षा प्रणालीलाई समावेशी, गुणस्तरीय र दिगो बनाउने उद्देश्यले तयार गरिएको समग्र रणनीतिक दस्तावेज हो। यस योजनाले प्रारम्भिक बालविकासदेखि माध्यमिक तथा वैकल्पिक/आजीवन शिक्षासम्मका कार्यक्रमलाई एकीकृत ढङ्गले समेटेको छ। योजनाको प्रमुख उद्देश्यहरूमा शिक्षामा पहुँच र समता विस्तार, सिकाइ उपलब्धि सुधार, शिक्षक तथा शैक्षिक जनशक्तिको क्षमता अभिवृद्धि, विद्यालय शासन र व्यवस्थापन सुदृढीकरण, प्रविधिको प्रभावकारी उपयोग, तथा सुरक्षित र बालमैत्री वातावरण निर्माण समावेश छन्।

योजना तयार गर्दा तथ्याङ्क विश्लेषण, विद्यालय अवस्था अध्ययन, सरोकारवालासँग परामर्श तथा स्थानीय आवश्यकता पहिचानलाई आधार बनाइएको छ। यसले विद्यालय भर्ना र निरन्तरता, ड्रपआउट न्यूनीकरण, लक्षित समूह (बालिका, दलित, अपाङ्गता भएका बालबालिका, सीमान्तकृत समुदाय) का लागि विशेष कार्यक्रम, तथा औपचारिक/वैकल्पिक शिक्षालाई प्राथमिकता दिएको छ।

कार्यान्वयन रणनीतिमा स्पष्ट लक्ष्य, परिणाम सूचक, वार्षिक कार्ययोजना, जिम्मेवारी बाँडफाँड र अनुगमन-मूल्याङ्कन व्यवस्था समावेश गरिएको छ। स्थानीय स्रोत परिचालन, अन्तर-तह समन्वय, समुदाय सहभागिता र सार्वजनिक निजी साझेदारीलाई जोड दिइएको छ।

समग्रमा, यो शिक्षा योजना स्थानीय तहको शैक्षिक रूपान्तरणका लागि मार्गदर्शक दस्तावेज हो। योजनाको प्रभावकारी कार्यान्वयनले सबै बालबालिकालाई समान अवसर, गुणस्तरीय सिकाइ र जीवनोपयोगी सीप प्रदान गर्दै सामाजिक न्याय र दिगो विकासमा योगदान पुऱ्याउने अपेक्षा गरिएको छ।

# विषय प्रवेश

संविधानतः संघीय शासन प्रणाली कार्यान्वयनसँगै शिक्षा क्षेत्रको योजना, व्यवस्थापन तथा कार्यान्वयनको प्रमुख जिम्मेवारी स्थानीय तहमा निहित भएको छ। नेपालको संविधान २०७२, स्थानीय सरकार सञ्चालन ऐन २०७४ तथा विद्यालय शिक्षा सम्बन्धी विद्यमान कानुनी तथा नीतिगत व्यवस्थाले स्थानीय तहलाई आफ्ना भौगोलिक, सामाजिक, आर्थिक तथा सांस्कृतिक सन्दर्भअनुसार शिक्षा नीति तथा योजना निर्माण गर्ने स्पष्ट अधिकार र दायित्व प्रदान गरेको छ। यस सन्दर्भमा स्थानीय शिक्षा योजना स्थानीय तहको शिक्षा विकासको मार्गदर्शक दस्तावेजका रूपमा अत्यन्तै महत्वपूर्ण मानिन्छ ।

स्थानीय शिक्षा योजना भनेको स्थानीय तहभित्रका बालबालिका, युवा तथा वयस्कहरूको समावेशी, गुणस्तरीय, जीवनोपयोगी र समान पहुँच सुनिश्चित गर्ने उद्देश्यले तयार गरिने दीर्घकालीन तथा मध्यकालीन योजना हो। यस योजनाले प्रारम्भिक बाल विकासदेखि माध्यमिक तह, प्राविधिक तथा व्यवसायिक शिक्षा, अनौपचारिक तथा आजीवन सिकाइसम्मका सबै आयामलाई समेट्दै स्थानीय आवश्यकतामा आधारित लक्ष्य, रणनीति, कार्यक्रम तथा बजेटको स्पष्ट खाका प्रस्तुत गर्दछ । साथै, यसले संघीय तथा प्रदेशस्तरीय शिक्षा नीति, विद्यालय शिक्षा क्षेत्र योजना (SESP) तथा दिगो विकास लक्ष्य (SDG-4) सँग स्थानीय शिक्षा विकासलाई समन्वयात्मक रूपमा अघि बढाउन सहयोग पुऱ्याउँछ ।

स्थानीय शिक्षा योजना निर्माण प्रक्रिया तथ्यमा आधारित, सहभागीमूलक र समावेशी हुनुपर्दछ । यस क्रममा विद्यालय, शिक्षक, अभिभावक, विद्यार्थी, समुदाय, सरोकारवाला निकाय तथा विषयगत विज्ञहरूको सार्थक सहभागिता सुनिश्चित गर्नु आवश्यक हुन्छ । यसले शिक्षा क्षेत्रमा विद्यमान असमानता, पहुँचको समस्या, गुणस्तरका चुनौती, लैङ्गिक तथा सामाजिक समावेशीकरणका सवाल, अपाङ्गता मैत्री पूर्वाधार, डिजिटल शिक्षा, जलवायु परिवर्तन तथा विपद् प्रतिरोधी शिक्षा प्रणाली जस्ता समसामयिक विषयहरूलाई सम्बोधन गर्न सहयोग गर्दछ ।

यसरी तयार गरिने स्थानीय शिक्षा योजनाले स्थानीय तहको शिक्षा क्षेत्रमा लगानीको प्राथमिकता निर्धारण गर्ने, स्रोत साधनको प्रभावकारी परिचालन गर्ने तथा नतिजामूलक कार्यान्वयनलाई सुनिश्चित गर्ने आधार प्रदान गर्दछ । दीर्घकालीन दृष्टि, स्पष्ट लक्ष्य र मापनयोग्य सूचकहरूसहितको स्थानीय शिक्षा योजना मार्फत स्थानीय तहले आफ्ना नागरिकका लागि समावेशी, गुणस्तरीय र दिगो शिक्षा प्रणाली निर्माणतर्फ ठोस कदम चाल्न सक्नेछ ।

## क) शिक्षा योजना निर्माणको आवश्यकता र औचित्य

शिक्षा सामाजिक, आर्थिक तथा मानवीय विकासको आधारस्तम्भ हो । गुणस्तरीय, समावेशी र जीवनोपयोगी शिक्षा बिना दिगो विकास सम्भव हुँदैन । संघीय शासन प्रणाली कार्यान्वयनसँगै शिक्षा क्षेत्रको योजना, व्यवस्थापन तथा सेवा प्रवाहको महत्वपूर्ण जिम्मेवारी स्थानीय तहमा हस्तान्तरण भएको सन्दर्भमा शिक्षा योजना निर्माणको आवश्यकता र औचित्य झनै बढेको छ । स्पष्ट दृष्टि, लक्ष्य र रणनीतिबिना सञ्चालन गरिने शैक्षिक कार्यक्रमहरू अपेक्षित नतिजा दिन नसक्ने हुँदा व्यवस्थित शिक्षा योजना अपरिहार्य भएको छ ।

शिक्षा योजना निर्माणको प्रमुख आवश्यकता स्थानीय सन्दर्भ, आवश्यकता र प्राथमिकताका आधारमा शिक्षा विकासलाई अगाडि बढाउनु हो । देशभर शिक्षा क्षेत्रमा भौगोलिक, सामाजिक, आर्थिक तथा सांस्कृतिक विविधता विद्यमान छ । एकै किसिमको नीति र कार्यक्रमले सबै स्थानका समस्या समाधान गर्न नसक्ने भएकाले स्थानीय

तथ्याङ्क, विद्यालयको अवस्था, सिकाइ उपलब्धि, पहुँच र निरन्तरताको अवस्था, शिक्षक व्यवस्थापन, पूर्वाधार तथा स्रोत साधनको यथार्थ मूल्याङ्कनका आधारमा शिक्षा योजना तयार गर्नु आवश्यक हुन्छ । यसले स्थानीय समस्यालाई पहिचान गरी समाधानमुखी हस्तक्षेप सुनिश्चित गर्दछ ।

शिक्षा योजना निर्माणको अर्को महत्वपूर्ण औचित्य सीमित स्रोत साधनको प्रभावकारी र पारदर्शी उपयोग हो । शिक्षा क्षेत्रमा लगानी बढ्दै गए तापनि स्रोतको सही प्राथमिकता निर्धारण हुन नसक्दा अपेक्षित उपलब्धि हासिल हुन सकेको छैन । शिक्षा योजनाले स्पष्ट प्राथमिकता, कार्यक्रम र बजेटबीचको अन्तरसम्बन्ध स्थापित गरी स्रोतको दोहोरोपन घटाउने र नतिजामूलक लगानी सुनिश्चित गर्ने आधार प्रदान गर्दछ । साथै, यसले विकास साझेदार तथा अन्य सरोकारवालासँग समन्वय र सहकार्य गर्न सहज बनाउँछ ।

समावेशीता, समानता र सामाजिक न्याय प्रवर्द्धन गर्नु पनि शिक्षा योजना निर्माणको प्रमुख औचित्य हो । बालबालिकाको पहुँचबाहिर रहने अवस्था, लैङ्गिक विभेद, जातीय तथा सामाजिक बहिष्करण, अपाङ्गता, गरिबी र भौगोलिक कठिनाइका कारण सिर्जित असमानतालाई सम्बोधन गर्न लक्षित रणनीति आवश्यक हुन्छ । शिक्षा योजनाले GESI उत्तरदायी कार्यक्रमहरू समावेश गरी पछाडि परेका तथा जोखिममा रहेका समूहको शिक्षामा पहुँच, सहभागिता र सिकाइ उपलब्धि सुधार गर्न सहयोग पुऱ्याउँछ ।

त्यसैगरी, शिक्षा योजनाले शिक्षा प्रणालीको गुणस्तर सुधार र दिगोपन सुनिश्चित गर्दछ । शिक्षकको पेशागत विकास, पाठ्यक्रम कार्यान्वयन, शिक्षण-सिकाइ प्रक्रिया, परीक्षा तथा मूल्याङ्कन प्रणाली, डिजिटल शिक्षा र नवप्रवर्तनलाई योजनाबद्ध रूपमा अघि बढाउन शिक्षा योजना आवश्यक हुन्छ । साथै जलवायु परिवर्तन, विपद् जोखिम न्यूनीकरण र आपत्कालीन अवस्थामै पनि सिकाइ निरन्तरता कायम राख्ने शिक्षा प्रणाली निर्माणका लागि दीर्घकालीन सोच र तयारी शिक्षा योजनामार्फत मात्र सम्भव हुन्छ ।

यसरी, शिक्षा योजना निर्माण स्थानीयदेखि राष्ट्रिय लक्ष्यसम्मको सेतुका रूपमा कार्य गर्दछ । यसले विद्यालय शिक्षा क्षेत्र योजना (SESP), दिगो विकास लक्ष्य (SDG-4) तथा राष्ट्रिय शिक्षा नीतिसँग स्थानीय शिक्षा विकासलाई समन्वय गर्दै उत्तरदायी, प्रभावकारी र परिणाममुखी शिक्षा प्रणाली निर्माण गर्न स्पष्ट दिशा प्रदान गर्दछ । त्यसैले, गुणस्तरीय, समावेशी र दिगो शिक्षा सुनिश्चित गर्न शिक्षा योजना निर्माण आवश्यक मात्र नभई अत्यन्त औचित्यपूर्ण कार्य हो ।

### ख) योजना निर्माण प्रक्रिया

शिक्षा योजना निर्माण गर्दाका देहाय बमोजिमका सामग्रीहरूलाई आधार लिएर योजना निर्माण गरिएको थियो ।

क) नेपालको संविधान

ख) सोह्रौं आवधिक योजना

ग) स्थानीय सरकार सञ्चालन ऐन २०७४

घ) सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन २०७७

ङ) राष्ट्रिय/प्रादेशिक/स्थानीय तहको दीर्घकालीन सोच

च) अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५ लगायत विद्यमान विद्यालय शिक्षासम्बन्धी ऐन, नियमावली

छ) विद्यालय शिक्षा क्षेत्र योजना

ज) राष्ट्रिय शिक्षा नीति २०७६,

झ) दिगो विकास लक्ष्य

ञ) स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८

ट) स्थानीय तहको मध्यकालिन खर्च संरचना

ठ) राष्ट्रिय जनगणनाको प्रतिवेदन २०७८

ड) राजनीतिक दलको घोषणापत्र

ढ) विद्यालय सुधार योजना र अन्य सरकारी र गैरसरकारी सङ्घसंस्थाका शिक्षासम्बन्धी कार्यक्रम आदि

त्यसै गरी योजना निर्माणको क्रममा देहाय बमोजिमका प्रक्रियाहरू अवलम्वन गरिएको थियो ।

क) कार्यपालिकाको बैठकको निर्णय

ख) योजना निर्माण समितिको गठन

ग) योजना निर्माण कार्यदल गठन

घ) सरोकारवालाहरुको भेलाको उपस्थिति र निर्णय

ङ) प्रथम मस्यौदा तयारी

च) योजनाको अन्तिम रुप

छ) योजनाको मूल्यांकन

ज) योजनाको स्वीकृति र कार्यान्वयनको अवस्था

## ग) योजनाको दस्तावेजको स्वरूप

यस योजनाको पहिलो परिच्छेदमा स्थानीय तहको पृष्ठभूमि, शिक्षा क्षेत्रका समस्याहरु चुनौतीहरु र अवसरहरु उल्लेख गरिएको छ । दोस्रो परिच्छेदमा यस योजनाका दूरदृष्टि, ध्येय, उद्देश्य तथा रणनीतिहरू र प्रमुख अपेक्षित उपलब्धिहरु प्रस्तुत गरिएको छ ।

परिच्छेद तीनमा विद्यालय क्षेत्रका विभिन्न उपक्षेत्रगत योजनाका खाका समावेश गरिएको छ । यसमा समावेश गरिएका उपक्षेत्रहरूमा प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ रहेका छन् । परिच्छेद चारमा विद्यालय शिक्षाका विभिन्न अन्तरसम्बन्धित विषय क्षेत्रहरू समावेश गरिएको छ । यसमा समावेश गरिएका अन्तरसम्बन्धित विषयहरूमा पाठ्यक्रम तथा मूल्याङ्कन, शिक्षक व्यवस्थापन र विकास, समता तथा समावेशीकरण, स्वास्थ्य, पोषण तथा दिवा खाजा, आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षा, विद्यालय भौतिक विकास र शिक्षामा सूचना तथा सञ्चार प्रविधि रहेका छन् ।

परिच्छेद पाँचमा विद्यालय सुशासन तथा व्यवस्थापन अन्तर्गत आवश्यक संस्थागत संरचना तथा क्षमता विकास, योजना कार्यान्वयनको समग्र व्यवस्था र अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीका समावेश गरिएको छ । परिच्छेद ६ मा योजनाका लागि लगानी र स्रोत व्यवस्थापन के कसरी गर्ने भन्ने विषय प्रस्तुत गरिएको छ । परिच्छेद सातमा योजनाको कार्यान्वयनबाट अपेक्षा गरिएका समग्र नतिजाहरू र मुख्य मुख्य सूचकहरु उल्लेख गरिएको छ ।

# परिच्छेद १
# परिचय

## १.१ भौगोलिक अवस्थिति

नेपालको सुदुर पूर्वी सिमानामा साविकमा मेची अञ्चल अन्तर्गतका चार जिल्लाहरु मध्ये र हाल कोशी प्रदेशका १४ जिल्लामध्ये भारत र चीन दुबै देशसँग सीमाना गाँसिएको जिल्ला ताप्लेजुङको पश्चिमी भूभागमा चार गा.वि.स. हरु खोक्लिङ, लिवाङ, साँवा र पापुङको संयोजन भई हाल मिति २०७३/११/२७ गते गठित स्थानीय तहको रुपमा मिक्वाखोला गाउँपालिका एक रहेको छ । पौराणिक कालमा तिब्बतबाट आएका एक युवतीको आँसुबाट खोला बनेको र स्थानीय लिम्बु भाषामा मिक्वाको अर्थ आँसु भएकाले यस ठाउँको नामाकरण मिक्वाखोला रहन गएको जनश्रुति रहेको छ । मिक्वाखोला कालखण्डसँगै मेवा खोलाको नामले चिनिन थालेको भएतापनि राज्य पुनर्संरचनाको क्रममा मेवा खोलालाई पुनः मिक्वाखोला नामाकरण गरी यसै ऐतिहासिकतालाई मध्यनजर गर्दै मिक्वाखोला गाउँपालिका भनी नामाकरण गरिएको हो। भौगोलिक रुपमा बिकट र दुर्गम भए तापनि मिक्वाखोला गाउँपालिकाको पर्यटकीय, व्यवसायिक, वातावरणीय कृषि , पशुपालन लगायतका विभिन्न बहुआयामिक पक्षहरुबाट महत्वपूर्ण पहिचान रहेको छ । मिक्वाखोला गाउँपालिका अलैंची खेती, अवलोकन भ्रमण र जडिबुटी संकलनको दृष्टिकोणबाट महत्वपूर्ण सम्भावना बोकेको क्षेत्र हो । यस गाउँपालिकामा नेपालकै १०० गन्तव्य सूचिमा समावेश भएको फुङफुङे झरना पर्यटकीय क्षेत्र रहेको छ ।अन्य पर्यटकीय क्षेत्रहरु लोदेन क्षेत्र, तौक्पेगोला, सोदुपोखरी, भूतपोखरी, लामपोखरी, हाँसपोखरी जस्ता पर्यटकीय स्थलहरु रहेका छन् ।गाउँपालिकाले स्थानीयलाई पर्यटनसँग जोड्ने उद्देश्यले होमस्टे प्रवर्द्धन, सिप विकास तालिम र आन्तरिक पर्यटन कार्यक्रम सञ्चालन गर्दै आएको छ । 'फुङ्फुङे झरना, तोक्पेगोला लगायतका पर्यटकीय क्षेत्रको पहिचान, पहुँच विस्तार र पूर्वाधार निर्माणमा गाउँपालिकाले लगानी समेत गरिरहेको छ ।

## १.२ जनसाङ्ख्यिक संरचना

राष्ट्रिय जनगणना २०७८ अनुसार कुल जनसंख्या ७,९६४ रहेको छ। महिला ५०.४% र पुरुष ४९.६% छन्। वडागत रुपमा वडा नं १ मा १५२७, वडा नं २ मा १५०६, वडा नं ३ मा १४६६, वडा नं ४ मा २३५४ र वडा नं ५ मा ११११ जनसंख्या रहेको छ ।

## १.३ सामाजिक तथा सांस्कृतिक अवस्था

सामाजिक तथा सांस्कृतिक दृष्टिले मिक्वाखोला गाउँपालिका ऐतिहासिक महत्व बोकेको क्षेत्र हो।वडा नं. ५ मा प्राचीन बस्ती संरचना र परम्परागत शेर्पा जाति तथा संस्कृतिको प्रभाव स्पष्ट देखिन्छ।यहाँ विशेष गरी शेर्पा समुदायको उल्लेखनीय उपस्थिति रहेको छ, साथै वडा नं ३ र ४ मा शेर्पा, लिम्बु, जातिको बसोबास उल्लेख्य छ भने वडा नं १ र २ मा शेर्पा, लिम्बु, ब्राह्मण, क्षेत्री, तामाङ, मगर, गुरुङ लगायत विभिन्न जातजातिहरूको सहअस्तित्व पाइन्छ। विविध भाषा, धर्म र परम्पराहरूले यहाँको सामाजिक बनावटलाई समृद्ध बनाएका छन्।धार्मिक तथा सांस्कृतिक पर्व, उत्सवहरू जस्तै उधौली, उभौली, ल्होसार, दशैं, तिहार आदि सामूहिक रूपमा मनाइन्छन्, जसले सामाजिक सद्भाव र सहकार्यको भावना बलियो बनाउँछ। शहरीकरण र बाह्य अस्थायी बसोबासका कारण कारण सांस्कृतिक मिश्रण बढ्दै गएको छ, जसले आधुनिकता र परम्पराको संयोजनलाई देखाउँछ।

मिक्वाखोला गाउँपालिकाको सामाजिक तथा सांस्कृतिक अवस्था विविधतायुक्त र गतिशील छ। उच्च साक्षरता, बहुजातीय संरचना र ऐतिहासिक पहिचान यसको मुख्य विशेषता हुन्। तर तीव्र शहरीकरण, सांस्कृतिक क्षयको जोखिम र सामाजिक असमानता जस्ता चुनौतीहरू पनि देखिन्छन्। तसर्थ, समावेशी विकास नीति, सांस्कृतिक संरक्षण कार्यक्रम र लैङ्गिक समानतामा केन्द्रित पहलहरू आवश्यक देखिन्छन्।

## १.४ आर्थिक अवस्था

मिक्वाखोला गाउँपालिका ग्रामिण क्षेत्र भएकाले यसको अर्थतन्त्र मुख्यतः कृषि, पशुपालन, व्यापार, जडिबुट्टी उत्पादन क्षेत्रमा केन्द्रित रहेको छ। भौगोलिक विकटताकाका कारण यहाँ घरजग्गा कारोबार, होटल तथा रेष्टुरेन्ट व्यवसाय, यातायात सेवा, निजी शैक्षिक संस्था, बैंक तथा वित्तीय संस्थाहरूको विस्तार कमै मात्र भएको छ। परम्परागत कृषि गतिविधिमा केही आधुनिकिकरण हुँदै गएको छ र विभिन्न कृषि औजारहरुको व्यवस्थापनका लागि गाउँपालिकाको कार्यालयले सहयोग गर्दै आएको छ । मानिसहरु शहरी क्षेत्र केन्द्रित हुन थालेकाले कृषि जमिन घट्दै तथा बाँझिदै गएको छ र अर्थतन्त्रको मुख्य आधार नै घट्दै गएको छ ।

मिक्वाखोला गाउँपालिकाको आर्थिक अवस्था अवसर र चुनौती दुवै पक्षबाट प्रभावित छ। एकातर्फ कृषि जमिनको उपलब्धता र कृषि क्षेत्रमा संगठित व्यक्तिहरुको संलग्नता, पशुपालनको सम्भाव्यता, रोजगारी का लागि जलविद्युत आयोजनाहरुको सिमित रुपमा उपलब्धता र उद्यमशीलताका क्षेत्रहरुले आर्थिक विकासको सम्भावना बढाएको छ भने अर्कोतर्फ असंगठित श्रम बजार, सीप र बजार मागबीच असन्तुलन तथा आय असमानता जस्ता समस्या विद्यमान छन्। तीव्र र केही हदसम्म अव्यवस्थित शहरीकरणले दीर्घकालीन आर्थिक योजना र दिगोपनामा असर पार्न सक्ने जोखिम पनि देखिन्छ। त्यसैले स्थानीय सरकारले सीपमूलक तथा प्राविधिक शिक्षा प्रवर्द्धन, साना तथा मझौला उद्यम विकास, महिला तथा युवामुखी उद्यमशीलता कार्यक्रम सञ्चालन र उत्पादनमुखी क्षेत्र विस्तारमा विशेष ध्यान दिन आवश्यक देखिन्छ। व्यवस्थित शहरी योजना, दिगो पूर्वाधार विकास र स्थानीय स्रोतसाधनको अधिकतम उपयोग गर्न सके मिक्वाखोला गाउँपालिकाको अर्थतन्त्रलाई थप सबल, समावेशी र प्रतिस्पर्धात्मक बनाउन सकिन्छ।

यस गाउँपालिकाको प्रमुख पर्यटकीय क्षेत्रको रुपमा फुङफुङे झरना, लोदेन क्षेत्र, तोक्पेगोला क्षेत्र रहेका छन् । यस क्षेत्र भएर बग्ने प्रमुख नदीहरुमा तमोर र मेवाखोला रहेका छन्। त्यसैगरी, मुख्य पोखरीहरुमा सोदुपोखरी, भूत पोखरी, ओत्रोक्मा पोखरी लगायत गाउँपालिका क्षेत्र भरीमा करिब ३५ ओटा भन्दा बढी पोखरीहरु रहेका छन् । मिक्वाखोला गाउँपालिकाले पर्यटन प्रवर्द्धन गर्नका लागि समुन्द्र सतहदेखि चार हजार मिटर भन्दा माथि रहेको लोदन क्षेत्रमा गोठस्टेका लागि सञ्चालन गर्न बजेटको व्यवस्था गरिएको समेत अवस्था छ ।

## १.५ शैक्षिक अवस्था

मिक्वाखोला गाउँपालिका ग्रामिण क्षेत्र भएकाले यहाँको शैक्षिक अवस्था संरचनागत विस्तार र गुणस्तर सुधारको संक्रमण रहेको देखिन्छ। गाउँपालिकामा जम्मा २९ वटा सामुदायिक विद्यालय रहेको छ । जसमा १-१२ सम्म सञ्चालित २ वटा, १-१० सम्म सञ्चालित २ वटा, १-८ सम्म सञ्चालित २ वटा , १-६ सम्म सञ्चालित २ वटा, १-५ सम्म सञ्चालित १८ वटा, १-३ सम्म सञ्चालित ३ वटा र १ सामुदायिक सिकाइ केन्द्र सञ्चालनमा हुनु शिक्षामा पहुँचको दृष्टिले सकारात्मक आधार हो। यसले आधारभूत तथा माध्यमिक तहसम्मको शैक्षिक पहुँच सुनिश्चित गर्न सहयोग पुगेको देखिन्छ। तर बढ्दो जनसंख्या र शहरीकरणको दबाबका कारण विद्यालय भवन, कक्षा कोठा, खेलमैदान तथा प्रयोगशाला जस्ता भौतिक पूर्वाधार सबै विद्यालयमा समान रूपमा पर्याप्त छैनन् भन्ने संकेत पाइन्छ।

गाउँपालिकाले आफ्नो शिक्षा नीतिमा **शत प्रतिशत भर्ना दर** पुऱ्याउने र विद्यालय बाहिर रहेका बालबालिकाहरूलाई शिक्षाको मूल प्रवाहमा ल्याउने लक्ष्य राखेको छ ।

शिक्षक व्यवस्थापनका दृष्टिले विषयगत शिक्षक अभाव प्रमुख चुनौतीका रूपमा देखिएको छ, विशेष गरी विज्ञान, गणित र अंग्रेजी जस्ता विषयमा। यसले सिकाइ उपलब्धिमा प्रत्यक्ष प्रभाव पार्न सक्छ। महिला शिक्षकहरूको नेतृत्व विकास तालिम र अनुसन्धान प्रवर्द्धनका कार्यक्रम सकारात्मक पहल भए पनि तिनको प्रभावकारिता विद्यालयस्तरमा देखिन निरन्तर अनुगमन आवश्यक छ।

विद्यार्थी भर्ना दर सन्तोषजनक भए पनि केही बालबालिका विद्यालय कहिल्यै नगएका वा बीचैमा छोड्ने समस्या कायम छ। गरिबी, पारिवारिक अवस्था, बसाइँसराइ र सिकाइप्रतिको अभिरुचि जस्ता कारणले ड्रपआउट दर प्रभावित हुन सक्छ। "भर्ना शतप्रतिशत" र "ड्रपआउट शून्य" लक्ष्य हासिल गर्न सामाजिक परिचालन, छात्रवृत्ति, दिवा खाजा तथा पोसाक कार्यक्रमलाई थप प्रभावकारी बनाउनु आवश्यक देखिन्छ। सिकाइ उपलब्धि सुधारका लागि शिक्षक क्षमता, नियमित मूल्याङ्कन प्रणाली र प्रविधि एकीकरण अपरिहार्य छन्।

लैङ्गिक तथा सामाजिक समावेशीकरणका सन्दर्भमा कुल साक्षरता दर उच्च भए पनि पुरुष र महिलाबीचको अन्तरले समान अवसर सुनिश्चित गर्न अझै प्रयास आवश्यक रहेको देखाउँछ। अपाङ्गता भएका विद्यार्थी, दलित तथा सीमान्तकृत समूहलाई छात्रवृत्ति, विशेष शिक्षण सामग्री र समावेशी पूर्वाधार उपलब्ध गराउने नीति सकारात्मक छ। शारीरिक, दृष्टि, श्रवण वा अटिजम जस्ता विभिन्न प्रकृतिका अपाङ्गताअनुसार सहयोगको व्यवस्था गर्ने योजना समावेशी शिक्षाको गुणस्तर अभिवृद्धिका लागि महत्वपूर्ण आधार हो।

वातावरणमैत्री तथा बालमैत्री पूर्वाधार निर्माण, सुरक्षित खानेपानी, समावेशी शौचालय र हरित विद्यालय अवधारणा लागू गर्ने प्रयासले सिकाइ वातावरण सुधारतर्फ संकेत गर्दछ। तर सबै विद्यालयमा आधुनिक प्रयोगशाला, कम्प्युटर ल्याब र इन्टरनेट सुविधा उपलब्ध नभएकाले प्रविधिमा असमानता देखिन्छ।

शिक्षा क्षेत्रमा बजेट वृद्धि, स्मार्ट प्रविधि प्रयोग, प्राविधिक तथा व्यावसायिक शिक्षा विस्तार र निजी क्षेत्रसँग साझेदारी गर्ने नीति दीर्घकालीन रूपमा सकारात्मक सम्भावना बोकेको छ। यदि यी कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन गरिए भने सिकाइ उपलब्धि सुधार, रोजगारीसँग शिक्षा जोड्ने अवसर र समावेशी गुणस्तरीय शिक्षा प्रणाली विकास हुने सम्भावना उच्च देखिन्छ।

## २. सबल पक्षहरु

मिक्वाखोला गाउँपालिकाले शिक्षा क्षेत्रमा उल्लेखनीय सकारात्मक तथा असल अभ्यासहरू कार्यान्वयनमा ल्याएको देखिन्छ। स्थानीय सरकार सञ्चालन ऐनले प्रदान गरेको अधिकारको प्रभावकारी उपयोग गर्दै आधारभूत तथा माध्यमिक शिक्षालाई निःशुल्क र अनिवार्य बनाउने दिशामा विद्यार्थी भर्ना अभियान, विशेष छात्रवृत्ति कार्यक्रम, दिवा खाजा तथा विद्यालय पोसाक वितरण जस्ता लक्षित कार्यक्रम सञ्चालन गरिएका छन्। यी कार्यक्रमहरूले गरिब, विपन्न तथा सीमान्तकृत परिवारका बालबालिकालाई विद्यालयमा टिकाइ राख्न महत्वपूर्ण योगदान पुऱ्याएका छन् । सुरक्षित खानेपानी, समावेशी शौचालय र हरित परिसर निर्माणले विद्यालयलाई सिकाइअनुकूल बनाउने दिशामा सकारात्मक परिणाम देखाउन थालेको छ।

शैक्षिक गुणस्तर अभिवृद्धिका लागि प्रविधि एकीकरणमा विशेष ध्यान दिइएको छ। स्मार्ट बोर्ड, कम्प्युटर ल्याब, विज्ञान प्रयोगशाला विस्तार, इन्टरनेट जडान तथा डिजिटल सामग्रीको प्रयोगले आधुनिक शिक्षण सिकाइ प्रक्रिया

प्रवर्द्धन गरेको छ। "एक विद्यालय एक स्वास्थ्यकर्मी" र "एक विद्यालय एक मनोसामाजिक परामर्शदाता" जस्ता अभ्यासहरूको अवधारणा विकास गरि विद्यार्थीको शारीरिक तथा मानसिक स्वास्थ्यलाई पनि शिक्षा प्रणालीको अभिन्न अंगका रूपमा स्वीकार गर्नुपर्ने देखिन्छ, जसले समग्र सिकाइ उपलब्धिमा सकारात्मक प्रभाव पार्ने अपेक्षा गरिएको छ।

समावेशी शिक्षाको क्षेत्रमा महिला, अपाङ्गता भएका व्यक्ति, दलित तथा अन्य सीमान्तकृत समूहलाई विशेष प्राथमिकता दिइएको छ। अपाङ्गताका प्रकृतिअनुसार सहायक सामग्री, छात्रवृत्ति तथा आवश्यक सहयोग उपलब्ध गराउने व्यवस्था गरिएको छ। महिला शिक्षकहरूको नेतृत्व विकास तालिमले विद्यालय व्यवस्थापन र शैक्षिक नेतृत्वमा लैङ्गिक सन्तुलन कायम गर्न सहयोग पुऱ्याएको छ।

यसका अतिरिक्त, सामुदायिक सिकाइ केन्द्रको सक्रियता बढाई वयस्क साक्षरता, निरन्तर शिक्षा र जीवनोपयोगी सीप विकास कार्यक्रम सञ्चालन गरिएको छ। विद्यालयस्तरमा नियमित शैक्षिक अनुगमन, उपलब्धि परीक्षण, अभिभावक शिक्षक अन्तरक्रिया, अतिरिक्त क्रियाकलाप, प्रतिभा पहिचान कार्यक्रमहरू सञ्चालन गरी सिकाइ उपलब्धि सुधारमा ध्यान दिइएको छ। प्राविधिक तथा व्यावसायिक शिक्षा विस्तार गरी युवाहरूलाई स्वरोजगार र उद्यमशीलतातर्फ उन्मुख गराउने पहल पनि अघि बढाइएको छ।

समग्रमा, मिक्वाखोला गाउँपालिकाले शिक्षामा पहुँच, गुणस्तर, समावेशीकरण र दिगोपनालाई एकसाथ सम्बोधन गर्ने प्रयास गरेको देखिन्छ। यदि यी कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन, निरन्तर अनुगमन र स्रोत व्यवस्थापन सुनिश्चित गर्न सकियो भने स्थानीय स्तरमै गुणस्तरीय र समावेशी शिक्षा प्रणाली विकासको नमुना स्थापित हुनसक्ने सम्भावना प्रबल रहेको छ।

## ३. शिक्षा क्षेत्रका समस्याहरू

मिक्वाखोला गाउँपालिकाको शिक्षा क्षेत्रका विद्यमान समस्याहरूलाई देहाय बमोजिम विश्लेषण गरिएको छ।

### क) समतामूलक पहुँच र सहभागिता

विद्यालय भर्ना दर सन्तोषजनक भए पनि भौगोलिक विकटता, गरिबी, पारिवारिक अवस्था, बसाइँसराइ र चेतनाको अभावका कारण केही बालबालिकाहरू बीचैमा विद्यालय छोड्ने समस्या कायम छ। अपाङ्गता भएका, दलित, सीमान्तकृत तथा कठिन परिवेशमा रहेका बालबालिकालाई शिक्षाको मूल प्रवाहमा अर्थपूर्ण सहभागिता गराउनु अझै चुनौतीपूर्ण छ। अभिभावक शिक्षाको अभावले घर—विद्यालय समन्वय कमजोर भएको देखिन्छ। समतामूलक पहुँच सुनिश्चित गर्न लक्षित सहयोग, सामाजिक परिचालन र अभिभावक सशक्तीकरण कार्यक्रमलाई सुदृढ बनाउनु आवश्यक छ।

### ख) गुणस्तर र सान्दर्भिकता

मिक्वाखोला गाउँपालिकामा आधारभूत तथा माध्यमिक तहको शिक्षामा पहुँच क्रमशः विस्तार हुँदै गए तापनि शिक्षाको गुणस्तर र सान्दर्भिकता सम्बन्धी केही महत्वपूर्ण चुनौतीहरू अझै विद्यमान छन्। विद्यालयहरूमा भौतिक पूर्वाधार, सिकाइ सामग्री तथा प्रविधिको पर्याप्त व्यवस्था नभएका कारण शिक्षण-सिकाइ प्रक्रिया अपेक्षित रूपमा

प्रभावकारी हुन सकेको छैन। विशेष गरी दुर्गम भौगोलिक अवस्थिति, यातायातको कठिनाइ र स्रोत-साधनको सीमितताले शिक्षाको गुणस्तर सुधारमा चुनौती थपेको देखिन्छ।

विद्यालयहरूमा विषयगत दक्ष शिक्षकको अभाव, शिक्षक तालिम तथा पेशागत क्षमता विकासका अवसरको कमीले पनि शिक्षण सिकाइ प्रक्रियामा प्रत्यक्ष प्रभाव पारेको छ। साथै विद्यार्थीको सिकाइ उपलब्धि अपेक्षाकृत कमजोर देखिनु, नियमित मूल्याङ्कन प्रणाली प्रभावकारी रूपमा लागू हुन नसक्नु तथा प्रयोगात्मक र व्यवहारिक शिक्षामा कम जोड दिइनु जस्ता समस्या देखिएका छन्।

अर्कोतर्फ, वर्तमान शिक्षा प्रणाली स्थानीय आवश्यकतासँग पूर्ण रूपमा सान्दर्भिक बन्न नसकेको अवस्था पनि देखिन्छ। मिक्वाखोला गाउँपालिका कृषि, जडीबुटी, पर्यटन तथा स्थानीय सीप—संस्कृतिको दृष्टिले सम्भावनायुक्त क्षेत्र भए तापनि विद्यालय तहको पाठ्यक्रममा यी विषयहरू पर्याप्त रूपमा समावेश हुन सकेका छैनन्। यसले गर्दा विद्यार्थीहरूले स्थानीय स्तरमै रोजगारी वा उद्यमशीलतासँग जोडिने सीप हासिल गर्न कठिनाइ भइरहेको छ। शिक्षण सिकाइ प्रक्रियामा परम्परागत घोकन्ते पद्धतिको प्रभाव अझै देखिन्छ। विद्यार्थी केन्द्रित, खोजमूलक र प्रयोगात्मक शिक्षण अभ्यास सीमित छन्। विज्ञान तथा प्रविधि विषयमा प्रयोगात्मक अभ्यास र अनुसन्धान संस्कृति विकास हुन नसक्दा सिकाइ सैद्धान्तिक रूपमा सीमित भएको छ। स्थानीय सन्दर्भ समेट्ने पाठ्यक्रम विकासमा ढिलाइ हुँदा शिक्षा र स्थानीय आवश्यकता बीचको सम्बन्ध कमजोर भएको देखिन्छ। यसले जीवनोपयोगी सीप विकासमा चुनौती सिर्जना गरेको छ।

त्यसैगरी, सूचना प्रविधिमा आधारित शिक्षण प्रणाली, डिजिटल सामग्रीको प्रयोग तथा व्यावहारिक तथा सीपमूलक शिक्षामा पर्याप्त ध्यान दिन नसक्दा शिक्षा प्रणाली समयानुकूल र प्रतिस्पर्धी बन्न चुनौतीपूर्ण देखिएको छ। विद्यालय र समुदायबीचको सहकार्य, अभिभावकको सक्रिय सहभागिता तथा शैक्षिक अनुगमन प्रणालीलाई अझ प्रभावकारी बनाउने आवश्यकता पनि महसुस गरिएको छ।

यस सन्दर्भमा मिक्वाखोला गाउँपालिकाले शिक्षाको गुणस्तर अभिवृद्धि गर्न शिक्षक क्षमता विकास, प्रविधिमैत्री शिक्षण, स्थानीय पाठ्यक्रम विकास, सीपमूलक तथा रोजगारमुखी शिक्षा प्रवर्द्धन, तथा विद्यालय व्यवस्थापन सुदृढीकरण जस्ता कार्यक्रमहरूलाई प्राथमिकतामा राखी कार्यान्वयन गर्न आवश्यक देखिन्छ। यसबाट शिक्षालाई स्थानीय आवश्यकता, सम्भावना र भविष्यको रोजगारीसँग जोड्दै गुणस्तरीय तथा सान्दर्भिक शिक्षा सुनिश्चित गर्न सहयोग पुग्ने अपेक्षा गरिएको ।

**ग) शिक्षक व्यवस्थापन**

विद्यार्थी सङ्ख्याको अनुपातमा विषयगत शिक्षक दरबन्दी पर्याप्त छैन। विशेषगरी विज्ञान, गणित र अंग्रेजी विषयमा दक्ष शिक्षक अभावले सिकाइ उपलब्धिमा प्रत्यक्ष असर पारेको छ। भौगोलिक रुपमा दुर्गम क्षेत्र रहेकाले शिक्षक टिकाउन समस्या रहेको छ । यसका लागि स्थानीय तहले दुर्गम तथा स्थानीय भत्ता, प्रोत्साहन भत्ता उपलब्ध गराएर शिक्षकलाई यस ठाउँमा अध्यापन गराइराख्नका लागि प्रेरित गर्न सकिन्छ ।शिक्षकहरूको निरन्तर पेशागत विकास, प्रविधि—मैत्री तालिम र समावेशी शिक्षण रणनीतिसम्बन्धी कार्यक्रम अपर्याप्त छन्। शिक्षा क्षेत्रमा राजनीतिक

हस्तक्षेप र नियुक्ति प्रक्रियामा हुने विवादले स्थायित्व र पेशागत मनोबलमा नकारात्मक प्रभाव पार्ने सम्भावना देखिन्छ।

### घ) भौतिक पूर्वाधार

मिक्वाखोला गाउँपालिकाका विद्यालयहरूमा शैक्षिक पहुँच विस्तार हुँदै गए पनि भौतिक पूर्वाधारको अभाव शिक्षा क्षेत्रको महत्वपूर्ण समस्याका रूपमा देखिएको छ। छ। धेरै विद्यालयहरूमा स्वच्छ खानेपानी, समावेशी शौचालय, सुरक्षित भवन, पुस्तकालय र पर्याप्त फर्निचर जस्ता आधारभूत सुविधा अझै अपर्याप्त छन्। कतिपय भवनहरू जीर्ण अवस्थामा रहेकाले विद्यार्थीको सुरक्षामा जोखिम देखिन्छ। आधुनिक शिक्षणका लागि आवश्यक कम्प्युटर ल्याब, विज्ञान प्रयोगशाला, स्मार्ट बोर्ड र उच्च गतिको इन्टरनेट सुविधा अधिकांश सामुदायिक विद्यालयमा सीमित छन्। यसले डिजिटल शिक्षण—सिकाइ प्रक्रियामा असमानता सिर्जना गरेको छ। केही विद्यालयहरूमा पुराना तथा जीर्ण भवनहरू प्रयोग भइरहेका छन् भने कतिपय विद्यालयमा पर्याप्त कक्षाकोठा नहुँदा एकै कक्षामा धेरै विद्यार्थी राखेर पढाउनुपर्ने अवस्था पनि देखिन्छ।

त्यसैगरी, धेरै विद्यालयहरूमा प्रयोगशाला, पुस्तकालय, सूचना प्रविधि कक्ष, खेलमैदान तथा सुरक्षित घेराबार जस्ता आवश्यक शैक्षिक पूर्वाधारको अभाव रहेको छ। बालमैत्री तथा अपाङ्गतामैत्री संरचनाहरूको कमीका कारण सबै विद्यार्थीका लागि समान र सहज शिक्षण वातावरण सुनिश्चित गर्न कठिनाइ भएको छ। कतिपय विद्यालयमा स्वच्छ खानेपानी, छात्र-छात्राका लागि छुट्टाछुट्टै शौचालय तथा सरसफाइ व्यवस्थापन पनि पर्याप्त रूपमा विकास हुन सकेको छैन।

यसका साथै, विद्यालय भवनहरू प्राकृतिक विपद् (भूकम्प, पहिरो, बाढी आदि) को जोखिममा रहेका स्थानमा रहेका कारण सुरक्षित र दिगो संरचना निर्माणको आवश्यकता पनि महसुस गरिएको छ। दुर्गम स्थानमा निर्माण सामग्री ढुवानी गर्न कठिनाइ हुने भएकाले पूर्वाधार विकासमा लागत पनि तुलनात्मक रूपमा बढी हुने अवस्था रहेको छ।

यस सन्दर्भमा मिक्वाखोला गाउँपालिकाले विद्यालयहरूको भौतिक पूर्वाधार सुधार तथा विस्तारका लागि सुरक्षित र बालमैत्री विद्यालय भवन निर्माण, पर्याप्त कक्षाकोठा, स्वच्छ खानेपानी, छात्र—छात्राका लागि छुट्टाछुट्टै शौचालय, पुस्तकालय, प्रयोगशाला, सूचना प्रविधि कक्ष तथा खेलमैदानको व्यवस्था गर्दै लैजानु आवश्यक देखिन्छ। साथै, विद्यालयलाई विपद् प्रतिरोधी र अपाङ्गतामैत्री संरचनामा रूपान्तरण गर्दै शिक्षण-सिकाइ वातावरणलाई थप प्रभावकारी र गुणस्तरीय बनाउनेतर्फ विशेष ध्यान दिनुपर्ने आवश्यकता रहेको छ।

### ङ) पाठ्यक्रम र मूल्याङ्कन प्रणाली

स्थानीय पाठ्यक्रम निर्माण र प्रभावकारी कार्यान्वयनमा ढिलाइ भएको छ। सिकाइ उपलब्धिको वैज्ञानिक, तथ्यमा आधारित मूल्याङ्कन प्रणाली कमजोर देखिन्छ। विद्यालयहरूको शैक्षिक तथा प्रशासनिक गतिविधिको नियमित अनुगमन र फिडब्याक प्रणाली पर्याप्त सुदृढ छैन। परीक्षा केन्द्रित अभ्यास हाबी हुँदा सिर्जनात्मकता र आलोचनात्मक सोच विकासमा अपेक्षित प्रगति हुन सकेको छैन।

### च) समता र समावेशीकरण

अपाङ्गता भएका, दलित तथा सीमान्तकृत बालबालिकाको पूर्ण र अर्थपूर्ण सहभागिता सुनिश्चित गर्न अझै संरचनागत सुधार आवश्यक छ। लैङ्गिक साक्षरता अन्तर, सामाजिक विभेद र आर्थिक असमानताले शिक्षामा समान अवसर

प्राप्तिमा अवरोध सिर्जना गरेका छन्। समावेशी पूर्वाधार, सहायक सामग्री र संवेदनशील शिक्षक तयारी अपर्याप्त हुँदा समावेशी शिक्षाको प्रभाव सीमित हुन सक्छ।

**छ) विद्यालय सुशासन र व्यवस्थापन**

विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक र शिक्षकबीचको समन्वय सुदृढ नहुँदा योजना कार्यान्वयनमा प्रभावकारिता कमी देखिन्छ। पारदर्शी बजेट व्यवस्थापन, सहभागितामूलक योजना निर्माण र जवाफदेहिता प्रणाली पूर्ण रूपमा संस्थागत हुन सकेको छैन। अनुगमन तथा मूल्याङ्कन संयन्त्र कमजोर हुँदा विद्यालय सुधार योजना प्रभावकारी रूपमा कार्यान्वयन हुन नसक्ने अवस्था देखिन्छ। विद्यालयहरूको शैक्षिक र प्रशासनिक क्रियाकलापको **चुस्त अनुगमन तथा वैज्ञानिक मूल्याङ्कन प्रणाली**को अभाव छ। शैक्षिक सत्र र क्यालेन्डरलाई नियमित र व्यवस्थित बनाउन नसक्दा सिकाइ प्रक्रिया प्रभावित हुने गरेको छ। माध्यमिक र प्राविधिक शिक्षालाई गुणस्तरीय र सुविधासम्पन्न बनाउन आवश्यक पर्ने **लगानी र बजेटको व्यवस्थापन** चुनौतीपूर्ण रहेको छ

समग्रमा हेर्दा मिक्वाखोला गाउँपालिकामा शिक्षा क्षेत्रमा पहुँच विस्तार र नीतिगत प्रतिबद्धता सकारात्मक भए पनि गुणस्तर, समावेशीकरण, शिक्षक व्यवस्थापन, पूर्वाधार सुदृढीकरण र सुशासनका क्षेत्रमा थप सुधार अपरिहार्य देखिन्छ। प्रभावकारी योजना, स्रोतको उचित उपयोग र समुदायमा आधारित उत्तरदायित्व प्रणाली विकास गर्न सके यी समस्यालाई अवसरमा रूपान्तरण गर्न सकिने सम्भावना रहेको छ।

## ४. अवसरहरू

संविधान र कानुनी व्यवस्थाअनुसार शिक्षा स्थानीय तहको अधिकारभित्र परेपछि स्थानीय सरकारले आफ्नै योजनाअनुसार गुणस्तरीय शिक्षा प्रवर्द्धन गर्न सक्ने अवसर प्राप्त भएको छ। यससँगै शिक्षा क्षेत्रमा लगानी वृद्धि गर्ने क्षमता र तीन तहको सरकार तथा अन्य सङ्घ संस्थाबाट सहकार्य र स्रोत जुटाउने वातावरण पनि उपलब्ध छ। सूचना तथा सञ्चार प्रविधिको प्रयोग विस्तार भएसँगै डिजिटल शिक्षण—सिकाइ, अनलाइन सामग्री र शिक्षक—विद्यार्थी समन्वयमा सहजता आएको छ। स्थानीय पाठ्यक्रम विकासका क्रममा वातावरण संरक्षण, हरित विद्यालय निर्माण, जलवायु परिवर्तन र जीवनोपयोगी विषयवस्तु समावेश गर्न सकिने भएकाले शिक्षा केवल सैद्धान्तिक नभई व्यवहारिक र वर्तमान चुनौतीसँग सुसंगत हुने सम्भावना बढेको छ। त्यस्तै, स्थानीय स्तरमा विद्यमान रैथाने ज्ञान, सिप र प्रविधिलाई पाठ्यक्रम र सिकाइ अभ्यासमा आन्तरिकीकरण गर्न सकिनु विद्यार्थीको सांस्कृतिक र सामाजिक सन्दर्भसँग शिक्षा जोड्ने अवसर दिन्छ। साथै, वैकल्पिक सिकाइको सहजीकरणमार्फत प्रत्येक विद्यार्थीले सिक्न पाउने अधिकार सुनिश्चित गर्न सकिने भएकाले पहुँच, समावेशीकरण र गुणस्तर एकसाथ बढाउने वातावरण तयार भएको छ। यस प्रकार, कानुनी अधिकार, स्रोत व्यवस्थापन, प्रविधि र स्थानीय ज्ञानको उपयोगले मिक्वाखोला गाउँपालिकाको शिक्षा प्रणालीलाई दिगो, समावेशी र जीवनोपयोगी बनाउन महत्त्वपूर्ण अवसर प्रदान गरेको छ।

## ५. चुनौतीहरू

मिक्वाखोला गाउँपालिकाले शिक्षा क्षेत्रमा पहुँच, गुणस्तर र समावेशीकरण सुनिश्चित गर्न थुप्रै चुनौती र अवसरको सामना गर्दै आएको देखिन्छ। लैङ्गिक, भाषिक, भौगोलिक, आर्थिक, शारीरिक अपाङ्गता, जात/जाति र अन्य सामाजिक विविधताका कारण सबै बालबालिकालाई समान रूपमा गुणस्तरीय शिक्षा प्रदान गर्न अझै प्रयास आवश्यक छ।

जनसाङ्ख्यिकीय प्रवृत्ति, जन्म दर, बसाइँसराइ, भौगोलिक विकटता र स्थानीय बनौटका कारण व्यवहारिक विद्यालय नक्साङ्कन तथा शिक्षक दरबन्दीको न्यायोचित वितरण आवश्यक छ, जसले विद्यार्थी र शिक्षक दुवैको सहज पहुँच सुनिश्चित गर्दछ। विद्यालयमा थप आर्थिक व्यवस्थापन गर्न कठिनाई हुँदा निःशुल्क र अनिवार्य शिक्षा कार्यान्वयनमा पूर्णता दिन चुनौती देखिन्छ। दक्ष जनशक्तिको अभावले पाठ्यक्रम, पाठ्यपुस्तक र मूल्याङ्कन प्रणाली सुधार तथा सूचना सञ्चार प्रविधिको प्रभावकारी प्रयोगमा बाधा पुऱ्याउँछ। साथै, विपत्का अवस्थाहरू जस्तै बाढी, पहिरो वा अन्य आपतकालीन परिस्थितिमा वैकल्पिक माध्यमबाट सिकाइ अवसर उपलब्ध गराउने रणनीति आवश्यक छ। जनसाङ्ख्यिक विविधताका कारण आजीवन सिकाइ कार्यक्रममा समान अवसर र विविधता सुनिश्चित गर्नुपर्छ। सबै विद्यालयमा तोकिएअनुसारको भौतिक पूर्वाधार निर्माण गरी हरित विद्यालयको रूपमा विकास गर्न आर्थिक स्रोत संकलन आवश्यक छ, साथै जलवायु परिवर्तन र त्यसको असर कम गर्ने उपायहरू अपनाउनु दिगो शिक्षा प्रणालीका लागि अनिवार्य छ। यी सबै चुनौती र अवसरलाई व्यवस्थित रूपमा सम्बोधन गर्दा मिक्वाखोला गाउँपालिकामा समावेशी, दिगो र गुणस्तरीय शिक्षा प्रणाली विकास गर्न सकिने सम्भावना उच्च रहेको छ।

# परिच्छेद २
# दूरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण

## २.१ दूरदृष्टि

"गुणस्तरीय, सिपमूलक, प्रविधिमैत्री शिक्षाको माध्यमबाट सामाजिक रूपान्तरण"

## २.२ लक्ष्य

समावेशी पहुँचसहित गुणस्तरीय, सिपमूलक र प्रविधिमैत्री शिक्षा प्रणालीको विकासमार्फत स्थानीय आवश्यकता र राष्ट्रिय-अन्तर्राष्ट्रिय श्रम बजारमा प्रतिस्पर्धा गर्न सक्ने सक्षम, नैतिक र आत्मनिर्भर जनशक्ति उत्पादन गर्ने,

## २.३ उदेश्य

क) सबै बालबालिकालाई शिक्षामा **समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्नु,**

ख) **सबै बालबालिकाको शिक्षामा गुणस्तरीय र सान्दर्भिकता सुनिश्चित गर्नु,**

ग) औपचारिक शिक्षाको अवसरबाट वञ्चित व्यक्तिहरूका लागि वैकल्पिक, **अनौपचारिक, खुला र निरन्तर सिकाइको वातावरण सुनिश्चित गर्नु,**

घ) विद्यालय शिक्षामा सुशासन तथा व्यवस्थापन सुनिश्चित गर्नु,

## २.४ रणनीतिहरु

**उद्देश्य १ सबै बालबालिकालाई शिक्षामा समतामूलक पहुँच र सहभागिता र सुनिश्चित गर्नु**

**रणनीतिहरूः**

क) आधारभूत शिक्षालाई सबै बालबालिकाका लागि **अनिवार्य र निःशुल्क** बनाउँदै पहुँचयोग्य र समतामूलक बनाउने,

ख) विद्यालय जानबाट वञ्चित बालबालिकाहरूको पहिचान गर्न तथ्याङ्क सङ्कलन गर्ने र शैक्षिक सत्रको सुरुमा **"विद्यार्थी भर्ना घरदैलो अभियान"** सञ्चालन गर्ने,

ग)	गरिब, विपन्न, दलित र सीमान्तकृत समूहका बालबालिकालाई विद्यालयमा आकर्षित गर्न र टिकाइराख्न **दिवा खाजा, छात्रवृत्ति र पोसाक** वितरण गर्ने,

घ)	विकट क्षेत्र वा अध्ययन गर्ने वातावरण नभएका बालबालिकाहरूका लागि आवश्यकता अनुसार **छात्रावास**को व्यवस्था गर्ने,

ङ)	अपाङ्गता भएका बालबालिकाका लागि उनीहरूको अवस्था अनुसार (शारीरिक, सुनाइ, दृष्टि, अटिजम आदि) **ब्रेल, साङ्केतिक चित्र र ह्विलचेयर** जस्ता सामग्री र विशेष छात्रवृत्तिको व्यवस्था गर्ने,

च)	अपाङ्गता भएका, सीमान्तकृत वा विशेष आवश्यकताका बालबालिकाका लागि **समावेशी सिकाइ वातावरण उपलब्ध गराउने,**

छ)	बालबालिकाको शिक्षामा अभिभावकलाई जिम्मेवार बनाउन **अभिभावक शिक्षा कार्यक्रम**लाई अभियानकै रूपमा सञ्चालन गर्ने,

ज)	शिक्षकहरूलाई नवीनतम् शिक्षण पद्धति र प्रविधिमा अभ्यस्त गराउन **नियमित र नतिजामुखी तालिम** प्रदान गर्ने र उनीहरूको कार्यसम्पादनलाई विद्यार्थीको सिकाइ उपलब्धिसँग जोड्ने

झ)	विद्यालय पूर्वाधार र सिकाइ वातावरणमा जलवायु-उत्थानशीलता र वातावरणमैत्री पूर्वाधार सुनिश्चित गर्नु

**उद्देश्य २ सबै बालबालिकाको शिक्षामा गुणस्तरीय र सान्दर्भिकता सुनिश्चित गर्नु,**

**रणनीतिहरूः**

क)	शिक्षकहरूलाई नवीनतम् शिक्षण पद्धति र प्रविधिमा अभ्यस्त गराउन नियमित र नतिजामुखी तालिम प्रदान गर्ने र उनीहरूको कार्यसम्पादनलाई विद्यार्थीको सिकाइ उपलब्धिसँग जोड्ने

ख)	शिक्षण सिकाइलाई प्रभावकारी बनाउन **स्मार्ट बोर्ड, कम्प्युटर ल्याब, विज्ञान प्रयोगशाला र इन्टरनेट** सुविधाको विस्तार गर्ने

ग)	शिक्षाको गुणस्तर कायम गर्न **नतिजामा आधारित अनुगमन तथा वैज्ञानिक मूल्याङ्कन प्रणाली**को विकास गर्ने

घ)	पाठ्यक्रमलाई स्थानीय आवश्यकता, संस्कृति र जीवनोपयोगी सीपसँग मेल खाने गरी अनुकूल बनाउने

ङ)	विषयगत र कक्षागत रूपमा शिक्षक व्यवस्थापन गर्ने

च)	**शिक्षण सिकाइमा** खोजमूलक, प्रयोगात्मक, विद्यार्थीकेन्द्रित र क्रियाकलाप आधारित सिकाइ प्रवर्द्धन गर्ने

छ)	शिक्षकलाई नवीनतम शिक्षण विधि, ICT प्रयोग, समावेशी र गुणस्तरीय शिक्षण तालिम प्रदान गर्ने

ज)	नियमित मूल्याङ्कन र फिडब्याक प्रणालीको माध्यमबाट सिकाइ उपलब्धि र गुणस्तर सुनिश्चित गर्ने

झ)	विद्यालयमा पर्याप्त पाठ्यपुस्तक, डिजिटल सामग्री, स्मार्ट बोर्ड, कम्प्युटर ल्याब र प्रयोगशालाको उपलब्धता सुनिश्चित गर्ने

**उद्देश्य ३ औपचारिक शिक्षाको अवसरबाट वञ्चित व्यक्तिहरूका लागि अनौपचारिक, खुला र वैकल्पिक निरन्तर सिकाइको वातावरण सुनिश्चित गर्नु**

**रणनीतिहरु**

क)	अनलाइन प्लेटफर्म, भिडियो क्लास, मोबाइल एप्लिकेशन र रेडियो/टेलिभिजन माध्यमबाट वैकल्पिक सिकाइ पहुँच विस्तार गर्ने

ख)	**प्रत्येक वडामा इन्टरनेट** सुविधा सहित **कम्तीमा एक** सामुदायिक सिकाइ केन्द्र **स्थापना गर्ने**

ग)	एक वडा एक पुस्तकालय/वाचनालय" को अवधारणा अनुसार प्रत्येक सामुदायिक सिकाइ केन्द्रसँग आबद्ध रहने गरी पुस्तकालयहरू स्थापना गर्ने

घ)	**गाउँस्तरमा** एक मुख्य पुस्तकालय स्थापना गरी वडाका पुस्तकालयहरूलाई एउटै सञ्जालमा जोड्ने

ङ)	परम्परागत र मौलिक ज्ञान, दर्शन र प्राकृतिक विज्ञानलाई सङ्ग्रह र सूचीकरण गरी संरक्षण गर्ने

च)	प्रत्येक टोलमा नागरिकहरूको सिकाइको चाहना पूरा गर्न र "जीवन पर्यन्त सिकाइ" लाई अभियानको रूपमा सञ्चालन गर्न स्थानीय बौद्धिक समाज गठन गर्ने

छ)	समुदायको समन्वय र सहयोगमा टोल-टोलमा प्रौढ कक्षाहरू सञ्चालन गर्ने र उनीहरूको सिकाइ उपलब्धिलाई मापन गर्ने सूचकहरू विकास गरि कार्यान्वयन गर्ने

ज)	अनौपचारिक शिक्षा र सामुदायिक सिकाइ केन्द्रहरूको भूमिका प्रभावकारी बनाएर मिक्वाखोला गाउँपालिकालाई "**पूर्ण साक्षर तथा शिक्षित पालिका**" घोषणा गर्ने

**उद्देश्य ४ विद्यालय शिक्षामा सुशासन तथा व्यवस्थापन सुनिश्चित गर्नु,**

रणनीतिहरू

क)	शिक्षकहरूको कार्यसम्पादन मूल्याङ्कनलाई विद्यार्थीको **सिकाइ उपलब्धि र परीक्षा परिणामसँग आबद्ध** गर्ने

ख)	शैक्षिक पेसामा संलग्न जनशक्तिमा जवाफदेहिता सुनिश्चित गर्न **परिणाममा आधारित जवाफदेहिता प्रणाली**को विकास गर्ने

ग)	**प्र**धानाध्यापक छनोट प्रणालीलाई **योग्यता र क्षमताका आधारमा** हुने गरी परिमार्जन गर्ने

घ)	**विव्यसको भूमिका र जिम्मेवारीलाई समयसापेक्ष परिमार्जन गरी विद्यालयलाई** स्वचालित र सफल **संस्थाका रूपमा विकास गर्ने**

ङ)	**विद्यालयप्रति समुदायको** अपनत्व बढाउन विद्यालय समुदाय सहकार्य कार्यक्रम सञ्चालन गर्ने

च)	विद्यालय र विद्यार्थीको विस्तृत विवरणका लागि **एकीकृत तथ्याङ्क प्रणाली**को विकास र सुदृढीकरण गर्ने

छ)	सम्पूर्ण सूचनालाई सुरक्षित राख्न र 'रियल टाइम' मा प्राप्त गर्न Cloud Data Management र स्वचालित संयन्त्रको विकास गर्ने

ज)	निजी (संस्थागत), गुठी र सहकारी विद्यालयहरूको स्थापना, अनुमति, सञ्चालन र आर्थिक पारदर्शिताको **नियमित अनुगमन र नियमन** गर्ने

झ)	शैक्षिक जनशक्ति र नेतृत्व तहका लागि स्पष्ट **आचारसंहिता** निर्माण गरी लागू गर्ने

ञ)	**गाउँ**पालिकाभरि रहेका शिक्षक दरबन्दीको अध्ययन गरी **दरबन्दी मिलान र पुनर्वितरण** गर्ने

ट)	**प्र**धानाध्यापक, व्यवस्थापन समिति, शिक्षक र कर्मचारीहरूका लागि नियमित **तालिम र नेतृत्व विकास** कार्यक्रमहरू सञ्चालन गर्ने

## २.६ अपेक्षित उपलब्धि

क) सबै बालबालिकालाई शिक्षामा **समतामूलक पहुँच र सहभागिता सुनिश्चित भएको हुनेछ,**

ख) **सबै बालबालिकाको शिक्षामा गुणस्तरीय र सान्दर्भिकता सुनिश्चित भएको हुनेछ,**

ग) औपचारिक शिक्षाको अवसरबाट वञ्चित व्यक्तिहरूका लागि वैकल्पिक, **अनौपचारिक, खुला र निरन्तर सिकाइको वातावरण सुनिश्चित भएको हुनेछ**

घ) विद्यालय शिक्षामा सुशासन तथा व्यवस्थापन सुनिश्चित भएको हुनेछ

## २.७ मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण

मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण

| क्र.स. | सूचक | आधार वर्ष २०८२ | २०८४ | २०८७ | २०९२ |
|---|---|---|---|---|---|
| १. | प्रारम्भिक बालविकास र शिक्षा | | | | |
| १.१ | प्रारम्भिक बालविकास र शिक्षामा कूल भर्ना दर* (%) | ८५.८ | ८७.८ | ९१ | ९५ |
| १.२ | प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिई कक्षा १ मा नयाँ भर्ना भएका बालबालिका* (%) | ७० | ७७ | ८९ | १०० |
| २. | आधारभूत शिक्षा (कक्षा १ - ८) | | | | |
| २.१ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको खुदप्रवेश दर (%) | ९३.६ | ९५ | ९७ | १०० |
| २.२ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको कूल प्रवेश दर (%) | १२२ | ११५ | ११० | १०२ |
| २.३ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा खुद भर्ना दर* (%) | ९२ | ९४ | ९८ | १०० |
| २.४ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा कूल भर्ना दर* (%) | १४२ | १२७ | १११ | १०० |
| २.५ | आधारभूत तहको कक्षा ५ को खुदप्रवेश दर* (%) | ९२ | ९४ | ९८ | १०० |
| २.६ | आधारभूत तहको कक्षा ५ को कूलप्रवेश दर* (%) | १३० | १२० | १०८ | १०० |
| २.७ | आधारभूत तहको कक्षा ५ सम्म टिकाउ दर* (%) | ९७ | ९८ | ९९ | १०० |
| २.८ | आधारभूत तह (प्राथमिक कक्षा ५) पूरा गर्ने दर* (%) | ९७ | ९८ | ९९ | १०० |
| २.९ | आधारभूत तहमा (प्राथमिक कक्षा १-५)मा भर्ना भएका ५-९ वर्ष उमेर भन्दा माथिका बालबालिका* (%) | ३२ | १९ | ०९ | ०० |
| २.१ | आधारभूत तह (प्राथमिक कक्षा १-५) कूल भर्ना दरमा लैङ्गिक समता सूचाङ्क* | | | | |
| २.११ | आधारभूत तह (कक्षा १-८) मा खुद भर्ना दर* (%) | ९२ | ९४ | ९६ | ९९ |
| २.१२ | आधारभूत तह (कक्षा १-८) मा कूल भर्ना दर (%) | १२२ | ११५ | १०८ | १०१ |

| क्र.स. | सूचक | आधार वर्ष २०८२ | २०८४ | २०८७ | २०९२ |
|---|---|---|---|---|---|
| २.१३ | आधारभूत तहको कक्षा ८ सम्मको टिकाउ दर* (%) | ९६ | ९७ | ९८ | १०० |
| २.१४ | आधारभूत तहको कक्षा १ मा भर्ना भई कक्षा ८ पूरा गर्ने दर*(%) | ९५ | ९६ | ९८ | १०० |
| २.१५ | आधारभूत तह(कक्षा १-८) कूल भर्ना दरमा लैङ्गिक समता सूचक* | | | | |
| २.१९ | विद्यालय वाहिर रहेका बालबालिका* (%) | २.५ | २ | १ | ० |
| २.२ | आधारभूत तह (कक्षा १-८) अध्यापनरत कूल शिक्षक मध्ये महिला शिक्षकको सङ्ख्या*(%) | ४०.८ | ४२ | ४५ | ५० |
| ३. माध्यमिक शिक्षा (कक्षा ९-१२) | | | | | |
| ३.१ | माध्यमिक तह (कक्षा ९-१२) मा खुद भर्ना दर* (%) | ९१ | ९३ | ९६ | १०० |
| ३.२ | माध्यमिक तह (कक्षा ९-१२) मा कूल भर्ना दर* (%) | ११८ | ११० | १०५ | १०० |
| ३.३ | माध्यमिक तहमा कूल भर्ना दरमा लैङ्गिक समता सूचक* (कक्षा ९-१२) | | | | |
| ३.४ | आधारभूत तहवाट माध्यमिक तहमा ट्रान्जिसन दर* (%) | | | | |
| ३.५ | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १० मा पुग्ने दर (%) | ९० | ९३ | ९६ | १०० |
| ३.६ | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १२ मा पुग्ने दर (%) | ८६ | ८९ | ९३ | ९८ |
| ३.७ | माध्यमिक तह (कक्षा ९-१२) मा कार्यरत महिला शिक्षक सङ्ख्या* (%) | २० | २४ | २८ | ३५ |
| ४. जिवन-पर्यन्त शिक्षा तथा सिकाइ र अनौपचारिक शिक्षा | | | | | |
| ४.१ | साक्षरता दर (१५ वर्ष भन्दा माथि) (%) | ७८ | ८४ | ९२ | ९६ |
| ४.२ | साक्षरता दर (६ वर्ष भन्दा माथि) (%) | ७७ | ८३ | ९१ | ९८ |
| ४.३ | साक्षरता दर (१५-२४ उमेर समूह) (%) | ९० | ९२ | ९६ | १०० |
| ४.४ | साक्षरता दरमा लैङ्गिक समता (१५ वर्ष भन्दा माथि) | | | | |
| ५. सुशासन तथा व्यवस्थापन | | | | | |
| ५.१ | आधारभूत तह (कक्षा१-५) मा विद्यार्थी:शिक्षक अनुपात(सामुदायिक विद्यालय) | १२:१ | १५:१ | २३:१ | ३०:१ |
| ५.२ | आधारभूत तह (कक्षा६-८) मा विद्यार्थी:शिक्षक अनुपात(सामुदायिक विद्यालय) | २१:१ | २४:१ | २८:१ | ३०:१ |
| ५.३ | आधारभूत तह (कक्षा१-८) मा विद्यार्थी:शिक्षक अनुपात(सामुदायिक विद्यालय) | १३:१ | १५:१ | १९:१ | २३:१ |

| क्र.स. | सूचक | आधार वर्ष २०८२ | २०८४ | २०८७ | २०९२ |
|---|---|---|---|---|---|
| ५.४ | माध्यमिक तह (कक्षा ९-१०) मा विद्यार्थी:शिक्षक अनुपात(सामुदायिक विद्यालय) | १२:१ | १४:१ | १७:१ | २०:१ |
| ५.५ | माध्यमिक तह (कक्षा९-१२) मा विद्यार्थी:शिक्षक अनुपात | १८:१ | २०:१ | २२:१ | २४:१ |

**परिच्छेद ३**

**विद्यालय शिक्षा क्षेत्रका मुख्य उपक्षेत्र**

# ३.१ प्रारम्भिक बालविकास र शिक्षा

## ३.१.१ परिचयः

नेपालको संविधानको धारा ३९ (३) मा प्रत्येक बालबालिकालाई प्रारम्भिक बालविकास तथा बाल सहभागिताको हक हुनेछ भनी उल्लेख गरिनु र शिक्षा ऐन २०२८ को नवौं संशोधनले बालविकास र शिक्षालाई विद्यालय शिक्षाकै अङ्गको रूपमा मान्यता दिनुले यसको आवश्यकता र महत्व थप पुष्टि भएको छ। बालबालिकाको शारीरिक, मानसिक, संवेगात्मक, सामाजिक एवं नैतिक सृजनात्मक पक्षको विकासमा सघाउँदै उनीहरूलाई आधारभूत शिक्षाको लागि तयार गर्ने उद्देश्यले सञ्चालित यो कार्यक्रम विद्यालय शिक्षाको पहिलो पाइला भएकोले पनि यसलाई सर्वसुलभ र गुणस्तरीय बनाउनु आवश्यक भएको छ । यसै कुरालाई मध्यनजर गरेर यस पालिकाले निर्माण गरेको यस शिक्षा योजनामा प्रारम्भिक बालविकास र शिक्षालाई व्यवस्थित र गुणस्तरीय बनाउने कार्यक्रमहरू समावेश गरिएको छ।

## ३.१.२ वर्तमान अवस्थाः

मिक्वाखोला गाउँपालिकामा हाल जम्मा ३१ वटा प्रारम्भिक बालविकास केन्द्र सञ्चालनमा रहेका छन्, जसमा सामुदायिकतर्फ ३१ र संस्थागत विद्यालयतर्फ ० केन्द्र रहेका छन्। यी केन्द्रहरूमा कुल ४५५ जना बालबालिका अध्ययनरत रहेका छन्, जसमध्ये २१५ जना छात्र र २४० जना छात्रा रहेका छन्। यस उमेर समूहको अनुमानित कुल जनसंख्या ३८० रहेको आधारमा सहजै देखिने भर्नादर ८३ प्रतिशत रहेको देखिन्छ, जसले पहुँच विस्तार भएको संकेत गरे पनि शतप्रतिशत लक्ष्य अझै हासिल हुन बाँकी रहेको देखाउँछ।

बालविकास कार्यक्रम पूरा गरी कक्षा १ मा प्रवेश गर्ने बालबालिकाको संख्या १९० रहेको छ। यसमध्ये एक वर्षको बालविकास अनुभवसहित कक्षा १ मा जाने बालबालिकाको १०० प्रतिशत रहेको छ। अनुभवसहित कक्षा १ मा प्रवेश गरेका बालबालिकाको सिकाइ उपलब्धि र कक्षागत अनुकूलन क्षमता तुलनात्मक रूपमा राम्रो देखिएको छ, जसले बालविकास कार्यक्रमको प्रभावकारिता पुष्टि गर्दछ।

समावेशी पहुँचको दृष्टिले दलित बालबालिकाको संख्या १२०( ६.५ प्रतिशत), जनजाति बालबालिकाको संख्या १५४२ (८३.७५ प्रतिशत) र अपाङ्गता भएका बालबालिकाको संख्या १३ रहेको छ। यी तथ्याङ्कले समावेशी सहभागिता बढ्दो क्रममा रहेको देखाए पनि जनसंख्या अनुपातअनुसार अझ सुधारको आवश्यकता रहेको देखिन्छ।

मिक्वाखोला गाउँपालिका शिक्षा योजना

विशेषगरी अपाङ्गता भएका बालबालिकाका लागि सहायक सामग्री, पहुँचयोग्य भौतिक संरचना तथा प्रशिक्षित जनशक्ति व्यवस्था सुदृढ गर्नुपर्ने आवश्यकता देखिन्छ।

बालविकासका न्यूनतम सक्षमता मापदण्ड पूरा गरेका संस्थागत विद्यालय नरहेको अवस्था छ । न्यूनतम सक्षमता अन्तर्गत सुरक्षित कक्षाकोठा, खेलमैत्री सिकाइ सामग्री, प्रशिक्षित सहजकर्ता, बालमैत्री शौचालय र सुरक्षित खानेपानी जस्ता सूचकहरू समावेश गरिएका छन्। हाल यी मापदण्ड पूर्ण रूपमा कार्यान्वयन भएका सामुदायिक बालविकास केन्द्रहरूको अनुपात सीमित रहेको देखिएकाले गुणस्तर सुधारका लागि थप लगानी र अनुगमन आवश्यक देखिन्छ। समग्रमा हेर्दा मिक्वाखोला गाउँपालिकामा प्रारम्भिक बालविकासको पहुँच विस्तार सन्तोषजनक देखिए पनि गुणस्तर, समावेशिता र न्यूनतम सक्षमता सुनिश्चिततामा अझ रणनीतिक हस्तक्षेप आवश्यक रहेको निष्कर्ष निकाल्न सकिन्छ।

**तालिका १**

**प्रारम्भिक बालविकास र शिक्षासँग सम्बन्धित विवरण**

| जम्मा बालविकास | | जम्मा बालबालिका | | | दलित बालबालिका | | | अपाङ्गता भएका बालबालिका | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रकार | संख्या | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| सामुदायिक | ३१ | १२० | १४५ | २६५ | ५ | ९ | १४ | २ | २ | ४ |
| संस्थागत | ० | | | | | | | | | |
| जम्मा | ३१ | | | | | | | | | |

मिक्वाखोला गाउँपालिकाले प्रारम्भिक बाल विकास र शिक्षालाई बालबालिकाको नैसर्गिक अधिकारको रूपमा लिएको छ। यसले ५ वर्ष मुनिका बालबालिकाको शारीरिक, मानसिक, सामाजिक र सर्वाङ्गीण विकास सुनिश्चित गर्ने आधार तयार गर्दछ। गाउँपालिकाले प्रारम्भिक बाल विकासलाई विद्यालय शिक्षासँग पूर्ण रूपमा एकीकृत गरी प्रत्येक विद्यालयमा अनिवार्य गर्ने नीति लागू गरेको छ, जसले बालबालिकाको सिकाइको निरन्तरता र गुणस्तर सुनिश्चित गर्दछ। हाल मिक्वाखोला गाउँपालिकामा बाल विकास केन्द्रहरूमा भौतिक र शैक्षिक पूर्वाधारको कमी देखिएको छ। धेरै केन्द्रहरूमा बालमैत्री वातावरण, खेल सामग्री, श्रव्य–दृश्य सिकाइ सामग्री र पर्याप्त शिक्षण उपकरणको अभाव रहेको छ। यद्यपि, गाउँपालिकाले यी केन्द्रहरूको स्तरोन्नति गर्ने योजना बनाएको छ र निजी क्षेत्रसँगको सहकार्यमा नयाँ केन्द्र स्थापना गर्ने सम्भावनाहरूलाई आफ्नो सबल पक्षको रूपमा लिएको छ।

### ३.१.३ उदेश्यः

क) बालबालिकाको सर्वाङ्गीण विकास सुनिश्चित गर्न प्रारम्भिक बाल विकास र शिक्षाको प्रभावकारी व्यवस्थापन गर्नु

ख) सबै बालबालिकालाई समावेशी, पहुँचयोग्य र गुणस्तरीय प्रारम्भिक शिक्षा उपलब्ध गराउनु

ग) बाल विकास केन्द्रहरूलाई बालमैत्री, सुरक्षित र वातावरणमैत्री बनाउनु

### ३.१.४ रणनीतिहरू

क) सबै बालबालिकाको पहुँचका लागि सङ्घीय सरकारले निर्धारण गरेको मापदण्डअनुसार प्रारम्भिक बालविकास तथा शिक्षा सञ्चालन गर्ने,

ख) बाल विकास र शिक्षालाई विद्यालय शिक्षाको अभिन्न अङ्ग बनाउने।

ग) निजी  क्षेत्रलाई समेत केन्द्र स्थापना र सञ्चालनमा प्रोत्साहित गर्दै न्यूनतम मापदण्डमा नियमित निगरानी र मूल्याङ्कन गर्ने।

घ) अति विपन्न, दलित, सीमान्तकृत र अपाङ्ग बालबालिकालाई पहुँच सुनिश्चित गर्दै निःशुल्क भर्ना अभियान सञ्चालन।

ङ) कार्यक्रमको नक्साङ्कन, पुनर्वितरण र आवश्यकता अनुसार नयाँ केन्द्र स्थापना गर्ने,

च) जटिल भौगोलिक क्षेत्रमा बसोबास गर्ने, लोपोन्मुख तथा सिमान्तकृत समुदायका बालबालिकाका लागि विभिन्न नमूनाहरू विकास गरी पहुँच सुनिश्चित गर्ने,

छ) पाठ्यक्रमको परिमार्जन तथा अनुकूलन गर्ने,

ज) लागत सहभागिता अभिवृद्धि गर्ने,

झ) कार्यक्रमको प्रभावकारिता वृद्धिका लागि परिवार, समुदाय, गैर सरकारी सङ्घ संस्था, निजि क्षेत्र र विद्यालयहरूलाई जिम्मेवार बनाउने,

ञ) ऐन र कार्यविधीमा उल्लेख भए बमोजिमको मापदण्ड पूरा गर्ने,

ट) कार्यरत जनशक्तिको वृत्ति विकास तथा क्षमता विकास गर्ने,

ठ) स्थानीय तहको आवश्यकतामा आधारित हुने गरी प्रारम्भिक बाल विकास तथा शिक्षाका लागि सुपरिवेक्षण र सहजीकरणका लागि थप छुट्टै अधिकार सम्पन्न संयन्त्र बनाउने,

ड) पाठ्यक्रम र मापदण्ड तथा ढाँचाहरूलाइ समयानुकुल स्थानीयकरणकालागि समायोजन तथा परिमार्जन गर्ने,

ढ) भौगोलिक विकटता र अपाङ्गता भएका तोकिएका उमेर समूहलाई सम्बोधन गर्ने गरी नीतिगत व्यवस्था गर्ने ।

## ३.१.५ उपलब्धि, प्रमुख क्रियाकलाप र लक्ष्य निर्धारण

### क. अपेक्षित उपलब्धिः

मिक्वाखोला गाउँपालिकामा प्रारम्भिक बालविकास तथा शिक्षा उमेरका सबै बालबालिकालाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित भएको हुनेछ। यस अन्तर्गत लक्षित उमेर समूहका सबै बालबालिकालाई कम्तीमा एक वर्षको प्रारम्भिक बालविकास तथा शिक्षामा सहज, समावेशी र समान पहुँच उपलब्ध हुनेछ। साथै, सबै बालबालिकाले प्रारम्भिक बालविकास तथा शिक्षाको पूर्ण अनुभव हासिल गरी आवश्यक सक्षमता विकासपछि कक्षा १ मा प्रवेश गर्ने अवसर प्राप्त गर्नेछन्, जसले उनीहरूको सिकाइको आधार सुदृढ भई दीर्घकालीन शैक्षिक सफलतामा सकारात्मक प्रभाव पार्नेछ ।

मिक्वाखोला गाउँपालिका शिक्षा योजना

## ख. प्रमुख क्रियाकलापहरू तथा लक्ष्य निर्धारण

| प्रमुख क्रियाकलापहरु र लक्ष्य निर्धारण | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| क्रस | क्रियाकलाप विस्तृतीकरण | क्षेत्र | इकाई | लक्ष्य | भौतिक लक्ष्य (५ वर्ष) | | | | | |
| | | | | | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | जम्मा |
| १ | प्रारम्भिक बालविकासका सहजकर्ताहरूको पारिश्रमिक | प्रारम्भिक बालविकास र शिक्षा | पटक | ६० | १२ | १२ | १२ | १२ | १२ | ६० |
| २ | प्रारम्भिक बालविकासमा न्यूनतम सक्षमता विकास गर्न प्रति विद्यार्थी एकाइ लागतका आधारमा अनुदान | प्रारम्भिक बालविकास र शिक्षा | पटक | ६० | १२ | १२ | १२ | १२ | १२ | ६० |
| ३ | प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्रहरूको नक्साङ्कन तथा पुनर्वितरण | प्रारम्भिक बालविकास र शिक्षा | पटक | ५ | १ | १ | १ | १ | १ | ५ |
| ४ | परिवार, समुदाय, गैर सरकारी सङ्घसंस्था, निजीक्षेत्रसँगको सहकार्य गर्ने | प्रारम्भिक बालविकास र शिक्षा | पटक | ५ | १ | १ | १ | १ | १ | ५ |
| ५ | अनाथ असहाय र अपाङ्गता पहिचान गरी थप सेवा उपलब्ध गराउने | प्रारम्भिक बालविकास र शिक्षा | पटक | ५ | १ | १ | १ | १ | १ | ५ |
| ६ | बालबालिकाको अभिलेखीकरण गर्ने | प्रारम्भिक बालविकास र शिक्षा | पटक | ५ | १ | १ | १ | १ | १ | ५ |
| ७ | बालविकस केन्द्रका सहजकर्ताका लागि क्षमताविकास कार्यक्रम सञ्चालन | प्रारम्भिक बालविकास र शिक्षा | पटक | २ | ० | १ | ० | ० | १ | २ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ८ | पोषणयुक्त दिवा खाजाको व्यवस्था गर्ने | प्रारम्भिक बालविकास र शिक्षा | पटक | २० | ४ | ४ | ४ | ४ | ४ | २० |
| ९ | बालबालिकाको स्वास्थ्य जाँच, खोप तथा स्वास्थ्य सम्बन्धी अभिलेख व्यवस्थापन, वृद्धि अनुगमन गर्ने र कुपोषण भएका बालबालिकाको आवश्यक प्रबन्ध गर्ने | प्रारम्भिक बालविकास र शिक्षा | पटक | ५ | १ | १ | १ | १ | १ | ५ |
| १० | स्थानीय भाषालाई प्राथमिकता दिई आवश्यकताअनुसार स्थानीय भाषाको प्रयोग | प्रारम्भिक बालविकास र शिक्षा | पटक | ५ | १ | १ | १ | १ | १ | ५ |
| ११ | प्रारम्भिक वालविकास सहजकर्ताहरूको सेवा तथा सुविधामा वृद्धी गर्ने | प्रारम्भिक बालविकास र शिक्षा | पटक | | | १ | | | १ | |
| १२ | प्रारम्भिक बालविकास सहजकर्ताको दरबन्दी थप घट | प्रारम्भिक बालविकास र शिक्षा | | | | | | | | |
| १३ | राष्ट्रिय न्यूनतम मापदण्ड अनुसार प्रत्येक केन्द्रमा पोषण, खेल मैदान, सयन कक्ष, श्रव्य–दृश्य सामग्री र बालमैत्री वातावरण निर्माण। | प्रारम्भिक बालविकास र शिक्षा | वटा | १५ | ३ | ३ | ३ | ३ | ३ | १५ |

### ३.२ आधारभतू शिक्षा

### ३.२.१ परिचय

नेपालको नेपालको संविधान ले आधारभूत शिक्षालाई मौलिक हकका रूपमा सुनिश्चित गरेको छ। संविधानको धारा ३१ अनुसार प्रत्येक नागरिकलाई आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क प्राप्त गर्ने अधिकार छ। यसले राज्यलाई सबै बालबालिकाका लागि समान, समावेशी र गुणस्तरीय शिक्षा उपलब्ध गराउने दायित्व प्रदान गरेको छ। राष्ट्रिय शिक्षा नीति ले आधारभूत शिक्षालाई १—८ कक्षासम्म परिभाषित गर्दै समावेशी, जीवनोपयोगी तथा सीपमुखी शिक्षामा जोड दिएको छ। नीति अनुसार सबै बालबालिकाको पहुँच, सहभागिता, निरन्तरता र सिकाइ उपलब्धि सुनिश्चित गर्नु राज्यको प्राथमिकता हो। त्यसैगरी अनिवार्य तथा निःशुल्क शिक्षा ऐन ले आधारभूत शिक्षा अनिवार्य र निःशुल्क हुने स्पष्ट व्यवस्था गरेको छ। यस ऐनले अभिभावकलाई बालबालिकालाई विद्यालय पठाउने जिम्मेवारी तोकेको छ भने राज्यलाई आवश्यक पूर्वाधार, शिक्षक र स्रोत—साधन उपलब्ध गराउने कानुनी दायित्व दिएको छ। यसरी संविधान, नीति र ऐनले आधारभूत शिक्षालाई अधिकारका रूपमा स्थापित गर्दै कार्यान्वयनका लागि स्पष्ट मार्गनिर्देशन गरेका छन्।

### ३.२.२ वर्तमान अवस्था

मिक्वाखोला गाउँपालिकाका सामुदायिक विद्यालयहरूमा आधारभूत शिक्षा प्रवाहको विश्लेषण गर्दा, हाल विद्यार्थी संख्या १३१४, शिक्षक दरबन्दी ११७ र शिक्षक-विद्यार्थी अनुपात १:११ रहेको देखिन्छ। विद्यार्थीमध्ये दलित १०२, जनजाति १०९२ र अपाङ्गता भएका बालबालिका १४ रहेका छन्। केही विद्यालयमा पूर्वाधार, जस्तै कक्षा कोठा, शौचालय, खानेपानी, खेलमैदान र सूचना तथा सञ्चार प्रविधि पर्याप्त छैन। गाउँपालिकाले विद्यालयको शैक्षिक गुणस्तर सुधार, शिक्षक व्यवस्थापन, शैक्षिक सामग्री उपलब्धता तथा विद्यार्थीमैत्री वातावरण निर्माणमा विभिन्न पहलहरू गरिरहेको छ। साथै, राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता, अतिरिक्त क्रियाकलाप, छात्रवृत्ति वितरण, विद्यालय अनुगमन तथा शिक्षक तालिम जस्ता कार्यक्रमहरू सञ्चालन गरी शिक्षालाई प्रभावकारी बनाउने प्रयास भइरहेको छ।

हालका वर्षहरूमा केही विद्यालयहरूले SEE परीक्षामा राम्रो नतिजा हासिल गरेका छन्। उदाहरणका रूपमा श्री मोती माध्यमिक विद्यालयले शैक्षिक सत्र २०८१ मा SEE परीक्षामा शतप्रतिशत नतिजा ल्याउन सफल भएको तथ्यले गाउँपालिकाको शिक्षा क्षेत्रमा सकारात्मक उपलब्धि देखाउँछ।

यद्यपि, भौगोलिक विकटता, केही विद्यालयहरूमा भौतिक पूर्वाधारको अभाव, विषयगत शिक्षकको कमी, सूचना प्रविधिको सीमित प्रयोग तथा शैक्षिक गुणस्तरमा अझ सुधार आवश्यक रहेको अवस्था देखिन्छ। यी चुनौतीहरूलाई समाधान गर्न गाउँपालिकाले दीर्घकालीन शैक्षिक योजना निर्माण, पूर्वाधार विकास, शिक्षक क्षमता अभिवृद्धि तथा प्रविधिमैत्री शिक्षण प्रणाली लागू गर्ने दिशामा काम गरिरहेको छ।

समग्रमा, मिक्वाखोला गाउँपालिकाको शिक्षा क्षेत्र क्रमशः सुधारको दिशामा अघि बढिरहेको भए पनि गुणस्तरीय, प्रविधिमैत्री र समावेशी शिक्षा सुनिश्चित गर्न अझ थप प्रयास आवश्यक रहेको देखिन्छ। यी

चुनौतीहरूले गुणस्तरीय शिक्षा र समावेशी वातावरणको सुनिश्चिततामा प्रभाव पार्न सक्छ। तथ्यानुसार सुधार, स्रोत व्यवस्थापन र शिक्षक तालिमको आवश्यकता देखिन्छ।

**तालिका २**

**आधारभुत शिक्षासँग सम्बन्धित विवरण**

| जम्मा विद्यालय संख्या | | जम्मा विद्यार्थी | | | दलित विद्यार्थी | | | अपाङ्गता भएका विद्यार्थी | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रकार | संख्या | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| सामुदायिक | २५ | ६२५ | ६८९ | १३१४ | ५० | ५२ | १०२ | | | |
| संस्थागत | | | | | | | | | | |
| जम्मा | | | | | | | | | | |

मिक्वाखोला गाउँपालिकाले आधारभूत शिक्षालाई समतामूलक, पहुँचयोग्य र गुणस्तरीय बनाउने नीति अवलम्बन गरेको छ। मिक्वाखोला गाउँपालिकामा केही बालबालिका अझै विद्यालय बाहिर रहेका छन्। सामुदायिक विद्यालयहरूमा स्वच्छ खानेपानी, समावेशी शौचालय, पुस्तकालय, खेलमैदान तथा सूचना प्रविधि (इन्टरनेट, कम्प्युटर ल्याब) जस्ता पूर्वाधारको अभाव देखिएको छ। विषयगत शिक्षकको कमी, परम्परागत शिक्षण पद्धति तथा सीमित सिकाइ सामग्रीका कारण शिक्षाको गुणस्तर सुधारमा चुनौती रहेको छ।

### ३.२.३ उद्देश्य

क) आधारभूत शिक्षालाई सबै बालबालिकाका लागि **पहुँचयोग्य, समतामूलक, निःशुल्क र अनिवार्य** बनाउनु

ख) सिकाइ उपलब्धि र शिक्षाको गुणस्तरमा सुधार गर्नु

ग) आधारभूत विद्यालयको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, समावेशी र सुरक्षित बनाउनु

### ३.२.४ रणनीतिहरू

क) कुनै पनि बालबालिका शिक्षाबाट वञ्चित नहोस् भन्ने उद्देश्यले विशेष भर्ना तथा पुनःभर्ना अभियान सञ्चालन गर्ने

ख) विद्यालय बाहिर रहेका विद्यालय उमेरका बालबालिकाहरूको यथार्थ विवरण सङ्कलन गरी शिक्षामा पहुँच सुनिश्चित गर्ने व्यवस्था मिलाउने

ग) अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा कार्यान्वयनका लागि आवश्यक कानुनी व्यवस्था तथा कार्यविधि तर्जुमा गर्ने

घ) अनिवार्य तथा निःशुल्क शिक्षाका लागि आवश्यक आर्थिक तथा अन्य स्रोतको सुनिश्चितता गर्ने

ङ) विद्यालय नक्साङ्कन गर्ने तथा विद्यालयहरूको पुनर्वितरण र समायोजन गरी शैक्षिक पहुँच सन्तुलित बनाउने

च) शिक्षक दरबन्दी पुनर्वितरण तथा समायोजन गरी विषयगत तथा कक्षागत शिक्षकको पर्याप्तता सुनिश्चित गर्ने

मिक्वाखोला गाउँपालिका शिक्षा योजना

छ) सामुदायिक विद्यालयहरूको गुणस्तर सुधार गरी तिनलाई प्रतिस्पर्धी, प्रभावकारी र विश्वसनीय बनाउने

ज) शिक्षण—सिकाइ विधिमा आवश्यक परिमार्जन गरी विद्यार्थीकेन्द्रित, क्रियाकलाप आधारित तथा व्यवहारमुखी पद्धति अवलम्बन गर्ने

झ) कक्षा ३ सम्म आधारभूत कक्षा शिक्षण प्रभावकारी रूपमा कार्यान्वयन गर्ने

ञ) न्यूनतम सिकाइ उपलब्धि हासिल गराउन आवधिक रूपमा सिकाइको मूल्याङ्कन गर्ने

ट) मूल्याङ्कनलाई शिक्षण—सिकाइ प्रक्रियाको अभिन्न अङ्गका रूपमा प्रयोगमा ल्याउने

ठ) कक्षाकोठामा आधारित मूल्याङ्कन प्रणाली सुदृढ गर्न क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने

ड) विद्यार्थीलाई आवश्यक शैक्षिक सहयोग उपलब्ध गराई सिकाइ उपलब्धिमा सुधार ल्याउने

ढ) अन्तरसम्बन्धित विषयवस्तुलाई एकीकृत गरी सिकाइ सामग्री, विधि तथा क्रियाकलापमा सुधार गर्ने

ण) दैनिक जीवनसँग सम्बन्धित व्यवहारिक सिपहरूलाई सिकाइ क्रियाकलापमा समावेश गर्ने

त) शिक्षकलाई प्रधानाध्यापक तथा प्रधानाध्यापकलाई स्थानीय तहप्रति जवाफदेही बनाउने

थ) आवश्यक शिक्षक तालिम, तयारी तथा प्रोत्साहनका कार्यक्रम सञ्चालन गर्ने

द) शिक्षक विकास तथा सहायता प्रणालीलाई व्यवस्थित गर्ने

ध) शिक्षामा कार्यरत सबै जनशक्तिको क्षमता विकास र उत्प्रेरणा व्यवस्थापन गर्ने

न) विद्यालय तथा शैक्षिक निकायको शासकीय र व्यवस्थापकीय पद्धतिमा सुधार गरी नतिजाप्रति जवाफदेहिता सुनिश्चित गर्ने

ऩ) विद्यालयको कार्यसम्पादन तथा विद्यार्थीको सिकाइ उपलब्धिको नियमित परीक्षण गरी पारदर्शिता र जवाफदेहिता सुनिश्चित गर्ने

प) विद्यालयहरूमा खानेपानी, शौचालय तथा सरसफाइको उचित प्रबन्ध सहित न्यूनतम भौतिक सुविधा सुनिश्चित गर्ने

फ) विद्यालयलाई बालमैत्री, समावेशी र सुरक्षित सिकाइ वातावरणयुक्त बनाउने

ब) सबै विद्यालयहरूमा प्राथमिकता प्राप्त न्यूनतम सक्षमता पूरा गराउने

भ) विद्यार्थीको पोषण तथा स्वास्थ्यमा सुधार ल्याउने कार्यक्रम सञ्चालन गर्ने

म) स्थानीय उत्पादनमा आधारित पौष्टिक तथा स्वस्थकर दिवा खाजाको प्रबन्धलाई व्यवस्थित गर्ने

य) विद्यालयमा आधारित शैक्षिक तथा मनोसामाजिक परामर्श सेवा उपलब्ध गराउने

र) विद्यालय शिक्षालाई विविधताअनुकूल, समावेशी र समतामूलक बनाउन स्थानीय परिवेशअनुकूल सिकाइ क्रियाकलाप सञ्चालन गर्ने तथा भाषिक र सामाजिक—सांस्कृतिक विविधताको सम्मान गर्ने

ऱ) विद्यालय शिक्षालाई प्रकोप, संकट तथा महामारीजस्ता परिस्थितिप्रति उत्थानशील बनाउने योजना तयार गरी कार्यान्वयन गर्ने

ल) सूचना तथा सञ्चार प्रविधिको प्रयोग विस्तार गरी शिक्षालाई आधुनिक, सहज र प्रभावकारी बनाउने

## ३.२.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

### क. उपलब्धि

मिक्वाखोला गाउँपालिकामा आधारभूत शिक्षा सबै बालबालिकाका लागि पहुँचयोग्य, समतामूलक, निःशुल्क र अनिवार्य भएको हुनेछ। यसका साथै सिकाइ उपलब्धिमा वृद्धि भई शिक्षाको गुणस्तरमा सुधार भएको

हुनेछ। आधारभूत विद्यालयहरूको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, समावेशी र सुरक्षित भएको सुनिश्चित गरिएको हुनेछ।

नतिजाको दृष्टिले, आधारभूत तहको खुद भर्नादर उच्च स्तरमा पुगेको हुनेछ। सबै विद्यालयले प्राथमिकता प्राप्त न्यूनतम सक्षमता (PMEC) पूरा गरेका हुनेछन् र आधारभूत तहको सिकाइ उपलब्धि ९५ प्रतिशत पुगेको हुनेछ, जसले विद्यार्थीहरूको समग्र सिकाइ क्षमता र गुणस्तरीय शिक्षा सुनिश्चित गर्नेछ।

सिक्ताखोला गाउँपालिका शिक्षा योजना

## ख. प्रमुख क्रियाकलाप र लक्ष्यः

| प्रमुख क्रियाकलापहरु र लक्ष्य निर्धारण | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | क्रियाकलाप विस्तृतीकरण | | इकाई | लक्ष्य | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | |
| कस | | क्षेत्र | | | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | जम्मा | |
| १ | आधारभूत तहका स्वीकृत दरवन्दीका शिक्षक, राहत अनुदान शिक्षकका लागि तलब भत्ता अनुदान | आधारभुत शिक्षा | पटक | ६० | १२ | १२ | १२ | १२ | १२ | ६० | |
| २ | विद्यालय कर्मचारी व्यवस्थापन अनुदान आधारभूत विद्यालय (कक्षा १-८) | आधारभुत शिक्षा | पटक | ६० | १२ | १२ | १२ | १२ | १२ | ६० | |
| ३ | सिकाइका लागि निरन्तर विद्यार्थी मूल्याङ्कनःआवश्यक सामग्री, सुधारात्मक शिक्षण अनुदान,कक्षा १ मा नयाँ भर्ना भएका विद्यार्थीको पोर्टफोलियो समेतका लागि | आधारभुत शिक्षा | पटक | ५ | 1 | 1 | 1 | 1 | १ | ५ | |
| ४ | शिक्षण सिकाइ सामग्री, डिजिटल सिकाइ सामग्री तथा Book Corner व्वस्थापनका लागि प्रति विद्यार्थी लागत अनुदान (कक्षा १-५) | आधारभुत शिक्षा | पटक | ५ | 1 | 1 | 1 | 1 | १ | ५ | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ५ | शिक्षण सिकाइ सामग्री तथा डिजिटल सिकाइ सामग्री व्यवस्थापनका लागि प्रति विद्यार्थी लागत अनुदान (कक्षा ६-८) | आधारभुत शिक्षा | पटक | ५ | 1 | 1 | 1 | 1 | १ | ५ |
| ६ | (कक्षा १-५) मा अध्ययनरत विद्यार्थीहरूका लागि पाठ्यपुस्तकका लागि अनुदान | आधारभुत शिक्षा | पटक | ५ | १ | १ | १ | १ | १ | ५ |
| ७ | सञ्चालन तथा व्यवस्थापन अनुदान कक्षा १-५ | आधारभुत शिक्षा | पटक | ५ | १ | १ | १ | १ | १ | ५ |
| ८ | सञ्चालन तथा व्यवस्थापन अनुदान कक्षा १-८ | आधारभुत शिक्षा | पटक | ५ | १ | १ | १ | १ | १ | ५ |
| ९ | विद्यालयमा इन्टरनेट जडान तथा सञ्चालन खर्च | आधारभुत शिक्षा | पटक | ५ | १ | १ | १ | १ | १ | ५ |
| १० | आवश्यकता अनुसार छात्रावास सञ्चालनको सम्भाव्यता अध्ययन गर्ने | आधारभुत शिक्षा | पटक | १ | ० | ० | १ | ० | ० | १ |
| ११ | समुदायको सहभागितामा घरदैलो भर्ना अभियान सञ्चालन गर्ने | आधारभुत शिक्षा | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| १२ | प्रत्येक कक्षा र विषयका लागि सिकाइ उपलब्धि सूचक विकास गर्ने | आधारभुत शिक्षा | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| १३ | विद्यालय नक्शाङ्कन, पुनर्वितरण तथा समायोजन | आधारभुत शिक्षा | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १४ | तहगत र विषयगत रुपमा शिक्षक दरबन्दी मिलान | आधारभुत शिक्षा | पटक | १ | ० | १ | ० | ० | ० | |
| १५ | विद्यार्थीहरुको लागि अतिरिक्त क्रियाकलाप सञ्चालन | आधारभुत शिक्षा | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| १६ | राहत अनुदान शिक्षकहरुको तलव व्यवस्थापन | आधारभुत शिक्षा | पटक | ६० | १२ | १२ | १२ | १२ | १२ | ६० |
| १७ | आधारभुत तहमा शिक्षण सिकाइ अनुदानमा कार्यरत शिक्षकको तलब व्यवस्थापन | आधारभुत शिक्षा | पटक | ६० | १२ | १२ | १२ | १२ | १२ | ६० |
| १८ | आधारभूत तहको प्रति विद्यार्थी लागत अनुदान | आधारभुत शिक्षा | पटक | ६० | १२ | १२ | १२ | १२ | १२ | ६० |
| १९ | विद्यालय पुनर्वितरण, समायोजन र नयाँ स्थापना गरेर पहुँच सुधार गर्ने | आधारभुत शिक्षा | पटक | २ | १ | ० | ० | ० | १ | २ |
| २० | राष्ट्रिय परीक्षा बोर्डबाट विकास गरिएको कक्षा ८ को परीक्षा सञ्चालनसम्बन्धी मार्गदर्शन समेतका आधारमा परीक्षा सञ्चालन तथा विद्यार्थी मूल्याङ्कन | आधारभुत शिक्षा | पटक | ५ | १ | १ | १ | १ | १ | ५ |

## ३.३ माध्यमिक शिक्षा

### ३.३.१ परिचय

नेपालको वर्तमान संविधानले माध्यमिक तहको शिक्षा निःशुल्क प्राप्त गर्ने हक स्थापित गरेको छ भने अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५ ले पनि प्रत्येक नागरिकालाइ माध्यमिक शिक्षा प्रदान गर्ने दायित्व राज्यको हुने उल्लेख गरेको छ। राष्ट्रिय शिक्षा नीति २०७६ ले गुणस्तरिय माध्यमिक शिक्षामा सबैको निःशुल्क पहुँच सुनिश्चित गर्दै यसवाट सिर्जनशिलता रचनात्मकता,अध्ययनशिलता,सकारात्मक चिन्तन र सदाचार जस्ता गुण सहितको प्रतिस्पर्धी सिपयुक्त एवम् उत्पादनशिल जनशक्ति तयार गर्ने उद्देश्य राखेको छ ।

श्रमप्रति सकारात्मक भावना भएका सिपमूलक जनशक्ति उत्पादन गर्ने माध्यमिक तहको शिक्षालाई साधारण, व्यवसायिक र संस्कृत गरी तीन धारमा बाँडिएको छ। विद्यालय क्षेत्र विकास कार्यक्रमको कार्यान्वयन सँगै कक्षा (९—१२) मा प्राविधिक तथा व्यवसायिकधारको सुरुवातगरिएको छ । यो तहको शिक्षा कामको संसाधन प्रवेश गर्न सक्ने सिप सहितको नागरिक विकास तथा उच्च शिक्षाको लागि तयारीको आधार पनि हो । नेपालको शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ अनुसारको पाठ्यक्रमको कार्यान्वयन वि.स. २०७७ वाट प्रारम्भ भएको छ ।

विज्ञान प्रविधि तथा नवप्रवर्तन नीति २०७६ ले विद्यालय तहदेखिनै परम्परागत मौलिक ज्ञान, प्रविधि तथा सिपका वारेमा अध्ययन अध्यापन गरी वैज्ञानिक चिन्तन तथा सिर्जनसिलता अभिवृद्धि गर्ने रणनीति लिएको छ ।

### ३.३.२ वर्तमान अवस्था

मिक्वाखोला गाउँपालिकाका सामुदायिक विद्यालयहरूमा माध्यमिक शिक्षा प्रवाहको विश्लेषण गर्दा, हाल विद्यार्थी संख्या २९९, शिक्षक दरबन्दी २० र शिक्षक—विद्यार्थी अनुपात १:१५ रहेको देखिन्छ। विद्यार्थीमध्ये दलित ६, जनजाति २५९ र अपाङ्गता भएका बालबालिका १ रहेका छन्। केही विद्यालयमा पूर्वाधार, जस्तै कक्षा कोठा, शौचालय, खानेपानी, खेलमैदान र सूचना तथा सञ्चार प्रविधि पर्याप्त छैन। यी चुनौतीहरूले गुणस्तरीय शिक्षा र समावेशी वातावरणको सुनिश्चिततामा प्रभाव पार्न सक्छ। तथ्यानुसार सुधार, स्रोत व्यवस्थापन र शिक्षक तालिमको आवश्यकता देखिन्छ।

**तालिका ३**

**माध्यमिक शिक्षासँग सम्बन्धित विवरण**

| जम्मा विद्यालय संख्या | | जम्मा विद्यार्थी | | | दलित विद्यार्थी | | | अपाङ्गता भएका विद्यार्थी | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रकार | संख्या | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| सामुदायिक | ४ | १३९ | १६० | २९८ | २ | ४ | ६ | १ | ० | १ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| संस्थागत | | | | | | | | | | |
| जम्मा | | | | | | | | | | |

नेपालको संघीय संरचना र शैक्षिक नीतिअनुसार कक्षा ९—१२ लाई माध्यमिक शिक्षा मानिएको मिक्वाखोला गाउँपालिकाले माध्यमिक शिक्षालाई सक्षम, कर्मठ, नैतिकवान र पौरखी मानव स्रोत उत्पादन गर्ने आधारका रूपमा परिभाषित गरेको छ। गाउँपालिकाको साक्षरता दर उच्च भए पनि माध्यमिक तहमा पहुँच र गुणस्तर सुधारको आवश्यकता रहेको छ। विषयगत शिक्षकको अभाव, विज्ञान तथा कम्प्युटर प्रयोगशालाको कमी र इन्टरनेट सुविधा अपर्याप्त रहेको छ भनेकेही विद्यालय अझै ०+२ मोडेलमा सञ्चालन भइरहेका र पूर्ण माध्यमिक संरचनामा रूपान्तरण गर्नुपर्ने अवस्था रहेको छ।

### ३.३.३ उद्देश्य

क) माध्यमिक शिक्षामा सबैको पहुँच तथा सहभागिता सुनिश्चित गर्नु,

ख) माध्यमिक शिक्षाको सान्दर्भिकता र गुणस्तरमा सुधार गर्नु

ग) विद्यालयहरूको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, समावेशी, र सुरक्षित बनाउनु

### ३.३.४ रणनीतिहरू

क) विद्यालयहरूको नक्साङ्कन तथा संरचनागत सुधार गरी पूर्ण माध्यमिक संरचनामा रूपान्तरण गर्ने

ख) सबै बालबालिकाको पहुँच सुनिश्चित गर्न विद्यालयहरूको पुनर्वितरण, समायोजन तथा आवश्यकता अनुसार स्थापना गर्ने

ग) निःशुल्क माध्यमिक शिक्षामा पहुँच अभिवृद्धि गर्ने

घ) माध्यमिक तहमा खुद भर्नादर र टिकाउदर बढाउने

ङ) विपन्न तथा लक्षित समूहका लागि छात्रवृत्ति र विशेष अनुदानको व्यवस्था गर्ने

च) विद्यार्थी प्रोत्साहन कार्यक्रम सञ्चालन गर्ने

छ) वैकल्पिक शिक्षाका कार्यक्रम सञ्चालन गर्ने

ज) सबै विद्यालयमा न्यूनतम सिकाइ वातावरण सुनिश्चित गर्ने

झ) माध्यमिक तहमा दक्ष विषय शिक्षकको व्यवस्था गर्ने

ञ) शिक्षक पेसागत विकास तथा सहयोगको व्यवस्था गर्ने

ट) शिक्षकहरूका लागि अभिप्रेरणाका कार्यक्रम सञ्चालन गर्ने

ठ) शिक्षण—सिकाइ पद्धतिमा सुधार गर्ने

ड) हरेक विद्यालयमा सूचना तथा सञ्चार प्रविधि विस्तार गर्ने

ढ) स्मार्ट बोर्ड, इन्टरनेट तथा श्रव्य—दृश्य सामग्रीको प्रयोग विस्तार गर्ने

मिक्वाखोला गाउँपालिका शिक्षा योजना

ण) विद्यालयहरूलाई प्रकोप, सङ्कट तथा महामारीप्रति उत्थानशील बनाउने

त) विज्ञान विषय अध्ययनका लागि आवश्यक पूर्वाधारसहितको व्यवस्था गर्ने

थ) थप विद्यालयहरूमा विज्ञान संकाय विस्तारका लागि अध्ययन तथा लगानी गर्ने

द) व्यावसायिक, कृषि, सङ्गीत वा आयुर्वेद जस्ता विशिष्टीकृत विद्यालय स्थापनाको सम्भाव्यता अध्ययन गर्ने

ध) छानिएका विद्यालयलाई अङ्ग्रेजी माध्यमबाट नमूना विद्यालयका रूपमा विकास गर्ने

न) यौन शिक्षा, आत्मरक्षा तथा मनोसामाजिक परामर्श कार्यक्रम सञ्चालन गर्ने

ऩ) सदाचार, अनुशासन र समाजसेवा समेटिएको नैतिक शिक्षा कार्यक्रम लागू गर्ने

प) सफल व्यक्तिहरूसँग अन्तरक्रिया तथा प्रेरणादायी कार्यक्रम सञ्चालन गर्ने

फ) सक्षम र उत्प्रेरित प्रधानाध्यापकको व्यवस्था गर्ने

ब) आवधिक रूपमा सिकाइको मूल्याङ्कन गरी विद्यार्थीको सिकाइप्रति जवाफदेही प्रणाली विकास गर्ने

## ३.३.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

### क. उपलब्धि

माध्यमिक शिक्षामा सबै बालबालिकाका लागि पहुँच सुनिश्चित हुने र शिक्षाको सान्दर्भिकता तथा गुणस्तरमा उल्लेखनीय सुधार आउने अपेक्षा गरिएको छ। यस अन्तर्गत सबै बालबालिकाले निःशुल्क माध्यमिक शिक्षा प्राप्त गर्ने अवसर पाउनेछन् र खुद भर्ना तथा टिकाउ दरमा वृद्धि हुनेछ। सबै माध्यमिक विद्यालयले आधारभूत मापदण्ड पुरा गर्नेछन्, जसले गुणस्तरीय शिक्षाको प्रवाह सुनिश्चित गर्नेछ र विद्यार्थीहरूको दक्षता, शारीरिक तथा मानसिक विकासमा योगदान पुर्‍याउनेछ।

## ख. प्रमुख क्रियाकलापहरू तथा लक्ष्य निर्धारण

| प्रमुख क्रियाकलापहरु र लक्ष्य निर्धारण | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | क्रियाकलाप विस्तृतीकरण | | इकाई | लक्ष्य | भौतिक लक्ष्य (५ वर्ष) | | | | | |
| क्रस | | क्षेत्र | | | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | जम्मा |
| १ | माध्यमिक तहका स्वीकृत दरबन्दीका शिक्षक, राहत अनुदान शिक्षकका लागि तलब भत्ता अनुदान (विशेष शिक्षा परिषद अन्तर्गतका शिक्षक/कर्मचारी,प्राविधिक धारका प्रशिक्षकसमेत) | माध्यमिक शिक्षा | पटक | ६० | १२ | १२ | १२ | १२ | १२ | ६० |
| २ | विद्यालय कर्मचारी व्यवस्थापन अनुदान माध्यमिक विद्यालय (कक्षा १-१२) (१ जना सहयोगी र १ जना लेखा कर्मचारी) | माध्यमिक शिक्षा | पटक | ६० | १२ | १२ | १२ | १२ | १२ | ६० |
| ३ | शिक्षण सिकाइ सामग्री तथा डिजिटल सिकाइ सामग्री व्यवस्थापनका लागि प्रति विद्यार्थी लागत अनुदान (कक्षा ९-१२) | माध्यमिक शिक्षा | पटक | ५ | १ | १ | १ | १ | १ | ५ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ४ | (कक्षा ९-१०) मा अध्ययनरत विद्यार्थीहरूका लागि पाठ्यपुस्तक अनुदान | माध्यमिक शिक्षा | पटक | ५ | १ | १ | १ | १ | १ | ५ |
| ५ | (कक्षा ११-१२) मा अध्ययनरत विद्यार्थीहरूका लागि पाठ्यपुस्तक अनुदान | माध्यमिक शिक्षा | पटक | ५ | १ | १ | १ | १ | १ | ५ |
| ६ | सञ्चालन तथा व्यवस्थापन अनुदान कक्षा १-१० | माध्यमिक शिक्षा | पटक | ५ | १ | १ | १ | १ | १ | ५ |
| ७ | सञ्चालन तथा व्यवस्थापन अनुदान कक्षा १-१२ | माध्यमिक शिक्षा | पटक | ५ | १ | १ | १ | १ | १ | ५ |
| ८ | माध्यमिक तह सञ्चालित विद्यालयहरूलाई विद्यालय सुधार योजना निर्माण तथा अद्यावधिक, सामाजिक परीक्षण तथा आर्थिक लेखा परिक्षण, विद्यार्थी रिपोर्ट कार्ड, विद्यालय तथ्याङ्कन व्यवस्थापन, बुलेटिन प्रकासनल, अभिभावक शिक्षा एवम् अतिरिक्त क्रियाकलाप सञ्चालनका लागि गैर अनुदान | माध्यमिक शिक्षा | पटक | ५ | १ | १ | १ | १ | १ | ५ |

सिक्केखोला गाउँपालिका शिक्षा योजना

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ९ | विद्यालय नक्साङ्कन गरी प्रारम्भिक बाल विकासदेखि कक्षा १२ सम्म पूर्ण माध्यमिक ढाँचामा रूपान्तरण गर्ने | माध्यमिक शिक्षा | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| १० | किशोर–किशोरीको यौन शिक्षा, आत्मरक्षा र मनोसामाजिक परामर्श कार्यक्रम सञ्चालन गर्ने | माध्यमिक शिक्षा | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| ११ | सफल व्यक्तिहरूसँग अन्तरक्रिया र प्रेरणादायी कार्यक्रम सञ्चालन गर्ने | माध्यमिक शिक्षा | पटक | १ | ० | ० | १ | ० | ० | १ |
| १२ | अतिरिक्त क्रियाकलाप सञ्चालन (सङ्गित तथा नृत्य प्रतियोगिता,निबन्ध र कविता लेखन प्रतियोगिता, वादविवाद, हाजिरी जवाफ र वक्तृत्वकला प्रतियोगिता) | माध्यमिक शिक्षा | पटक | ५ | १ | १ | १ | १ | १ | ५ |

सिक्वाखोला गाउँपालिका शिक्षा योजना

## ३.४ अनौपचारिक शिक्षा तथा आजिवन सिकाई

### ३.४.१ परिचय

औपचारिक पद्धति भन्दा बाहिर फरक समयमा विभिन्न उमेर समुहमा दिइने शिक्षा नै अनौपचारिक शिक्षा हो। यो एउटा निरन्तर प्रक्रिया जस्तो पनि हो। औपचारिक शिक्षा प्रणालीको संरचना भन्दा बाहिर मानवजीवनका लागि आवश्यक ज्ञान, सीप र प्रक्रियाका प्रशोधन गर्न जीवनप्रयन्त अर्थात आजीवन सिकाई प्रणाली अनौपचारिक शिक्षा हो। अनौपचारिक शिक्षा त्यस्तो सांस्कृतिक केन्द्र हो जहाँ सहभागीहरू आफ्ना जीवनमा आइपर्ने समस्याहरूको बारेमा छलफल र समाधानका उपायहरू खोजी निर्णय कार्यान्वयन गर्दैछन। आफ्नो जीवनको इतिहास आफै लेख्छन। तसर्थ सिकाई जीवन पद्धतिसंग जोडिएको हुनेछ। अनौपचारिक एवं आजीवन शिक्षाले समाजमा विद्यमान विभिन्न किसिमका समुहका लागि आफ्ना लक्ष्य बनाई सेवा प्रदान गर्दछ। निरक्षरका लागि साक्षरता साक्षरका लागि साक्षरोत्तर सिकाई अवसरका लागि स्तरबृद्धि शिक्षासंग सीप र आम्दानी जोड्दै शिक्षित समाजको विकासका लागि अनौपचारिक एवं आजीवन शिक्षाले काम गर्दछ।

संविधानले सुनिश्चित गरेको शिक्षा पाउने हक, राष्ट्रिय शिक्षा नीतिका सिद्धान्त, दिगो विकासको लक्ष्यमा समेत नागरिकले शिक्षा पाउने हकको कार्यान्वयन गर्न औपचारिक शिक्षासंग अनौपचारिक शिक्षा प्रणालीले समेत योगदान गर्दछ। विभिन्न सिकाई अवस्थाको आधारमा थप सिकाई अवसरको निर्माण गरी आजीवन सिकाई संस्कृतिको विकास गर्न आवश्यक छ। राष्ट्रिय शिक्षा नीति २०७६ ले नेपाललाई पूर्ण साक्षर मुलुक तुल्याइ अनौपचारिक वैकल्पिक परम्परागत र खुला शिक्षाको माध्यमबाट आजीवन सिकाई संस्कृतिका विकास गर्न, सबै प्रकारका अपाङ्गता भएका व्यक्तिको लागि गुणस्तरीय शिक्षाको पहुँच सुनिश्चित गरी जीवन पर्यन्त शिक्षाका माध्यमबाट मर्यादित जीवनयापन गर्न सक्षम र प्रतिस्पर्धी नागरिक तयार पार्ने निर्धारण गरेको छ ।

### ३.४.२ वर्तमान अवस्था

गाउँपालिकामा १५ देखि ६० वर्ष सम्मका विद्यालयको पहुँच बाहिर रहेको व्यक्तिलाई लक्षित गरी विभिन्न वर्षमा सञ्चालन गरिएको साक्षरता कक्षाहरूबाट गाउँपालिकाको १५ देखि ६० वर्ष उमेरका जनसंख्यामा कुल साक्षरता ८० प्रतिशत भन्दा माथि पुगेको छ । गाउँपालिकामा १ वटा सिकाई केन्द्रहरू सञ्चालनमा छ । विभिन्न कारणले औपचारिक शिक्षाबाट वञ्चित भएका नागरिकहरूका लागि अनौपचारिक शिक्षा र वैकल्पिक सिकाइको अवसर सुनिश्चित गर्ने लक्ष्य राखेको छ। सबै उमेर समूहलाई शिक्षाको मूल प्रवाहमा जोड्दै जीवन पर्यन्त सिकाइलाई प्रोत्साहन गर्ने उद्देश्य लिएको छ। औपचारिक शिक्षाबाट बाहिर रहेका नागरिकहरूलाई समेट्ने संस्थागत संरचना सुदृढ गर्न आवश्यक देखिएको छ। केही सामुदायिक सिकाइ केन्द्र र पुस्तकालय सञ्चालनमा रहे पनि सबै वडामा प्रभावकारी पहुँच विस्तार गर्नुपर्ने अवस्था रहेको छ। मदरसा, गुरुकुल, गुम्बा, विहार र वेद विद्याश्रमजस्ता वैकल्पिक संस्थाहरूको समन्वय र स्रोत सुदृढीकरण आवश्यक रहेकोप्रौढ साक्षरता, खुला तथा दूर

शिक्षामा सहभागिता बढाउन थप सहजीकरण आवश्यक रहेको छ।

### ३.४.३ उद्देश्य

क) अनौपचारिक शिक्षा एवम् आजीवन सिकाइको माध्मबाट जीवनोपयोगी, सीपमूलक र निरन्तर सिकाइका कार्यक्रम विस्तार गर्नु

ख) सामुदायिक सिकाई केन्द्रको सबलीकरण गरी अनौपचारिक शिक्षा र निरन्तर शिक्षाका कार्यक्रम सञ्चालन गर्नु,

ग) औपचारिक, अनौपचारिक तथा अरितिक माध्यमबाट प्राप्त ज्ञान, सिपको अभिलेखीकरण गरी परीक्षण तथा प्रमाणीकरण गर्नु

### ३.४.४ रणनीतिहरू

क) घरधुरी सर्वेक्षण गरी साक्षर तथा निरक्षर जनसंख्याको पहिचान र अभिलेखीकरण गर्ने

ख) औपचारिक शिक्षाबाट वञ्चित सबै उमेर समूहलाई लक्षित गरी कार्यक्रम सञ्चालन गर्ने

ग) प्रत्येक वडामा सामुदायिक सिकाइ केन्द्र स्थापना, समायोजन तथा सुदृढीकरण गर्ने

घ) सामुदायिक सिकाइ केन्द्रलाई बहुउद्देश्यीय केन्द्रका रूपमा विकास गर्दै विद्युतीय पुस्तकालय, सूचना केन्द्र तथा अन्य सेवा विस्तार गर्ने

ङ) "एक वडा एक पुस्तकालय" अवधारणा कार्यान्वयन गरी गाउँस्तरीय पुस्तकालय सञ्जाल निर्माण गर्ने

च) सूचना तथा सञ्चार प्रविधिको प्रयोग विस्तार गरी डिजिटल सिकाइ पहुँच बढाउने

छ) प्रौढ साक्षरता, साक्षरोत्तर तथा निरन्तर शिक्षा कार्यक्रम समुदायको सहकार्यमा सञ्चालन गर्ने

ज) संघीय, प्रदेश सरकार तथा अन्य संघसंस्थासँग सहकार्य र साझेदारीमा कार्यक्रम विस्तार गर्ने

झ) नवसाक्षर महिला तथा पुरुषलाई आयआर्जन र सीपमूलक कार्यक्रमसँग जोडेर आत्मनिर्भर बनाउने

ञ) नागरिकहरूको आवश्यकता अनुसार तहगत पाठ्यक्रम, सिकाइ मोडुल र भाषिक विविधताअनुसार सामग्री विकास तथा प्रयोग गर्ने

ट) खुला, वैकल्पिक, परम्परागत विद्यालय तथा मदरसा, गुरुकुल, गुम्बा, विहार र वेद विद्याश्रमसँग समन्वय र सुदृढीकरण गर्ने

ठ) सामुदायिक सिकाइ केन्द्रमार्फत सांस्कृतिक सम्पदाको संरक्षण, अभिलेखीकरण र प्रवर्द्धन गर्ने

ड) सरोकारवालाको समन्वयमा साक्षरता तथा साक्षरोत्तर कक्षा सञ्चालन गर्ने

ढ) समुदायमा रहेका परम्परागत ज्ञान तथा सीपहरुको अभिलेखीकरण गरी परीक्षण तथा प्रमाणीकरण गर्ने

ण) अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रमको नियमित अनुगमन, मूल्याङ्कन र अभिलेखीकरण प्रणाली सुदृढ गर्ने

त) सामुदायिक सिकाइ केन्द्रमार्फत आयआर्जन तथा सीपमूलक कार्यक्रम सञ्चालन गर्ने

**थ)** गाउँपालिकालाई पूर्ण साक्षर तथा शिक्षित पालिका घोषणा गर्ने लक्ष्यसहित चरणबद्ध कार्ययोजना कार्यान्वयन गर्ने

### ३.४.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

**क. उपलब्धिः**

सबै नागरिकहरूलाई साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यान्त सिकाइको अवसर प्राप्त भएको हुनेछ।

सिक्वाखोला गाउँपालिका शिक्षा योजना

## ख. प्रमुख क्रियाकलाप तथा लक्ष्य

| प्रमुख क्रियाकलापहरु र लक्ष्य निर्धारण | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| क्रस | क्रियाकलाप विस्तृतीकरण | क्षेत्र | इकाई | लक्ष्य | भौतिक लक्ष्य (५ वर्ष) | | | | | |
| | | | | | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | जम्मा |
| १ | सामुदायिक सिकाइ केन्द्र सञ्चालन अनुदान | अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ | पटक | ५ | १ | १ | १ | १ | १ | ५ |
| २ | वैकल्पिक र अनौपचारिक शिक्षा कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन गर्ने | अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ | पटक | ५ | १ | १ | १ | १ | १ | ५ |
| ३ | विद्यार्थीहरूलाई लागु पदार्थ र दुर्व्यसनबाट जोगाउन सचेतनामूलक कार्यक्रम | अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ | पटक | ५ | १ | १ | १ | १ | १ | ५ |
| ४ | अनौपचारिक शिक्षाको एकीकृत तथ्याङ्क व्यवस्थापन प्रणाली विकास गर्ने | अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| ५ | सामुदायिक सिकाइ केन्द्रलाई व्यवस्थापन अनुदान र क्षमता अभिवृद्धि प्रदान गर्ने | अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ | पटक | १ | ० | १ | ० | ० | ० | १ |
| ६ | सामुदायिक सिकाइ केन्द्रमार्फत सीप विकास र आयआर्जन कार्यक्रम सञ्चालन गर्ने | अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ | पटक | ५ | १ | १ | १ | १ | १ | ५ |

## परिच्छेद ४
## अन्तरसम्बन्धित विषय क्षेत्रहरु

### ४.१ पाठ्यक्रम र मूल्याङ्कन

### ४.१.१ परिचय

नेपालमा विद्यमान संविधान, राष्ट्रिय शिक्षा नीति, शिक्षा ऐन तथा सम्बन्धित नियम–निर्देशनले पाठ्यक्रम र मूल्याङ्कन प्रणालीलाई गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने प्रमुख माध्यमका रूपमा लिएको छ। यी कानुनी प्रावधानअनुसार पाठ्यक्रमले विद्यार्थीको सैद्धान्तिक ज्ञानसँगै व्यवहारिक, जीवनोपयोगी सीप विकास गर्न लक्षित छ भने मूल्याङ्कन प्रणालीले सिकाइ उपलब्धि, दक्षता र सिकाइ प्रक्रियामा प्रगतिको मापन गर्दै विद्यार्थीको पूर्ण मूल्याङ्कन गर्न सुनिश्चित गर्दछ। यसले शिक्षक र विद्यालयलाई पनि जिम्मेवार बनाउँदै शिक्षा प्रणालीमा पारदर्शिता, समावेशिता र गुणस्तरीय सुधारको वातावरण सिर्जना गर्ने कार्य गर्दछ।

नेपालमा वि.सं. २०२८ को राष्ट्रिय शिक्षा पद्धतिको योजनामा सर्वप्रथम विद्यालय तहमा आवश्यक जगहरूसहित पाठ्यक्रमलाई दस्तावेजीकरण गरिएको थियो भने पाठ्यक्रम विकासका लागि संस्थागत प्रबन्धका रूपमा शिक्षा मन्त्रालयअन्तगत पाठ्यक्रम विकास केन्द्र स्थापना भएको थियो । पाठ्यकम विकास केन्द्रको संरचनाको निरन्तरतासँगै विद्यालय तहको पाठ्यक्रम विकास, सुधार तथा अद्यावधिक गर्ने कार्य केन्द्रद्वारा भइरहेको सन्दर्भमा विद्यालय तहको शिक्षाको मार्गदर्शक दस्तावेजका रूपमा वि.सं. २०६३ मा राष्ट्रिय पाठ्यक्रम प्रारूप तयार गरी सोहीअनुसार पाठ्यक्रम विकास तथा कार्यान्वयन गर्ने परिपाटी सुरू गरियो । यसै क्रममा वि.सं.२०७६ सालमा नयाँ पाठ्यक्रम प्रारूप तयार भई सो विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ कार्यान्वयन गर्ने क्रममा विद्यालय तहमा नयाँ पाठ्यक्रम विकास गरी वि.सं. २०७७ देखि कक्षा १ र ११ मा कार्यान्वयन सुरू गरिएको र वि.सं. २०८० सम्ममा विद्यालय तहका सबै कक्षाहरू अर्थात् कक्षा १ देखि १२ सम्म यो पाठ्यक्रम कार्यान्वयन गरिएको छ ।राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ले आधारभूत तह (कक्षा १ देखि ८ सम्म) मा स्थानीय पाठ्यक्रमको व्यवस्था गरेको छ।

### ४.१.२ वर्तमान अवस्था

मिक्वाखोला गाउँपालिकामा हाल पाठ्यक्रम र मूल्याङ्कन प्रणालीलाई गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने माध्यमका रूपमा विकास गर्ने प्रयास भइरहेको छ। विद्यालयहरूमा स्थानीय आवश्यकता, भाषा, कला, संस्कृति, र सिप समेटिएको स्थानीय पाठ्यक्रम हाल पूर्ण रूपमा लागू नभएको अवस्थालाई गाउँपालिकाले कमजोरीका रूपमा स्वीकार गरेको छ। यसलाई सुधार्न गाउँपालिका स्थानीय पाठ्यक्रम विकास गरी लागू गर्ने लक्ष्य राखेको छ, जसले विद्यार्थीको जीवनोपयोगी सीप, नैतिक शिक्षा, अनुशासन र समाजसेवा जस्ता विशेष पाठ्यक्रमसँग जोडिनेछ।

मूल्याङ्कन र परीक्षा प्रणालीमा परम्परागत, केवल सैद्धान्तिक मूल्याङ्कनमा निर्भर अभ्यासलाई सुधार गर्दै वैज्ञानिक, व्यवस्थित र नतिजामुखी बनाउने प्रयास भइरहेको छ। आधारभूत र माध्यमिक तहका प्रत्येक कक्षा र विषयका लागि सिकाइ उपलब्धि मापन गर्ने सूचकहरू विकास गर्ने रणनीति लिइएको छ। शिक्षकको कार्यसम्पादनलाई विद्यार्थीको सिकाइ उपलब्धि र परीक्षाको परिणामसँग जोड्ने, अपाङ्गता भएका बालबालिकाका लागि विशेष मूल्याङ्कन गर्ने, तथा प्रयोगात्मक अभ्यास र इन्टर्नसिपसमेत मूल्याङ्कनमा समावेश गर्ने व्यवस्था विकास भइरहेको छ।

गाउँपालिकाले मूल्याङ्कन र अनुगमनलाई चुस्त बनाउन स्थानीय संयन्त्र निर्माण गर्ने र भविष्यमा माध्यमिक तहसम्मको परीक्षा स्थानीय तहबाट सञ्चालन गर्न पूर्वाधार र जनशक्ति तयार गर्ने लक्ष्य राखेको छ। यसरी, मिक्वाखोला गाउँपालिकाले पाठ्यक्रम र मूल्याङ्कन प्रणालीलाई स्थानीय परिवेश अनुकूल, समावेशी, गुणस्तरीय र नतिजामुखी बनाउन अग्रसर रहेको देखिन्छ।

### ४.१.३ उद्देश्य

क) विद्यालय तहको पठ्यक्रम तथा पाठ्यपुस्तकको प्रभावकारी रूपमा कार्यान्वयन गर्नु

ख) स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयन गर्नु

ग) पाठ्यक्रमले तोके बमोजिम विद्यार्थीको सिकाइको मूल्याङ्कन गर्नु

### ४.१.४ रणनीतिहरू

क) राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ र तदनुसारका पाठ्यक्रमको कार्यान्वयन गर्ने,

ख) विकास गरिएका पाठ्यक्रम तथा पाठ्यसामग्रीलाई सम्बन्धित शिक्षक तथा सरोकारवालाहरूलाई प्रबोधिकरण गर्ने,

ग) पाठ्यक्रम कार्यान्वयनका लागि अत्यावश्यक संरचनागत तथा पेसागत सक्षमता अभिवृद्धि गर्ने,

घ) विपद्, महामारी तथा सङ्कटको अवस्थामा वैकल्पिक विधिबाट शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्ने,

ङ) शिक्षकका लागि शिक्षक निर्देशिकातथा स्रोत सामग्री तथा विद्यार्थीका लागि सिकाइ सामग्री, स्वाध्यायन तथा सन्दर्भ सामग्रीहरू उपलब्ध हुने व्यवस्था गर्ने,

च) शिक्षकको पेसागत सक्षमता विकास गर्ने,

छ) सहभागितामूलक, अन्तरक्रियात्मक, खोजमूलक एवम् समस्या समाधान केन्द्रित शिक्षण विधिको प्रयोगलाई संस्थागत गर्ने,

ज) विद्यालयमा आधारित सहयोग पद्धति विकास गर्ने,

झ) सहपाठी सिकाइ समूह गठन गरी कमजोर सिकाइ क्षमता भएका बालबालिकालाई सहयोग गर्ने,

ञ) शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग बढाउने,

ट) स्थानीय तथा मातृभाषाको पाठ्यक्रम र पाठ्य सामग्रीको विकास तथा प्रयोगलाई व्यवस्थित गर्ने,

ठ) विद्यार्थीको सिकाइ उपलब्धिलाई शिक्षकको वृत्ति विकाससँग आबद्ध गरी पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गर्ने वातावरण सृजना गर्ने,

ड) स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तकको विकास एवमं कार्यान्यिन गर्ने,

ढ) स्थानीय पाठ्यक्रम कार्यान्वयनको लागि शिक्षकको क्षमता विकास गर्ने।

### ४.१.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**उपलब्धिः**

पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनबाट दैनिक जीवनका लागि आवश्यक आधारभूत सक्षमतासहित सृजनशील, सकारात्मकसोच भएको, निरन्तर सिकाइप्रति प्रतिबद्ध र रोजगारउन्मुख नागरिक तयार भएको हुनेछ।

# प्रमुख क्रियाकलापहरू तथा लक्ष्य निर्धारण

| प्रमुख क्रियाकलापहरु र लक्ष्य निर्धारण | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र स | क्रियाकलाप विस्तृतीकरण | क्षेत्र | इकाई | लक्ष्य | भौतिक लक्ष्य (५ वर्ष) | | | | | |
| | | | | | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | जम्मा |
| १ | एकीकृत पाठ्यक्रमसम्बन्धी कस्टमाइज्ड तालिम (अनलाइन समेत) | पाठ्यक्रम र मूल्याङ्कन | पटक | २ | ० | १ | ० | ० | १ | २ |
| २ | पाठ्यक्रम तथा पाठ्यपुस्तक प्रोबोधीकरण (सबै तहका सबै विषय) | पाठ्यक्रम र मूल्याङ्कन | पटक | १ | ० | १ | ० | ० | ० | १ |
| ३ | स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तक विकास र छपाइ | पाठ्यक्रम र मूल्याङ्कन | पटक | ५ | १ | १ | १ | १ | १ | ५ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ४ | मातृभाषाको पाठ्यक्रम, पाठ्यकपुस्तक विकास तथा शिक्षणमा सहजीकरण | पाठ्यक्रम र मूल्याङ्कन | पटक | ५ | १ | १ | १ | १ | १ | ५ |
| ५ | उत्कृष्ठ नतिजा ल्याउने विद्यालय, शिक्षक र विद्यार्थीलाई प्रोत्साहन तथा सम्मान कार्यक्रम (कक्षा ८, १० र १२) | पाठ्यक्रम र मूल्याङ्कन | पटक | ५ | १ | १ | १ | १ | १ | ५ |
| ६ | कक्षाकोठामा आधारित विद्यार्थी मूल्यांकन | पाठ्यक्रम र मूल्याङ्कन | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| ७ | निःशुल्क पाठ्यपुस्तक | पाठ्यक्रम र मूल्याङ्कन | पटक | ५ | १ | १ | १ | १ | १ | ५ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ८ | स्थानीय पढाइ सामग्री र अन्य शैक्षणिक सामग्री निर्माण, अभ्यास/कार्य पुस्तिकाको उपलब्धता | पाठ्यक्रम र मूल्याङ्कन | आवश्यकताअनुसार | आवश्यकताअनुसार | आवश्यकताअनुसार | आवश्यकताअनुसार | आवश्यकताअनुसार | आवश्यकताअनुसार | आवश्यकताअनुसार | आवश्यकताअनुसार |
| ९ | निरन्तर विद्यार्थी मूल्याङ्कन (CAS) प्रभावकारी कार्यान्वयन | पाठ्यक्रम र मूल्याङ्कन | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| १० | कक्षा अवलोकन तथा शैक्षिक पृष्ठपोषण प्रणाली सुदृढीकरण | पाठ्यक्रम र मूल्याङ्कन | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| ११ | परीक्षा नतिजा विश्लेषण गरी सुधारात्मक कार्ययोजना कार्यान्वयन | पाठ्यक्रम र मूल्याङ्कन | पटक | ५ | १ | १ | १ | १ | १ | ५ |

## ४.२ शिक्षक व्यवस्थापन र विकास

### ४.२.१ परिचय

शिक्षाको गुणस्तर सुधारमा शिक्षक व्यवस्थापन र विकासको भूमिका निर्णायक हुन्छ। गुणस्तरीय शिक्षाका लागि शिक्षक योग्य, व्यावसायिक रूपमा दक्ष, प्रेरित, समर्पित र विद्यार्थीको सिकाइप्रति जवाफदेही हुनु आवश्यक छ। शिक्षकको विषयगत ज्ञान, शिक्षण सिकाइमा दक्षता र नमुना व्यवहारले विद्यार्थीको सिकाइमा सकारात्मक प्रभाव पार्दछ। यसका लागि शिक्षकको पेसागत विकास सुनिश्चित गर्दै विद्यालयमा प्रभावकारी शिक्षक व्यवस्थापन गर्न आवश्यक छ। प्राथमिक तहमा शिक्षक—विद्यार्थी अनुपात विद्यार्थी सङ्ख्याको आधारमा, र माध्यमिक तहमा विषयगत मापदण्डअनुसार कायम गरिएको छ। शिक्षकको क्षमता अभिवृद्धि, तालिम, कार्यशाला, अवलोकन भ्रमण, मेन्टरिङ तथा प्रविधिको प्रयोगमार्फत शिक्षक पेसालाई रोजाइको पेशा बनाउने प्रयास गाउँपालिकाले गर्दै आएको छ। यसरी शिक्षक व्यवस्थापन र विकासले शिक्षाको गुणस्तर वृद्धि गर्न, शिक्षकलाई जिम्मेवार बनाउने र कक्षाकोठामा विद्यार्थी केन्द्रित शिक्षण—सिकाइ प्रवाह सुनिश्चित गर्ने लक्ष्य राखिएको छ।

### ४.२.२ वर्तमान अवस्था

मिक्वाखोला गाउँपालिकाभित्रका अधिकांश विद्यालयहरूमा विषयगत शिक्षकहरूको दरबन्दी पर्याप्त नभएको देखिन्छ। विद्यार्थी संख्यासँग अनुपात मिलाएर शिक्षक दरबन्दीको पुनर्वितरण र व्यवस्थापन गर्न अहिले टड्कारो आवश्यकता छ। त्यस्तै, हाल कार्यरत शिक्षक तथा शिक्षिकाहरूका लागि नवीनतम् शिक्षण पद्धति, सूचना प्रविधि र बाल मनोविज्ञानसँग सम्बन्धित नियमित र गुणात्मक तालिमको अभाव रहेको छ। शिक्षकहरूको निरन्तर पेशागत विकासलाई अझ नतिजामुखी र नियमित बनाउन आवश्यक छ। साथै, शिक्षा क्षेत्रमा हुने राजनीतिक हस्तक्षेप र नियुक्ति विवादले शैक्षिक गुणस्तरमा ह्रास ल्याइरहेको र शिक्षक व्यवस्थापनलाई जटिल बनाएको देखिन्छ। शिक्षकहरूको कार्यसम्पादनलाई विद्यार्थीको सिकाइ उपलब्धिसँग वैज्ञानिक रूपमा जोड्ने संयन्त्रको कमी भएको छ, जसले शिक्षकलाई थप जिम्मेवार, उत्तरदायी र नतिजामुखी बन्ने आवश्यकता देखाउँछ। गाउँपालिकामा दक्ष र तालिमप्राप्त शिक्षकहरूको आपूर्ति पर्याप्त छैन भने प्रधानाध्यापकहरूको छनोट प्रक्रियामा पनि योग्यता र क्षमतामाथि आधारित सुधार आवश्यक छ। यी चुनौतीहरूको समाधानका लागि गाउँपालिका शिक्षक दरबन्दी मिलान, कार्यसम्पादनमा आधारित पुरस्कार तथा प्रोत्साहन, र नियमित पुनर्ताजगी तालिमको माध्यमबाट दीर्घकालीन रणनीतिहरू लागू गर्दै आएको छ।

### ४.२.३ उद्देश्य

क) विषयगत र कक्षागत रूपमा शिक्षक दरबन्दी व्यवस्थापन गर्नु,

ख) विद्यालय सुपरिवेक्षण, शिक्षक तालिम, शिक्षकको पेशागत विकास, शिक्षक सक्षमतालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नु,

ग) शिक्षकलाई निरन्तर पेशागत विकासका अवसरहरूको सुनिश्चितता गर्नु,

### ४.२.४ रणनीतिहरू

क)	विद्यार्थी संख्यासँग अनुपात मिलाएर तहगत र विषयगत रुपमा शिक्षक दरबन्दी मिलान र आवश्यक अनुसार पुनर्वितरण गर्ने

ख)	रिक्त शिक्षक दरबन्दीमा स्थानीय तहद्वारा शिक्षक व्यवस्थापन गर्ने

ग)	दक्ष र तालिमप्राप्त शिक्षकको आपूर्ति सुनिश्चित गर्ने र नियुक्ति प्रक्रिया पारदर्शी बनाउने

घ)	शिक्षकहरूको नियमित पेशागत विकासका लागि तालिम, कार्यशाला, सेमिनार, अवलोकन भ्रमण र मेन्टरिङको व्यवस्था गर्ने

ङ)	शिक्षकलाई ICT उपकरण, स्मार्ट बोर्ड र डिजिटल शिक्षण विधि प्रयोगमा प्रशिक्षित गर्ने

च)	शिक्षक पेसागत सहयोग प्रणालीमार्फत विषयगत शिक्षक सञ्जाल, विज्ञ समूह, शिक्षक सिकाइ समूह, स्रोत शिक्षक र अनुभवी शिक्षकबाट कोचिङ्ग तथा मेन्टोरिङ्ग उपलब्ध गराउने

छ)	शिक्षकहरूको कार्यसम्पादनलाई विद्यार्थीको सिकाइ उपलब्धि र मूल्याङ्कनसँग जोडेर वैज्ञानिक मूल्याङ्कन प्रणाली लागू गर्ने

ज)	उत्कृष्ट कार्यसम्पादन गर्ने शिक्षकलाई पुरस्कार र प्रोत्साहन कार्यक्रममार्फत प्रेरित गर्ने

झ)	शिक्षकको उपस्थिति, नियमितता र कार्यसम्पादनमा सुधार गर्ने

ञ)	प्रधानाध्यापकलाई नेतृत्व, विद्यालय व्यवस्थापन, लेखा तथा संसाधन व्यवस्थापनमा तालिम प्रदान गर्ने

ट)	शिक्षक तथा प्रधानाध्यापकको पेशागत विकासलाई विद्यार्थीको सिकाइ सुधारसँग सम्बन्धित गरी नतिजाप्रति जवाफदेही हुने पद्धति विकास गर्ने

ठ)	नियुक्ति र पदस्थापन प्रक्रियामा राजनीतिक हस्तक्षेप न्यूनिकरण गरी योग्यता र अनुभव आधारित निर्णय सुनिश्चित गर्ने

ड)	कार्ययोजना, शैक्षिक योग्यता र अनुभवको आधारमा प्रधानाध्यापकको छनौट गर्ने

ढ)	नव प्रवेशी शिक्षकहरूका लागि अभिमुखीकरण मार्फत जिम्मेवार र उत्तरदायी बनाउने

ण)	शिक्षकले कक्षा काठामा विताउने समय सुनिश्चित गर्न प्रधानाध्यापक जिम्मेवार हुने

त)	शिक्षक व्यवस्थापन र विकासको प्रभावकारितालाई समय-समयमा अनुगमन गरी सुधारात्मक कदम चाल्ने

### ४.२.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**उपलब्धिः**

विषयगत र कक्षागत रूपमा शिक्षक दरबन्दी व्यवस्थापन हुनेछ, विद्यालय सुपरिवेक्षण, शिक्षक तालिम, शिक्षकको पेशागत विकास, शिक्षक सक्षमतालाई प्रभावकारी रूपमा कार्यान्वयन भएको हुनेछ र शिक्षकलाई निरन्तर पेशागत विकासका अवसरहरूको सुनिश्चितता भएको हुनेछ ।

## प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

| प्रमुख क्रियाकलापहरु र लक्ष्य निर्धारण | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र स | क्रियाकलाप विस्तृतीकरण | क्षेत्र | इकाई | लक्ष्य | भौतिक लक्ष्य (५ वर्ष) | | | | | |
| | | | | | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | जम्मा |
| १ | विद्यालय सुपरिवेक्षण तथा शिक्षकको निरन्तर पेशागत सहयोगका लागि मेन्टरिङ पद्धतिको कार्यान्वयन | शिक्षक व्यवस्थापन र विकास | पटक | ५ | १ | १ | १ | १ | १ | ५ |
| २ | कम्प्युटर शिक्षक व्यवस्थापन | शिक्षक व्यवस्थापन र विकास | विद्यालय | ४ | १ | १ | १ | १ | १ | ५ |
| ३ | शिक्षक तालिम (नयाँ प्रवेशी, पुनर्ताजगी, शैक्षिक केन्द्रित, शैक्षिक सामग्री निर्माण, ICT र मूल्याङ्कन) | शिक्षक व्यवस्थापन र विकास | पटक | ५ | १ | १ | १ | १ | १ | ५ |
| ४ | शिक्षक दरबन्दीको पुनर्वितरण र | शिक्षक व्यवस्थाप | आवश्यकताअनुसार | आवश्यकताअनुसार | आवश्यकताअनुसार | आवश्यकताअनुसार | आवश्यकताअनुसार | आवश्यकताअनुसार | आवश्यकताअनुसार | आवश्यकताअनुसार |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | विषयगत आवश्यकताअनुसार समायोजन गर्ने | न र विकास | | | | | | | | |
| ५ | शिक्षकको पेशागत क्षमता विकासका लागि कार्यशाला, तालिम, अवलोकन भ्रमण, क्लस्टर बैठक र अनलाइन फोरम सञ्चालन गर्ने | शिक्षक व्यवस्थापन र विकास | जना | १०० | १५ | २० | २० | २० | २५ | १०० |
| ६ | प्रधानाध्यापकलाई विद्यालय व्यवस्थापन, लेखा र स्रोत व्यवस्थापनमा तालिम प्रदान गर्ने | शिक्षक व्यवस्थापन र विकास | पटक | ३ | १ | १ | ० | १ | ० | ३ |
| ७ | शैक्षिक सामग्री निर्माण तालिम/कार्यशालाको व्यवस्था गर्ने | शिक्षक व्यवस्थापन र विकास | पटक | ३ | ० | १ | १ | ० | १ | ३ |
| ८ | सामुदायिक विद्यालयमा प्र.अ. भत्ता व्यवस्थापन सुनिश्चित गर्ने | शिक्षक व्यवस्थापन र विकास | पटक | ६० | १२ | १२ | १२ | १२ | १२ | ६० |

## ४.३ समता र समावेशीकरण

### ४.३.१ परिचय

शिक्षा क्षेत्रमा समता र समावेशीकरण विशेष रूपमा महत्वपूर्ण छन्। समावेशी शिक्षा प्रणालीले सबै बालबालिकालाई गुणस्तरीय शिक्षा प्राप्त गर्ने अवसर प्रदान गर्दछ। विद्यालयले विद्यार्थीहरूको विविध आवश्यकता अनुसार पाठ्यक्रम, शिक्षण विधि, मूल्याङ्कन र भौतिक वातावरण अनुकूल बनाउँछ। यसले विशेष आवश्यकता भएका, अपाङ्गता भएका, भाषिक वा सांस्कृतिक रूपमा फरक पृष्ठभूमिका तथा वञ्चित समुदायका बालबालिकालाई शिक्षा प्रणालीमा समावेश गर्न मद्दत गर्दछ।

समता र समावेशीकरणको प्रभावकारी कार्यान्वयनले सामाजिक न्याय, समान अवसर, मानव अधिकारको संरक्षण र दिगो विकासलाई प्रवर्द्धन गर्दछ। यसले समाजमा रहेका विभेद र असमानता कम गर्दै सबै नागरिकलाई समान रूपमा सम्मानजनक र सक्रिय जीवन जीउने अवसर प्रदान गर्दछ। त्यसैले, समता र समावेशीकरणलाई नीति, योजना र कार्यक्रमहरूको मुख्य आधारका रूपमा ग्रहण गर्नु आवश्यक हुन्छ।

### ४.३.२ वर्तमान अवस्था

मिक्वाखोला गाउँपालिकाले शिक्षा तथा सामाजिक सेवामा समता र समावेशीकरणलाई प्राथमिकता दिँदै विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ। गाउँपालिकामा हाल २९ वटा सामुदायिक विद्यालय र  छन्, जसमा १८७८ जना विद्यार्थी अध्ययनरत छन्। तीमध्ये छात्राको संख्या ९९३ जना रहेको छ भने छात्रको संख्या ८८५ रहेको छ ।दलित विद्यार्थी संख्या १२२, जनजाति १५७६ जना रहेको छ ।

गाउँपालिकाले आर्थिक रूपमा कमजोर तथा वञ्चित समुदायका विद्यार्थीहरूका लागि उच्चशिक्षाको लागि छात्रवृत्ति कार्यक्रम सञ्चालन गर्दै आएको छ। हालसम्म करिब ५ जना विद्यार्थीले छात्रवृत्ति सुविधा प्राप्त गरेका छन्। त्यसैगरी अपाङ्गता भएका विद्यार्थीहरूको संख्या करिब १५ जना रहेको छ र उनीहरूका लागि समावेशी शिक्षालाई प्रवर्द्धन गर्ने प्रयास भइरहेको छ।

यद्यपि, केही विद्यालयहरूमा शिक्षक दरबन्दी, स्रोतसाधन तथा पूर्वाधारको असमानता देखिन्छ। विशेष गरी दुर्गम बस्तीका बालबालिकाको नियमित उपस्थिति, सिकाइ उपलब्धि तथा डिजिटल स्रोतमा पहुँच अझै चुनौतीपूर्ण रहेको छ।

समग्रमा हेर्दा, मिक्वाखोला गाउँपालिकाले समता र समावेशीकरणलाई संस्थागत गर्न प्रयास गरे पनि सबै समुदाय र समूहसम्म सेवाको समान पहुँच सुनिश्चित गर्न थप तथ्यमा आधारित योजना, लक्षित कार्यक्रम तथा प्रभावकारी अनुगमन आवश्यक देखिन्छ।

### ४.३.३ उद्देश्य

क) शिक्षा तथा सामाजिक सेवामा सबै बालबालिका र समुदायको समान पहुँच सुनिश्चित गर्दै विशेषगरी वञ्चित, सीमान्तकृत तथा अपाङ्गता भएका व्यक्तिहरूको सहभागिता वृद्धि गर्नु

ख) जात, लिङ्ग, भाषा, आर्थिक अवस्था, अपाङ्गता तथा भौगोलिक अवस्थाका कारण हुने विभेदलाई न्यूनीकरण गर्दै समावेशी, सुरक्षित र समान अवसरयुक्त वातावरण निर्माण गर्नु

### ४.३.४ रणनीतिहरू

ग) विद्यालयमा हुने सबै प्रकारका विभेदको अन्त्य गर्न शिक्षक, विद्यार्थी तथा अभिभावक लगायत सबै सरोकारवालाहरूलाई नियमित अभिमुखीकरण तथा सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने

घ) विद्यालयका सबै शैक्षिक तथा अतिरिक्त गतिविधिहरूमा बालबालिकाको समावेशी तथा समान सहभागिता सुनिश्चित गर्ने

ङ) विद्यालयमा विशेषगरी छात्राहरूलाई हुने विभेद कम गर्न र गुनासो सुन्नका लागि ’जेन्डर फोकल पर्सन÷ वा गुनासो सुन्ने अधिकारीको व्यवस्था गर्ने

च) प्रत्येक विद्यालयमा गुनासो पेटिका राखी विद्यार्थी तथा सरोकारवालाहरूका गुनासो सङ्कलन र समाधानको व्यवस्था गर्ने

छ) सबै तह र प्रकारका विद्यालयहरूमा लैङ्गिक तथा अपाङ्गमैत्री भौतिक संरचनाहरू (शौचालय, र्याम्प, सुरक्षित कक्षा कोठा आदि) निर्माण तथा सुधार गर्ने

ज) घरधुरी सर्वेक्षणमार्फत बालबालिकासम्बन्धी आवश्यक विवरण सङ्कलन गरी तथ्याङ्क अद्यावधिक गर्ने र सोही आधारमा योजना तथा कार्यक्रम सञ्चालन गर्ने

झ) साधारण विद्यालयमा भर्ना भएर अध्ययन गर्न नसक्ने विशेष प्रकृतिका बालबालिकाका लागि स्रोत कक्षा वा आवश्यक सहयोगी सेवा उपलब्ध गराउने

ञ) समावेशी र समतामूलक पहुँच सुनिश्चित गर्न लक्षित विद्यार्थीहरूका लागि आवश्यक छात्रवृत्ति तथा अन्य सहयोग कार्यक्रम उपलब्ध गराउने

ट) विशेषगरी किशोरीहरूलाई हुने विभेद, हिंसा तथा हेपाइ न्यूनीकरण गर्न सचेतनामूलक कार्यक्रम, अनुगमन, निरीक्षण तथा आवश्यक अनुसन्धान सञ्चालन गर्ने र विभेद गर्ने व्यक्तिलाई कानुनी दायरामा ल्याउने

### ४.३.५ उपलब्धी, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**उपलब्धिः**

समाजमा पछाडि परेका र आर्थिक तथा सामाजिक रुपले कमजोर अपाङ्गता भएका र सहारा विहीन बालबालिकाहरूको विद्यालयमा समतामूलक पहुँच र सहभागिता सुनिश्चित भएको हुनेछ ।

## प्रमुख क्रियाकलाप र लक्ष्य

| प्रमुख क्रियाकलापहरु र लक्ष्य निर्धारण | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | क्रियाकलाप विस्तृतीकरण | | इकाई | लक्ष्य | भौतिक लक्ष्य (५ वर्ष) | | | | | |
| क्रस | | क्षेत्र | | | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | जम्मा |
| १ | दलित छात्रवृत्ति (कक्षा १-५) गैर आवसीय | समता र समावेशीकरण | पटक | ५ | १ | १ | १ | १ | १ | ५ |
| २ | अपाङ्ग भएका बालबालिकालाई छात्रवृत्ति, (कक्षा बालविकास -१२) गैर आवासीय | समता र समावेशीकरण | पटक | ५ | १ | १ | १ | १ | १ | ५ |
| ३ | अपाङ्ग विद्यार्थीका लागि छात्रवृत्ति (कक्षा १-१२) (आवासीय) | समता र समावेशीकरण | पटक | ४ | ० | १ | १ | १ | १ | ४ |
| ४ | विपन्न लक्षित छात्रवृत्तिकालागि छनोट भएका (कक्षा ६-१२ मा अध्ययनरत) विद्यार्थीका लागि छात्रवृत्ति | समता र समावेशीकरण | पटक | ५ | १ | १ | १ | १ | १ | ५ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ५ | आवासीय छात्रवृति प्राप्त बालबालिकालाई आवास सञ्चालन अनुदान | समता र समावेशीकरण | पटक | ३ | ० | ० | १ | १ | १ | ३ |
| ६ | बालबालिकाको अपाङ्गताको प्रारम्भिक पहिचानका (Disability Screening) गर्न स्थानीय तह एवम् विद्यालयका लागि कार्यक्रम | समता र समावेशीकरण | पटक | ५ | १ | १ | १ | १ | १ | ५ |
| ७ | अपाङ्ग भएका बालबालिकालाई सहयोग र प्रोत्साहनमूलक कार्यक्रम | समता र समावेशीकरण | पटक | ५ | १ | १ | १ | १ | १ | ५ |
| ८ | नगर छात्रवृत्ति कोष स्थापना (जेहनदार, असहाय, विपन्न र समस्याग्रस्त विद्यार्थीहरूका लागि) तथा संचालन | समता र समावेशीकरण | जना | १० | २ | २ | २ | २ | २ | १० |
| ९ | प्रत्येक विद्यालयमा गुनासो पेटिका राख्ने। | समता र समावेशीकरण | वटा | २५ | १० | १५ | ० | ० | ० | २५ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १० | गुनासो व्यवस्थापन तथा समाधान प्रणाली सञ्चालन गर्ने। | समता र समावेशीकरण | वटा | १४५ | २९ | २९ | २९ | २९ | २९ | १४५ |
| ११ | विशेष आवश्यकता भएका बालबालिकाका लागि स्रोत कक्षा सञ्चालन गर्ने। | समता र समावेशीकरण | आवश्यकताअनुसार | आवश्यकताअनुसार | आवश्यकताअनुसार | आवश्यकता अनुसार | आवश्यक ताअनुसार | आवश्यक ताअनुसार | आवश्यक ताअनुसार | आवश्यकताअनुसार |
| १२ | किशोरीहरूका लागि सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने। | समता र समावेशीकरण | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| १३ | विद्यालयमा विभेद तथा हिंसा न्यूनीकरण अभियान सञ्चालन गर्ने। | समता र समावेशीकरण | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| १४ | समता र समावेशीकरणसम्बन्धी नियमित अनुगमन गर्ने। | समता र समावेशीकरण | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| १५ | आवश्यक परेमा विभेदसम्बन्धी घटनामा अनुसन्धान तथा कारबाही गर्ने। | समता र समावेशीकरण | आवश्यकताअनुसार | आवश्यकताअनुसार | आवश्यकताअनुसार | आवश्यकता अनुसार | आवश्यक ताअनुसार | आवश्यक ताअनुसार | आवश्यक ताअनुसार | आवश्यकताअनुसार |

## ४.४ विद्यालय दिवाखाजा, स्वास्थ्य, पोषण र सरसफाई कार्यक्रम

### ४.४.१ परिचय

विद्यालय दिवाखाजा, स्वास्थ्य, पोषण र सरसफाई कार्यक्रम विद्यालय उमेरका बालबालिकाको समग्र विकास, नियमित उपस्थिती र सिकाइ उपलब्धि सुधार गर्न सञ्चालन गरिने महत्वपूर्ण कार्यक्रम हो। यस कार्यक्रमअन्तर्गत विद्यालयमा अध्ययनरत बालबालिकालाई पोषणयुक्त दिवाखाजा उपलब्ध गराउने, स्वास्थ्य तथा पोषणसम्बन्धी सचेतना अभिवृद्धि गर्ने, व्यक्तिगत तथा वातावरणीय सरसफाइका व्यवहारहरू प्रवर्द्धन गर्ने तथा विद्यालयमा सुरक्षित र स्वच्छ वातावरण निर्माण गर्ने कार्यहरू गरिन्छन्। यसले बालबालिकाको स्वास्थ्य अवस्था सुधार गर्न, कुपोषण न्यूनीकरण गर्न तथा विद्यालयमा नियमित उपस्थिति र सक्रिय सहभागिता बढाउन महत्वपूर्ण योगदान पुर्‍याउँछ। साथै, विद्यालय, अभिभावक र समुदायको सहकार्यमा स्वास्थ्य, पोषण र सरसफाइसम्बन्धी सकारात्मक व्यवहार विकास गर्न पनि यस कार्यक्रमले सहयोग गर्दछ।

### ४.४.२ बर्तमान अवस्था

मिक्वाखोला गाउँपालिकाले बालबालिकाको स्वास्थ्य, पोषण र समग्र विकास सुनिश्चित गर्न विद्यालय स्तरमा विविध कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ। सामुदायिक विद्यालयहरूमा बालविकासदेखि कक्षा ५ सम्मको दिवाखाजा नेपाल सरकारको व्यवस्थापनमा रहेको छ ।

गाउँपालिकाका सबै माध्यमिक तथा केही आधारभूत विद्यालयमा छात्र र छात्राका लागि अलग-अलग शौचालय निर्माण भइसकेको छ र बाँकी विद्यालयमा निर्माण प्रक्रिया जारी छ। कक्षा ६—१२ सम्म अध्ययनरत छात्राहरूका लागि महिनावारी स्वच्छता व्यवस्थापन सुनिश्चित गर्न निःशुल्क सेनिटरी प्याड वितरण कार्यक्रम सञ्चालन गरिएको छ। साथै, सबै विद्यालयमा प्राथमिक उपचार सामाग्रीको बाकस राखिएको छ र बालिकाहरूका लागि आइरन चक्की वितरण गरी पोषण सुधारमा सहयोग पुर्‍याइएको छ।

यी कार्यक्रमहरूले बालबालिकाको स्वास्थ्य सुधार, कुपोषण न्यूनीकरण, नियमित उपस्थिती र सिकाइ उपलब्धिमा सकारात्मक प्रभाव पुर्‍याउँदै समता र समावेशीकरणलाई प्रवर्द्धन गर्ने महत्वपूर्ण भूमिका खेलेका छन्।

### ४.४.३ उद्देश्यहरु

क) बालबालिकाहरुलाई स्वस्थ एवं पोषणयुक्त पौष्टिक खाना प्राप्तिको सुनिश्चितता गर्नु,

ख) विद्यालयमा अध्ययन गर्ने बालबालिकाहरूको स्वास्थ्य, पोषण र सरसफाई तथा स्वच्छता सम्बन्धी सेवाको गुणस्तर बृद्धि गरी बालबालिकाको पोषण, स्वास्थ्य र सिकाई उपलब्धीमा सुधार गर्नु

### ४.४.४ रणनीतिहरू

क) सबै सामुदायिक विद्यालयमा बालविकासदेखि कक्षा ८ सम्म पोषिलो र ताजा दिवाखाजा उपलब्ध गराउने।

ख) विद्यालय भान्सा, भण्डार, भान्सामा प्रयोग हुने भाँडावर्तन र सामाग्री सुधार्ने, समूहमा हात धुने सुविधा विस्तार गर्ने।

ग) पर्याप्त पानी, साबुन, सफाइ सामाग्री, अलग—अलग शौचालय र युरिनल, किशोरीका लागि चेन्ज रुम, कक्षा र परिसर सरसफाइ सुनिश्चित गर्ने।

घ) प्राथमिक उपचार किट वितरण, बालबालिकाको स्वास्थ्य जाँच, जुकाको औषधि तथा सूक्ष्मपोषक तत्व वितरण नियमित गर्ने।

ङ) किशोरीहरूको महिनावारी स्वच्छता व्यवस्थापनका लागि सेनिटरी प्याड वितरण प्रभावकारी बनाउने।

च) विद्यार्थी, शिक्षक र अभिभावकलाई पोषण, स्वास्थ्य, स्वच्छता र महिनावारी व्यवस्थापन सम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने।

छ) अपाङ्गता भएका, वञ्चित र आर्थिक रूपमा कमजोर विद्यार्थीहरूलाई लक्षित गरी कार्यक्रम पहुँच सुनिश्चित गर्ने।

ज) शिक्षक र कर्मचारीलाई तालिम दिई क्षमता विकास गर्ने।

झ) अभिभावक र समुदायलाई अनुगमन, सुधार र मूल्याङ्कनमा सक्रिय सहभागी बनाउने।

ञ) स्वास्थ्य, पोषण, सरसफाइ र किशोरी स्वच्छता कार्यक्रमलाई स्वास्थ्य र कृषि क्षेत्रसँग समन्वय गरी संयुक्त कार्ययोजना निर्माण र कार्यान्वयन गर्ने।

ट) कार्यक्रमको अनुगमन, मूल्याङ्कन र पुनरावलोकन गर्दै प्रभावकारिता सुनिश्चित गर्ने।

## ४.४.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

**उपलब्धिः**

विद्यालयमा अध्ययन गर्न सबै बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार, मनोसामाजिक कुशलतामा अभिवृद्धि तथा सिकाईमा सुधार सहित सुरक्षित तथा रमाइलो सिकाई वातावरणमा समतामूलक पहुँच तथा सहभागिता भएको हुनेछ

सिक्वाखोला गाउँपालिका शिक्षा योजना

## प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

| प्रमुख क्रियाकलापहरु र लक्ष्य निर्धारण | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| क्रस | क्रियाकलाप विस्तृतीकरण | क्षेत्र | इकाई | लक्ष्य | भौतिक लक्ष्य (५ वर्ष) | | | | | |
| | | | | | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | जम्मा |
| १ | विद्यालय किशोरी पोषण, मनोपरामर्श तथा प्रजनन् शिक्षा सम्बन्धी तालिम कार्यक्रम | विद्यालय स्वास्थ्य, पोषण र सरसफाई कार्यक्रम | पटक | २ | ० | १ | ० | १ | ० | २ |
| २ | दिवा खाजा, पोसाक र शैक्षिक सामाग्री मार्फत प्रोत्साहन कार्यक्रम सञ्चालन | विद्यालय स्वास्थ्य, पोषण र सरसफाई कार्यक्रम | पटक | ६० | १२ | १२ | १२ | १२ | १२ | ६० |
| ३ | सामुदायिक विद्यालयका किशोरीहरुलाई निःशुल्क उपलव्ध गराउन सेनेटरी प्याड खरिद तथा वितरण | विद्यालय स्वास्थ्य, पोषण र सरसफाई कार्यक्रम | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| ४ | प्राथमिक उपचार कक्ष सञ्चालन, स्वास्थ्य जाँच र पोषण तत्व वितरण गर्ने। | विद्यालय स्वास्थ्य, पोषण र सरसफाई कार्यक्रम | पटक | ५ | १ | १ | १ | १ | १ | ५ |
| ५ | अभिभावक र समुदायलाई अनुगमन र सुधारमा सहभागी बनाउने। | विद्यालय स्वास्थ्य, पोषण र सरसफाई कार्यक्रम | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |

## ४.५ आपतकालीन अवस्थामा शिक्षा

### ४.५.१ परिचय

आपतकालीन अवस्था, जस्तै प्राकृतिक प्रकोप, महामारी, द्वन्द्व वा अन्य संकटका बेला बालबालिकाको शिक्षा निरन्तरता सुनिश्चित गर्नु अत्यन्त महत्वपूर्ण हुन्छ। यस क्रममा विद्यालय भवन क्षतिग्रस्त भए पनि वैकल्पिक कक्षा, अनलाइन वा सामुदायिक आधारमा सिकाइको व्यवस्था गरिनु पर्छ। शिक्षण सामग्री, शिक्षक प्रशिक्षण र विद्यार्थीहरूको पहुँचमा ध्यान दिँदै सबै बालबालिकाले समान अवसर पाउनुपर्छ। आपतकालीन शिक्षाले मात्र बालबालिकाको सिकाइ निरन्तरता सुनिश्चित गर्दैन, उनीहरूको मानसिक स्वास्थ्य, सुरक्षा र सामाजिक सुरक्षा पनि प्रवर्द्धन गर्छ। यसले दीर्घकालीन विकास र समावेशी समाज निर्माणमा योगदान पुऱ्याउँछ।

### ४.५.२ वर्तमान अवस्था

मिक्वाखोला गाउँपालिकामा आपतकालीन अवस्थामा बालबालिकाको शिक्षा निरन्तरता सुनिश्चित गर्न विभिन्न तयारी र कार्यक्रमहरू सञ्चालन हुँदै आएका छन्। प्राकृतिक प्रकोप वा स्वास्थ्य संकट जस्ता अवस्थाका बेला विद्यालय भवन क्षतिग्रस्त भए पनि वैकल्पिक कक्षा, सामुदायिक केन्द्र वा घरमा आधारित सिकाइको व्यवस्था गरिन्छ। स्थानीय सरकार, शिक्षक र विद्यालय व्यवस्थापन समितिको सहकार्यमा संकटमा रहेका बालबालिकाका लागि आवश्यक शैक्षिक सामग्री वितरण, अनलाइन वा टेलिफोन माध्यममार्फत सिकाइको सुविधा उपलब्ध गराउने व्यवस्था छ।

साथै, शिक्षकहरूलाई आपतकालीन शिक्षासम्बन्धी तालिम दिइरहेको र अभिभावक तथा समुदायलाई बालबालिकाको सिकाइ निरन्तरतामा सहकार्य गर्न अभिमुखीकरण गरिएको छ। यद्यपि, केही दुर्गम क्षेत्रका बालबालिकाले अनलाइन पहुँच, उपकरण र स्रोत अभावका कारण प्रभावकारी सिकाइमा चुनौती भोगिरहेका छन्। गाउँपालिकाले आपतकालीन शिक्षामा पहुँच, सामग्री वितरण र समावेशीता सुनिश्चित गर्न थप योजना र स्रोत व्यवस्थापन गर्दै आएको छ।

### ४.५.३ उद्धेश्य

क) प्राकृतिक प्रकोप, महामारी वा अन्य संकटका बेला पनि सबै बालबालिकाले समान रूपमा निरन्तर शिक्षा प्राप्त गर्न पहुँच र अवसर सुनिश्चित गर्नु

ख) आपतकालीन अवस्थामा बालबालिकाको सुरक्षा, मानसिक स्वास्थ्य र समावेशी सिकाइ प्रवर्द्धन गर्दै दीर्घकालीन विकासमा योगदान पुऱ्याउनु

### ४.५.४ रणनीति

क) संघीय सरकारले बनाएको विपद्/आपतकालीन कार्यविधि स्थानीय स्तरमा लागू गर्ने संयन्त्र विकास गर्ने।

ख) स्थानीय सरकार र विज्ञहरूसँग अन्तरक्रिया गरी तहगत वैकल्पिक सिकाइ पाठ योजना तयार गर्ने।

ग) स्थानीय रेडियो, टेलिभिजन र अन्य सञ्चार माध्यमसँग समन्वय गर्ने।

मिक्वाखोला गाउँपालिका शिक्षा योजना

घ) विपद् प्रतिरोधी विद्यालय पूर्वाधार निर्माणमा जोड दिने।

ङ) गाउँपालिका स्तरमा विपद् व्यवस्थापन समिति गठन गर्ने, जसमा विद्यालय शिक्षा उपसमिति पनि रहने।

च) प्रत्येक विद्यालयमा आपतकालीन प्रतिकार्य योजना तयार गर्ने।

छ) महामारी वा संकटका समयमा वैकल्पिक शिक्षण—सिकाइ उपाय तयार गर्ने।

ज) स्थानीय तह र विद्यालयका कर्मचारी/शिक्षकहरूको आपतकालीन क्षमता विकास गर्ने।

झ) विद्यालय सुधार योजनामा विपद् व्यवस्थापन समावेश गरी कार्यान्वयन गर्ने।

ञ) हरित विद्यालय, जलवायु परिवर्तन र दिगो विकाससम्बन्धी कार्यक्रम सञ्चालन गर्ने।

ट) संकट/आपतकालिन अवस्थामा बालबालिकाको शिक्षा पाउने अधिकार सुनिश्चित गर्दै सिकाइ निरन्तरता कायम गर्ने।

ठ) Covid-19 जस्ता संकटले पार्ने छोटो र लामो अवधि प्रभाव पहिचान गरी समाधान गर्ने।

ड) विपद् पूर्व तयारी, प्रतिकार्य र ड्रिल अभ्यासलाई विद्यालयको वार्षिक योजना समावेश गर्ने।

ढ) शिक्षक र विद्यार्थीलाई विपद्, जलवायु परिवर्तन र आपतकालीन तयारी सम्बन्धी ज्ञान र व्यवहारिक तालिम दिने।

ण) अभिभावक र समुदायलाई आपतकालीन शिक्षामा सक्रिय सहभागी बनाउने।

त) संकट—आपतकालिन अवस्था व्यवस्थापनका लागि नियमित अनुगमन, मूल्याङ्कन र सुधार गर्ने।

### ४.५.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**उपलब्धीः**

आपतकालीन अवस्थामा बालबालिकाको सुरक्षा, मानसिक स्वास्थ्य र समावेशी सिकाइ प्रवर्द्धन गर्दै दीर्घकालीन विकासमा योगदान पुगेको हुनेछ ।

सिक्लेस गाउँपालिका शिक्षा योजना

## प्रमुख क्रियाकलाप तथा लक्ष्य

| प्रमुख क्रियाकलापहरु र लक्ष्य निर्धारण | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | क्रियाकलाप विस्तृतीकरण | | इकाई | लक्ष्य | भौतिक लक्ष्य (५ वर्ष) | | | | | |
| क्रस | | क्षेत्र | | | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | जम्मा |
| १ | स्थानीय कार्यविधि अनुसार आपतकालीन शिक्षा योजना लागू गर्ने। | आपतकालिन अवस्थामा शिक्षा | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार |
| २ | गाउँपालिका स्तरमा विपद् व्यवस्थापन समिति गठन गर्ने। | आपतकालिन अवस्थामा शिक्षा | पटक | १ | १ | ० | ० | ० | ० | १ |
| ३ | विद्यार्थी र शिक्षकमा विपद् सचेतना कार्यक्रम सञ्चालन गर्ने। | आपतकालिन अवस्थामा शिक्षा | पटक | आवश्यकताअनुसार | आवश्यकताअनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकताअनुसार | आवश्यकताअनुसार | आवश्यकताअनुसार |

मिक्वाखोला गाउँपालिका शिक्षा योजना

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ४ | नियमित ड्रिल अभ्यास र आपतकालीन अभ्यास गर्ने। | आपतकालिन अवस्थामा शिक्षा | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| ५ | विद्यालय सुधार योजनामा विपद् व्यवस्थापन समावेश गर्ने। | आपतकालिन अवस्थामा शिक्षा | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |

## ४.६ विद्यालय भौतिक पूर्वाधार विकास

### ४.६.१ परिचय

विद्यालयमा बालबालिकाले सुरक्षित र गुणस्तरीय शिक्षा प्राप्त गर्न भौतिक पूर्वाधार अत्यन्त महत्वपूर्ण हुन्छ। **शिक्षा नियमावली २०५९** अनुसार, प्रारम्भिक बालविकास तथा आधारभूत तहका प्रारम्भिक कक्षामा प्रति विद्यार्थी ०.७५ वर्ग मिटर र उच्च आधारभूत तथा माध्यमिक तहमा प्रति विद्यार्थी १.०० वर्ग मिटर क्षेत्रफल तोकिएको छ। यसले प्रत्येक विद्यार्थीले पर्याप्त स्थानमा पठनपाठन गर्न सक्ने वातावरण सुनिश्चित गर्छ। विद्यालयका आधारभूत भौतिक पूर्वाधारमा सुरक्षित विद्यालय भवन, पढ्नका लागि कक्षाकोठा, खेलकुदका लागि खेलमैदान, शौचालय, स्वच्छ पानी, सफाइ र पुस्तकालय/बुक कर्नर जस्ता सुविधा समावेश हुन्छन्। **राष्ट्रिय शिक्षा नीति २०७६** ले विद्यालयलाई बालमैत्री, सुरक्षित, हरित र विपद् जोखिममुक्त बनाउन भवन, कक्षाकोठा, फर्निचर, प्रयोगशाला, शौचालय, पानी र पुस्तकालय जस्ता सम्पूर्ण पूर्वाधार विकास गर्ने नीतिगत व्यवस्थापन गरेको छ। यी पूर्वाधारले मात्र शिक्षा पहुँच सुनिश्चित नगरी बालबालिकाको सिकाइ अनुभव, स्वास्थ्य र समग्र विकासमा पनि योगदान पुऱ्याउँछ।

### ४.६.२ वर्तमान अवस्था

मिक्वाखोला गाउँपालिकामा बालबालिकाको सुरक्षित र गुणस्तरीय शिक्षा सुनिश्चित गर्न विद्यालय भौतिक पूर्वाधार विकासमा लगातार प्रयास भइरहेका छन्। गाउँपालिकाभित्र रहेका सामुदायिक र संस्थागत विद्यालयमा कक्षाकोठा, खेलमैदान, शौचालय, पिउने पानी, फर्निचर, पुस्तकालय/बुक कर्नर लगायतका आधारभूत संरचना उपलब्ध छन्। प्रारम्भिक बालविकास तथा आधारभूत तहका कक्षामा प्रति विद्यार्थी ०.७५ वर्ग मिटर र उच्च आधारभूत तथा माध्यमिक तहमा प्रति विद्यार्थी १.०० वर्ग मिटर क्षेत्रफल सुनिश्चित गरिएको छ।

गाउँपालिकाले विद्यालय भवन र अन्य पूर्वाधारलाई सुरक्षित, बालमैत्री तथा हरित विद्यालयको रूपमा विकास गर्ने नीति अनुसार काम गर्दै आएको छ। केही विद्यालयमा भवन विस्तार, खेलमैदान सुधार र शौचालय/स्वच्छता सुविधा सुधार गर्न आवश्यक देखिन्छ। यद्यपि, सबै विद्यालयमा विपद् प्रतिरोधी पूर्वाधार निर्माण, पर्याप्त खेल क्षेत्र र पुस्तकालय सुविधा सुनिश्चित गर्न थप प्रयास जारी छ।

समग्रमा, मिक्वाखोला गाउँपालिकाले विद्यालय भौतिक पूर्वाधारको विकासमा ठोस कदम चाल्दै आएको भए पनि विद्यालयहरूको भौतिक वातावरण सुधार, समावेशी पहुँच र विपद् जोखिम न्यूनीकरणमा अझै योजना र स्रोतको आवश्यकता देखिन्छ।

### ४.६.३ उद्देश्य

क) सबै विद्यालयमा बालबालिकाको सिकाइ, स्वास्थ्य र खेलकुदका लागि पर्याप्त, सुरक्षित र समावेशी भौतिक पूर्वाधार सुनिश्चित गर्नु

ख) विद्यालय भवन र अन्य पूर्वाधारलाई बालमैत्री, हरित र विपद् जोखिममुक्त बनाउँदै दीर्घकालीन टिकाउ विकास प्रवर्द्धन गर्नु

### ४.६.४ रणनीतिहरू

क) विद्यालयको तह र विद्यार्थी सङ्ख्याको आधारमा पूर्वाधार विकासका मापदण्ड तयार गर्ने।

ख) पूर्वाधार निर्माण र स्तरोन्नतिका लागि संघसंस्था, सरोकारवालासँग लागत साझेदारी गर्ने।

ग) कक्षाकोठा, शिक्षक/प्रधानाध्यापक कक्ष, प्रशासनिक कक्ष, पानी, शौचालय, भान्सा/खाजाका घरलगायत पूर्वाधार समावेश गरेर डिजाईन गर्ने।

घ) प्रकोपको सिकार भएका विद्यालय भवनलाई तुरून्त वैकल्पिक व्यवस्थासहित स्तरोन्नति गर्ने।

ङ) पूर्वाधार निर्माणसँगै विद्यालय व्यवस्थापन र संस्थागत क्षमता अभिवृद्धि गर्ने।

च) विद्यालय भौतिक पूर्वाधारका लागि सूचक तयार गरी अनुगमन गर्ने।

छ) आंशिक क्षति भएका विद्यालय संरचनाको मर्मत सम्भार नियमित गर्ने।

ज) विद्यालय भवन र पूर्वाधारलाई विपद् जोखिममुक्त, सुरक्षित र हरित बनाउने।

झ) विद्यालयलाई बालमैत्री, छात्रामैत्री, अपाङ्गतामैत्री र हिंसा रहित सुरक्षित सिकाइ केन्द्रको रूपमा विकास गर्ने।

ञ) खेलकुद मैदान, पुस्तकालय/बुक कर्नर र अन्य सिकाइ स्रोत सुनिश्चित गर्ने।

ट) विद्यार्थीहरूको पहुँच र समावेशीता सुनिश्चित गर्दै सबै पूर्वाधार डिजाइन गर्ने।

ठ) अनुगमन, मूल्याङ्कन र सुधार मार्फत पूर्वाधारको टिकाउपन र प्रभावकारिता सुनिश्चित गर्ने।

### ४.६.५ उपलब्धि, नतिजा तथा प्रमुख क्रियाकलापहरु र लक्ष्य

**उपलब्धिः**

सबै विद्यार्थीहरूलाई सुरक्षित र उपयुक्त भौतिक वातावरणमा अध्ययन गर्ने अवसर प्राप्त भएको हुनेछ ।

सिक्वाखोला गाउँपालिका शिक्षा योजना

## प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

| प्रमुख क्रियाकलापहरु र लक्ष्य निर्धारण | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | क्रियाकलाप विस्तृतीकरण | | इकाई | लक्ष्य | भौतिक लक्ष्य (५ वर्ष) | | | | | |
| क्रस | | क्षेत्र | | | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | जम्मा |
| १ | स्थानीय तहको साझेदारीमा विद्यालय भवन निर्माण अनुदान | विद्यालय भौतिक पूर्वाधार विकास | वटा | १४ | २ | ३ | ३ | ३ | ३ | १४ |
| २ | संघसंस्था र सरोकारवालासँग समन्वय गरी पूर्वाधार निर्माणको लागत साझेदारी गर्नु। | विद्यालय भौतिक पूर्वाधार विकास | वटा | १० | २ | २ | २ | २ | २ | १० |
| ३ | प्रकोप प्रभावित विद्यालय भवनको तुरून्त स्तरोन्नति र वैकल्पिक व्यवस्थाको आयोजना गर्नु। | विद्यालय भौतिक पूर्वाधार विकास | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार |
| ४ | आंशिक क्षति भएका विद्यालय संरचनाको मर्मत सम्भार नियमित सञ्चालन गर्नु। | विद्यालय भौतिक पूर्वाधार विकास | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकताअनुसार | आवश्यकताअनुसार | आवश्यकताअनुसार |

## ४.७ विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधि

### ४.७.१ परिचय

विद्यालय शिक्षाको गुणस्तर सुधार गरी सहरी तथा ग्रामीण, सुगम तथा दुर्गम र निजी तथा सामुदायिक विद्यालयहरूबीच देखिएको शैक्षिक गुणस्तरको दुरी घटाउन एवम् विश्व ज्ञानभण्डारमा विद्यार्थीको पहुँच विस्तार गरी उनीहरूको सिकाइको दायरा फराकिलो पार्न, विशेष गरी शिक्षण सिकाई क्रियाकलापमा सुधार गर्न, सिकाइ सामग्रीको प्रयोगमा पहुँच बढाउन र शैक्षिक प्रशासन र व्यवस्थापनलाई सुदृढ तुल्याउन वर्तमान समयमा सूचना तथा सञ्चार प्रविधि अपरिहार्य रहेको छ ।नेपालको संविधान, २०७२ ले सूचनाको हकमा प्रत्येक नागरिकको आफनो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सुचना माग्ने र प्राप्त गर्ने हक हुनेछ भनि मौलिक हकमा उल्लेख गरेको छ । शिक्षामा सूचना तथा सञ्चार प्रविधिको विकास तथा प्रयोगले सबै विद्यार्थीका लागि सूचना तथा सञ्चार प्रविधिको आधारभूत पहुँच पुर्याइ डिजिटल भिन्नता कम गर्ने, सूचना तथा सञ्चार प्रविधिलाई शिक्षा सिकाइको साधनका रूपमा प्रयोग गरी सिकाइ सुधार गर्ने सबैका लागि शिक्षामा पहुँच पुर्याउने र शिक्षाको व्यवस्थापकीय तथा शासकीय पद्धतिलाई कुशल र प्रभावकारी बनाइ सुशासनको प्रत्याभूतिका लागि सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई सहयोग पुर्याउनु पर्दछ । त्यसैगरी नेपालको सूचना तथा सञ्चार प्रविधि नीति, २०७२ ले सूचना तथा सञ्चारका संरचनामा पहुँच पुर्याउने विषयमा नीति निर्धारण गरेको छ ।

सूचना तथा सञ्चार प्रविधि (ICT) विद्यालय शिक्षामा सिकाइ प्रक्रियालाई थप प्रभावकारी, सहभागी र आधुनिक बनाउन प्रयोग गरिन्छ। ICT मार्फत शिक्षकहरूले बहु-माध्यमिक सामग्री, अनलाइन स्रोत, डिजिटल कक्षाकोठा र शिक्षण सफ्टवेयरको प्रयोग गरी पाठ्यक्रमअनुसार सिकाइ अनुभव समृद्ध बनाउन सक्छन्। विद्यार्थीहरूलाई खोज, अनुसन्धान, प्रोजेक्ट कार्य र संवादात्मक सिकाइमा सहभागी गराउने ICT ले सिकाइलाई सक्रिय र रचनात्मक बनाउँछ।विद्यालय शिक्षामा ICT को प्रयोगले शिक्षण—सिकाइलाई विद्यार्थी केन्द्रित बनाउँछ, सूचना पहुँच सजिलो बनाउँछ, सहकार्य र सञ्चार प्रवर्द्धन गर्छ र डिजिटल सीप विकासमा सहयोग पुऱ्याउँछ। यसले मात्र ज्ञान प्राप्तिमा सहजता ल्याउने होइन, भविष्यका दक्ष र सृजनशील नागरिक तयार पार्नमा पनि महत्वपूर्ण योगदान दिन्छ।

### ४.७.२ वर्तमान अवस्था

मिक्वाखोला गाउँपालिकामा विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधि (ICT) को प्रयोग विस्तार हुँदै आएको छ। केही माध्यमिक र आधारभूत विद्यालयमा कम्प्युटर ल्याब, प्रोजेक्टर, स्मार्ट बोर्ड र इन्टरनेट सुविधा उपलब्ध छन्। शिक्षकहरूले सिकाइ प्रक्रियामा डिजिटल स्रोत, अनलाइन सामग्री र प्रस्तुति प्रविधिको प्रयोग गर्दै पाठ्यक्रम अनुसार पाठ सञ्चालन गरिरहेका छन्।

तर, सबै विद्यालयमा ICT पहुँच समान छैन। दुर्गम क्षेत्रका विद्यालयहरूमा उपकरण, इन्टरनेट र प्रशिक्षित शिक्षकको अभावले डिजिटल शिक्षामा चुनौती देखा परेको छ।

### ४.७.३ उद्देश्य

क) सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको पहुँच सुनिश्चित गरी शिक्षक र विद्यार्थीको सिकाइ अनुभव प्रभावकारी बनाउनु

ख) ICT प्रयोगमार्फत डिजिटल क्षमता, अनुसन्धान, सहकार्य र रचनात्मक सोच विकास गर्दै गुणस्तरीय र समावेशी शिक्षा प्रवर्द्धन गर्नु

### ४.७.४ रणनीतिहरू

क) सबै विद्यालयमा ICT को आधारभूत संरचना र उपकरण (कम्प्युटर, प्रोजेक्टर, स्मार्ट बोर्ड आदि) उपलब्ध गराउने।

ख) शिक्षकहरूको ICT प्रयोग क्षमता वृद्धि गर्न तालिम र कार्यशाला सञ्चालन गर्ने।

ग) कक्षा र विषय अनुसार तयार गरिएका अन्तरक्रियात्मक डिजिटल पाठ्य सामग्रीको प्रयोग बढाउने।

घ) शिक्षक सहायता, मूल्याङ्कन र पृष्ठपोषण प्रणालीमा ICT को प्रयोग गर्ने।

ङ) शैक्षिक स्रोत र सामग्रीमा इन्टरनेट सुविधा मार्फत विद्यालय र विद्यार्थीहरूको पहुँच विस्तार गर्ने।

च) विद्यालय प्रशासन, सूचना व्यवस्थापन र शिक्षासम्बन्धी सेवा प्रवाहमा ICT प्रयोग विस्तार गर्ने।

छ) सामुदायिक सिकाइ केन्द्रहरूमा ICT स्थापना गर्ने।

ज) दुर्गम क्षेत्रका विद्यालयमा ICT पहुँच सुनिश्चित गर्न मोबाइल/साझा उपकरण वा अनलाइन समाधानको व्यवस्था गर्ने।

झ) ICT मार्फत विद्यार्थी केन्द्रित, अनुसन्धान र परियोजना आधारित सिकाइ प्रवर्द्धन गर्ने।

ञ) ICT सम्बन्धी अनुगमन, मूल्याङ्कन र सुधार कार्य योजनामा समावेश गरी प्रभावकारिता सुनिश्चित गर्ने।

### ४.७.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**उपलब्धिः**

विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विस्तार भइ सिकाइलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सहयोग पुग्नुका साथै विद्यालय शिक्षाको व्यवस्थापनमा सुधार आइ सुशासन प्रबर्द्धन हुनेछ।

## प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

| प्रमुख क्रियाकलापहरु र लक्ष्य निर्धारण | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क्रस | क्रियाकलाप विस्तृतीकरण | क्षेत्र | इकाई | लक्ष्य | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | |
| | | | | | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | जम्मा |
| | बार्षिक शैक्षिक क्यालेन्डर | सूचना तथा सञ्चार प्रविधि | पटक | ५ | १ | १ | १ | १ | १ | ५ |
| ३२ | विद्यालयमा भर्चुअल शिक्षण, इलर्निङ, पुस्तकालय र विज्ञान प्रयोगशालाका लागि सामग्री तथा उपकरण व्यवस्थापन र सञ्चालन | सूचना तथा सञ्चार प्रविधि | पटक | ५ | १ | १ | १ | १ | १ | ५ |
| १ | विद्यालय शिक्षकका लागि सूचना प्रविधिसम्बन्धी क्षमता विकास | सूचना तथा सञ्चार प्रविधि | पटक | ५ | १ | १ | १ | १ | १ | ५ |
| २ | सामुदायिक विद्यालयको स्मार्ट बोर्ड/ डिजिटल बोर्ड, इन्टरनेट र श्रव्य दृश्य सामाग्रीहरु प्रयोग तथा विस्तार गरि शिक्षणमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग बढाउने | सूचना तथा सञ्चार प्रविधि | वटा | २० | २ | ३ | ४ | ५ | ६ | २० |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ३ | सबै सामुदायिक विद्यालयमा बिजुली तथा इन्टरनेट सुविधाका लागि अनुदान | सूचना तथा सञ्चार प्रविधि | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| ४ | सबै सामुदायिक विद्यालयमा विद्यार्थी डिजिटल/स्मार्ट हाजिरी व्यवस्थापन | सूचना तथा सञ्चार प्रविधि | वटा | २९ | ४ | ८ | १५ | ० | ० | २९ |
| ५ | शैक्षिक सूचना व्यवस्थापन प्रणाली | सूचना तथा सञ्चार प्रविधि | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |

सिक्वाखोला गाउँपालिका शिक्षा योजना

## ४.८ विद्यालय सुरक्षा

### ४.८.१ परिचय

विद्यालय सुरक्षा (School Safety) भन्नाले विद्यालयमा अध्ययनरत विद्यार्थी, शिक्षक, कर्मचारी तथा विद्यालयमा आउने सम्पूर्ण व्यक्तिहरूको जीवन, स्वास्थ्य, मनोवैज्ञानिक अवस्था र सम्पत्तिको सुरक्षा सुनिश्चित गर्ने समग्र प्रक्रिया हो। यसले प्राकृतिक विपद्, मानवीय जोखिम, दुर्घटना, हिंसा, दुर्व्यवहार, महामारी तथा अन्य सम्भावित खतराबाट विद्यालय समुदायलाई सुरक्षित राख्ने उद्देश्य राख्दछ।

शिक्षा योजना निर्माणका क्रममा विद्यालय सुरक्षा एक महत्वपूर्ण पक्षका रूपमा समावेश गरिन्छ। सुरक्षित विद्यालयले विद्यार्थीहरूको नियमित उपस्थितिमा वृद्धि, सिकाइ उपलब्धिमा सुधार तथा गुणस्तरीय शिक्षाको सुनिश्चितता गर्न सहयोग पुऱ्याउँछ। विद्यालय सुरक्षा केवल भवनको भौतिक सुरक्षासँग मात्र सम्बन्धित नभई सुरक्षित सिकाइ वातावरण, मानसिक तथा सामाजिक सुरक्षा, स्वास्थ्य तथा सरसफाइ, विपद् जोखिम न्यूनीकरण र आपतकालीन तयारीसँग पनि सम्बन्धित हुन्छ।

### ४.८.२ बर्तमान अवस्था

मिक्वाखोला गाउँपालिका ताप्लेजुङ जिल्लाको हिमाली तथा दुर्गम भौगोलिक क्षेत्रमा अवस्थित रहेको छ। गाउँपालिकाभित्र सञ्चालित सामुदायिक तथा संस्थागत विद्यालयहरूले शैक्षिक सेवा प्रदान गरिरहेका छन्। विद्यालय सुरक्षाको दृष्टिकोणबाट हेर्दा पछिल्ला वर्षहरूमा विद्यालय भवन निर्माण, शौचालय व्यवस्थापन, खानेपानी सुविधा तथा विपद् जोखिम न्यूनीकरणका क्षेत्रमा केही सुधार भए तापनि अझै विभिन्न चुनौतीहरू विद्यमान रहेका छन्। अधिकांश विद्यालयहरूमा पक्की भवन निर्माण भई शिक्षण सिकाइ सञ्चालन भइरहेको छ। कतिपय विद्यालय भवनहरू भूकम्प प्रतिरोधी मापदण्डअनुसार निर्माण भएका छन् भने केही पुराना भवनहरूको मर्मत तथा स्तरोन्नति आवश्यक रहेको देखिन्छ। विद्यालयहरूमा खानेपानी तथा शौचालयको व्यवस्था भए पनि केही विद्यालयमा नियमित मर्मत, सरसफाइ तथा पर्याप्त पानी आपूर्तिको आवश्यकता रहेको छ। गाउँपालिकाको भौगोलिक अवस्था पहाडी तथा हिमाली भएकाले पहिरो, बाढी, भारी वर्षा, हिमपात, चट्याङ तथा भूकम्पजस्ता प्राकृतिक विपद्को जोखिम कायम रहेको छ। केही विद्यालयहरू जोखिमयुक्त भू–भाग नजिक अवस्थित रहेकाले विपद् जोखिम न्यूनीकरणका थप उपायहरू आवश्यक देखिन्छन्। विद्यालय तहमा विपद् व्यवस्थापन सम्बन्धी सचेतना कार्यक्रम, मोक ड्रिल तथा सुरक्षा अभ्यासहरू सञ्चालन गरिए तापनि सबै विद्यालयमा नियमित र प्रभावकारी रूपमा कार्यान्वयन हुन सकेको अवस्था छैन। विद्यालय सुरक्षा तथा विपद् व्यवस्थापन योजना निर्माणको कार्य केही विद्यालयहरूमा सम्पन्न भएको भए पनि सबै विद्यालयमा अद्यावधिक योजना उपलब्ध छैन। प्राथमिक उपचार सामग्री, आगलागी नियन्त्रण उपकरण तथा आपतकालीन उद्धार सामग्रीको व्यवस्था अधिकांश विद्यालयमा अपर्याप्त रहेको पाइन्छ। साथै, विद्यालयमा बाल संरक्षण, लैङ्गिक समानता, समावेशी शिक्षा तथा मनोसामाजिक सुरक्षासम्बन्धी कार्यक्रमहरू सञ्चालन भइरहेका भए तापनि थप सुदृढीकरण आवश्यक छ। विद्यालयमा घेराबार, सुरक्षित खेलमैदान, अपाङ्गमैत्री संरचना, सुरक्षित विद्युत् जडान तथा सूचना प्रवाह प्रणालीको अवस्था विद्यालयअनुसार फरक-फरक रहेको छ। विशेषगरी दुर्गम बस्तीका विद्यालयहरूमा भौतिक पूर्वाधार तथा सुरक्षा व्यवस्थापनका क्षेत्रमा थप लगानी आवश्यक

देखिन्छ। समग्रमा, मिक्वाखोला गाउँपालिकाका विद्यालयहरूमा विद्यालय सुरक्षासम्बन्धी आधारभूत व्यवस्थाहरू क्रमशः सुदृढ हुँदै गइरहेका छन्। तथापि, प्राकृतिक विपद्को उच्च जोखिम, भौतिक पूर्वाधार सुधारको आवश्यकता, विद्यालय सुरक्षा योजना कार्यान्वयन, आपतकालीन तयारी तथा विद्यालय समुदायको क्षमता अभिवृद्धि जस्ता क्षेत्रमा अझै निरन्तर प्रयास आवश्यक रहेको अवस्था छ। शिक्षा क्षेत्र योजनाले यस्ता चुनौतीहरूको सम्बोधन गर्दै सुरक्षित, समावेशी, बालमैत्री तथा विपद्–उत्थानशील विद्यालय निर्माणलाई प्राथमिकतामा राख्नुपर्ने देखिन्छ।

### ४.८.३ उदेश्य

मुख्य उदेश्यः मिक्वाखोला गाउँपालिकाभित्रका सबै विद्यालयहरूमा सुरक्षित, समावेशी, बालमैत्री तथा विपद्–उत्थानशील शैक्षिक वातावरण सुनिश्चित गर्नु।

१. विद्यालयहरूको भौतिक पूर्वाधारलाई सुरक्षित, दिगो तथा विपद् प्रतिरोधी बनाउने।

२. विद्यालयमा अध्ययनरत विद्यार्थी, शिक्षक तथा कर्मचारीको सुरक्षा सुनिश्चित गर्न आवश्यक सुरक्षा मापदण्डहरूको कार्यान्वयन गर्ने।

३. विद्यालयस्तरीय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन योजनाको निर्माण र प्रभावकारी कार्यान्वयन गर्ने।

४. विद्यालयमा नियमित रूपमा विपद् पूर्वतयारी, मोक ड्रिल तथा सुरक्षा अभ्यास सञ्चालन गर्ने।

५. विद्यालयमा प्राथमिक उपचार, आगलागी नियन्त्रण तथा आपतकालीन उद्धार सामग्रीको उपलब्धता सुनिश्चित गर्ने।

६. सुरक्षित खानेपानी, सरसफाइ तथा स्वच्छ वातावरणको व्यवस्था गरी स्वास्थ्य जोखिम न्यूनीकरण गर्ने।

७. बाल संरक्षण, लैङ्गिक समानता, समावेशीता तथा मनोसामाजिक सुरक्षालाई विद्यालय व्यवस्थापनको अभिन्न अंगका रूपमा विकास गर्ने।

८. विद्यालय समुदाय, अभिभावक तथा सरोकारवालाहरूको विद्यालय सुरक्षा सम्बन्धी क्षमता अभिवृद्धि गर्ने।

९. विद्यालय सुरक्षा तथा विपद् व्यवस्थापन सम्बन्धी नीति, मापदण्ड र कार्यविधिको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्ने।

१०. विद्यालयलाई प्राकृतिक तथा मानव सिर्जित जोखिमहरूबाट सुरक्षित बनाउँदै गुणस्तरीय शिक्षाका लागि अनुकूल वातावरण निर्माण गर्ने।

### ४.८.४ रणनिति

१. विद्यालय घेराबारा निर्माण गर्ने।

२. विद्यालय सुरक्षा तथा विपद् व्यवस्थापन योजनाको निर्माण र कार्यान्वयनलाई अनिवार्य गर्ने।

३. विपद् पूर्वतयारी तथा प्रतिकार्य क्षमता अभिवृद्धि गर्ने।

४. विद्यालयमा आवश्यक सुरक्षा सामग्री तथा उपकरणको व्यवस्था गर्ने।

५. सुरक्षित, स्वच्छ तथा स्वास्थ्यमैत्री विद्यालय वातावरण सुनिश्चित गर्ने।

६. बाल संरक्षण तथा मनोसामाजिक सुरक्षालाई सुदृढ गर्ने।

७. समावेशी तथा अपाङ्गमैत्री विद्यालय वातावरण निर्माण गर्ने।

८. हरित विद्यालय निर्माण गर्ने ।

९. जोखिम पहिचान, अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई सुदृढ गर्ने।

१०. विद्यालय सुरक्षा कार्यक्रमका लागि आवश्यक स्रोत तथा बजेट सुनिश्चित गर्ने।

### ४.८.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**क) उपलब्धिः**

सबै विद्यालयहरू सुरक्षित, समावेशी, बालमैत्री, विपद्–उत्थानशील तथा गुणस्तरीय शिक्षाका लागि अनुकूल वातावरणयुक्त संस्थाका रूपमा विकास भई विद्यार्थीहरूको सुरक्षा, संरक्षण र सिकाइ उपलब्धि सुनिश्चित भएको हुनेछ।

सिक्लेस गाउँपालिका शिक्षा योजना

## प्रमुख क्रियाकलापहरु र लक्ष्य निर्धारण

| प्रमुख क्रियाकलापहरु र लक्ष्य निर्धारण | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| क्रस | क्रियाकलाप विस्तृतीकरण | क्षेत्र | इकाई | लक्ष्य | भौतिक लक्ष्य (५ वर्ष) | | | | | |
| | | | | | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | जम्मा |
| १ | विद्यालय घेराबारा | विद्यालय सुरक्षा | वटा | २९ | ५ | ५ | ५ | ७ | ७ | २९ |
| २ | हरित विद्यालय निर्माण (वृक्षारोपण, फूलबारी निर्माण) | विद्यालय सुरक्षा | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |

मिक्वाखोला गाउँपालिका शिक्षा योजना

# परिच्छेद ५

## विद्यालय सुशासन तथा व्यवस्थापन

शिक्षा जस्तो महत्त्वपूर्ण सार्वजनिक सेवालाई सबल, चुस्त, सेवाउन्मुख तथा परिणाममुखी बनाउनका लागि सुशासन र व्यवस्थापनको भूमिका ज्यादै महत्त्वपूर्ण रहन्छ । सामान्यतया सुशासन तथा व्यवस्थापनले उत्तरदायित्त्व, पारदर्शिता, जिम्मेवारी बोध वा जवाफदेहीपन, विधिको शासन, समता तथा समावेशिता र व्यापक सहभागिता सुनिश्चित गरी योजनाका उद्देश्यहरू प्राप्तिमा सहयोग पुऱ्याउन तयार गरिएका संरचना तथा प्रकियाहरू जनाउँदछ । सुशासनको प्रत्याभूतिका लागि सहभागिता तथा सहमतिमा निर्णय तथा कार्यान्वयन गर्न, निश्चित दृष्टिकोण वा उद्देश्यमा आधारित भई कार्य गर्न, कार्यसम्पादनमा प्राथमिकता दिई उत्तरदायित्त्व वहन गर्न, कार्यसम्पादनमा प्रभावकारिता तथा कार्यकुशलता कायम गर्न, विद्यार्थीको सिकाइप्रति जवाफदेही बन्न र पारदर्शिता तथा विधिको सर्वोच्चता कायम गर्न सहयोग पुग्ने गरी संरचना तथा कार्य प्रक्रियाहरू व्यवस्थित गरिनु पर्दछ । शिक्षामा तीनै तहका सरकार, विद्यालय तथा समुदाय, गैरसरकारी निकाय तथा विकास साझेदारहरूको भूमिका रहने भएकाले आआफ्नो भूमिकाअनुसार सुशासन कायम गर्न यी सबैको योगदान आवश्यक हुन्छ ।नेपालको संविधानमा संघ, प्रदेश र स्थानीय तह गरी तीन तहका सरकारका एकल र साझा अधिकारका सूचीसहित शिक्षाको शासकीय प्रबन्ध तथा व्यवस्थापन हुने व्यवस्था छ । विद्यालय शिक्षाको यस योजनाको कार्यान्वयनका लागि आवश्यक संस्थागत संरचनासहित क्षमता विकास, योजना कार्यान्वयनको जिम्मेवारी सहितको व्यबस्थापकीय प्रबन्ध र उपयुक्त अनुगमन तथा मूल्याङ्कन प्रणाली स्थापित गर्नु आवश्यक हुन्छ ।

यस परिच्छेदमा सुशासन तथा व्यवस्थापन अन्तर्गत संस्थागत क्षमता विकास, स्थानीय शिक्षा योजनाको कार्यान्वयनको प्रबन्ध र अनुमगन तथा मूल्याकंन जस्ता क्षेत्रहरु समावेश गरिएको छ ।

### ५.१ संस्थागत क्षमता विकास

#### ५.१.१ परिचय

नेपालको शिक्षा क्षेत्रको वर्तमान सस्थागत संरचना संघीय स्वरूपमा तीनै तहमा प्रवाह गर्ने शैक्षिक सेवालाई निरन्तर गर्न तत्कालीन समस्या समाधानका लागी कर्मचारीको व्यवस्थापन र संगठनात्मक स्वरूपमा केही परिवर्तन गरी व्यवस्थापन गरिएको छ । बदलिदो परिवेशअनुसार शासकीय संरचना, प्रकिया र क्षमता सुधार गरिएमा मात्र शैक्षिक गतिविधि प्रभावकारी भई सुशासन कायम हुने भएकाले संघीय संरचनाअनुसार तीन तहको सरकारका अधिकार तथा दायित्व, शिक्षामा भएको सङ्ख्यात्मक विस्तार, ज्ञान, विज्ञान, प्रविधि र सञ्चारमा भएको विकास, सामाजिक चेतनामा आएको परिवर्तन लगायतका पक्षहरूलाई समेत विचार गरेर संस्थाग्त संरचना र क्षमता विकास गरी सुशासन प्रवर्धन गर्नु आवश्यक देखिएको छ ।

योजना कार्यान्वयनका लागि गाउँ कार्यपालिका, गाउँसभा, गाउँ शिक्षा समिति, वडा शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घ, विद्यालय मुख्य संयन्त्रका रुपमा रहेका छन् । शिक्षा योजनामा उल्लेख नीति तथा कार्यक्रमहरूको सफल कार्यान्वयनका लागि सरोकारवालको क्षमता विकास हुन जरुरी हुन्छ । त्यसका लागि सहभागितामूलक योजना निर्माण, सुझाव सङ्कलनर प्रबोधिकरण मार्फत कार्यान्वयन संयन्त्रको क्षमता विकास गरिनेछ । योजनामा उल्लेखित नीति तथा कार्यक्रमको स्पष्टता विना सफल कार्यान्वयन हुन सक्दैन । त्यसका लागि सरोकारवाला संयन्त्रको क्षमता विकास हुनुमा यसको औचित्य ठहर्छ ।

नेपालको संविधानमा सङ्घ, प्रदेश र स्थानीय तहका एकल र साझा अधिकारको व्यवस्था गरिएको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ जमा स्थानीय तहका २३ वटा अधिकारहरूको व्यवस्था गरेको छ । विभिन्न ऐन र कानुनमार्फत स्थानीय तहका अधिकारहरूलाई स्पष्ट पारेको छ ।

नेपालमा शिक्षा क्षेत्रको वर्तमान संस्थागत संरचनातर्फ दृष्टिगोचर गर्दा सङ्घमा शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय रहेको छ । सो अन्तर्गत शिक्षा तथा मानवस्रोत विकास केन्द्र, पाठ्यक्रम विकास केन्द्र र शैक्षिक गुणस्तर परीक्षण केन्द्र रहेका छन् । त्यसैगरी स्वायत्त निकायका रूपमा राष्ट्रिय परीक्षा बोर्ड र शिक्षक सेवा आयोग पनि क्रियाशील छन् । साविकमा शैक्षिक जनशक्ति विकास अन्तर्गतका रहेका २९ शैक्षिक तालिम केन्द्रमध्ये ७ वटा केन्द्र प्रदेश मातहतमा हस्तान्तरण भई प्रदेश शिक्षा तालिम केन्द्रका रूपमा क्रियाशील रहेका छन् ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ कार्यान्वयनः एपछि त्यस ऐन बमोजिम तोकिएका २३ वटा कार्य बाहेक अन्य कार्यका लागि जिल्ला तहमा शिक्षा विकास तथा समन्वय इकाइ राखिएको छ । प्रत्येक तहमा शिक्षा युवा तथा खेलकुद महाशाखा /शाखाको व्यवस्था गरिएको छ ।

### ५.१.२ वर्तमान अवस्था

यस गाउँपालिकामा रहेका शाखाहरूमध्ये शिक्षा, युवा तथा खेलकुदसम्बन्धी काम शिक्षा, युवा तथा खेलकुद शाखाले गर्दै आएको छ । शिक्षाको कार्यक्रम हेर्ने अलग्गै लेखाको कर्मचारी व्यवस्था नहुँदा शिक्षा क्षेत्रको आर्थिक श्रेस्ताको अभिलेखीकरण अपेक्षाकृत रुपमा व्यवस्थित बन्न सकेको छैन ।

सबै विद्यालयहरूमा विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापनमा सहयोग गर्नका लागिविद्यालय व्यवस्थापन समितिर शिक्षक अभिभावक सङ्घको कार्यकारी समिति रहेका छन् । सबै विद्यालयहरूमा विद्यालय सहयोगी र माध्यमिक तहसञ्चालन भएका सामुदायिक विद्यालयमा एकएक जना विद्यालय सहायकको व्यवस्थापन गरिएको छ । प्रायजसो विद्यालयहरूमा विद्यालय व्यवस्थापन समितिको बैठक नियमित बसेको देखिन्छ भने शिक्षक अभिभावक सङ्घको बैठक अपेक्षाकृत रुपमा बस्न सकेको पाइदैन । सबै विद्यालयहरूले सामाजिक परीक्षण र अन्तिम लेखा परिक्षण गर्ने गर्दछन् ।

विद्यालयमा नागरिक बडापत्र राख्ने, गुनासो सुनुवाइ संयन्त्रको विकास, विविधता व्यवस्थापन, अभिभावक भेला र छलफलजस्ता पक्षमा विद्यालयहरूले उपलब्धिपूर्ण तरिकाले काम गरेका छन् । यसमा योजनाका प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा र माध्यमिक शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित गरी गुणास्तरमा सुधार, अनौपचारिक तथा आजीवन सिकाइका अवसरहरूको विस्तार र समता तथा समावेशिताको प्रवर्धनसहित जवाफदेही शैक्षिक सुशासन कायम गर्ने उद्देश्यले आवश्यक संस्थागत संरचना र प्रक्रिया स्थापित गर्न खोजिएको छ । त्यसका लागि आवश्यक पर्ने क्षमता विकासको आवश्यकता पनि पहिचान गरिएको छ । शिक्षा विकासका कार्यक्रमहरू कार्यान्वयनका लागि विद्यमान पद्धतिकोसमीक्षा गरी यस शिक्षा क्षेत्र योजनाको प्रभावकारी र कुशल कार्यान्वयनका लागि संस्थागत संरचना, क्षमता र प्रक्रियामा देखिएका चुनौतीहरू पहिचान गरिरएको छ । पहिचान गरिएका चुनौतीहरू सामना गरी सुशासन प्रवर्धन गर्नका लागि आवश्यक संरचना, क्षमता र प्रक्रियाको विकास तथा परिवर्तनको प्रस्ताव पनि गरिएको छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ कार्यान्वयनमा आएपछि त्यस ऐनबमोजिम तोकिएका २३ ओटा कार्यबाहेक अन्य कार्यका लागिजिल्ला तहमा शिक्षा विकास तथा समन्वय एकाइ र लुम्बिनी प्रदेशले

सामाजिक विकास डिभिजन कार्यालयको स्थापना गरी शिक्षा प्रशासनका निकायहरू एकातिर कामविहिन भएको पाइन्छभने अर्कोतिर तीनवटै तहका विभिन्न निकायहरूबीचको समन्वय, सहकार्य र सहसम्बन्ध कमजोर भएको देखिन्छ ।

### ५.१.३ उद्देश्य

क) स्थानीय तहको अधिकार क्षेत्र अनुसार संस्थागत संरचना बनाउनु,

ख) तीनै तहका सरकारबीचको अन्तरसम्बन्धलाई सुदृढ बनाउनु,

ग) स्थानीय तहमा आवश्यक पर्ने जनशक्तिको व्यवस्थापन गर्नु,

घ) जनशक्तिहरुको संस्थागत क्षमता विकास गर्नु,

### ५.१.४ रणनीतिहरू

क) स्थानीय तहमा शिक्षा व्यवस्थापन प्रभावकारी बनाउन आवश्यक नीति तर्जुमा गर्ने।
ख) संस्थागत संरचनाअनुसार आवश्यक जनशक्तिको व्यवस्था गर्ने।
ग) कार्यरत शिक्षक, कर्मचारी र प्रधानाध्यापकको क्षमता विकास गर्ने।
घ) शिक्षक पेशागत सहयोग प्रणाली स्थापन गरी उनीहरूको व्यावसायिक विकास सुनिश्चित गर्ने।
ङ) प्रधानाध्यापकलाई थप जिम्मेवार बनाई नेतृत्व र क्षमता विकास गर्ने।
च) विद्यालय कार्यक्रम प्रभावकारी ढंगले सञ्चालन गर्न आवश्यक स्रोत र साधनको व्यवस्था गर्ने।
छ) विद्यालय प्रशासन र व्यवस्थापन संरचना सुधार गर्ने।
ज) शिक्षक, प्रधानाध्यापक र कर्मचारीको पेशागत क्षमता विकासका लागि तालिम सञ्चालन गर्ने।
झ) विद्यालय, शिक्षक र विद्यार्थीको कार्यसम्पादन नियमित अनुगमन र मूल्याङ्कन गर्ने।
ञ) मानव, वित्तीय र भौतिक स्रोतको प्रभावकारी व्यवस्थापन सुनिश्चित गर्ने।
ट) स्थानीय सरकार, समुदाय र सरोकारवालासँग सहकार्य र समन्वय बढाउने।
ठ) ICT र डिजिटल प्रणालीमार्फत प्रशासन र शिक्षण—सिकाइ प्रक्रियालाई सुदृढ गर्ने।
ड) विद्यालय सुधार योजना, बजेट र नीति निर्माणमा क्षमता अभिवृद्धि गर्ने।
ढ) विपद् र आपतकालीन अवस्थामा विद्यालय व्यवस्थापन र शिक्षकहरूको तयारी क्षमता विकास गर्ने।

### ५.१.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**उपलब्धिः**

शिक्षाका सबै निकाय तथा विद्यलयमा सुशासन प्रबर्द्धन भई बालबालिकाको सिकाइ प्रति उत्तरदायी प्रणालीको विकास हुनेछ ।

## प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

| प्रमुख क्रियाकलापहरु र लक्ष्य निर्धारण | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| क्रस | क्रियाकलाप विस्तृतीकरण | क्षेत्र | इकाई | लक्ष्य | भौतिक लक्ष्य (५ वर्ष) | | | | | |
| | | | | | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | जम्मा |
| १ | शैक्षिक सुशासन प्रवर्धन कार्यक्रम, वार्षिक, त्रैमासिक प्रतिवेदन तयारी, IEMIS व्यवस्थापन, शैक्षिक अभिलेख व्यवस्थापन | संस्थागत क्षमता विकास | पटक | २० | ४ | ४ | ४ | ४ | ४ | २० |
| २ | विभिन्न दिवस तथा सरस्वती पूजा व्यवस्थापन (शिक्षा सम्बन्धी) | संस्थागत क्षमता विकास | पटक | ५ | १ | १ | १ | १ | १ | ५ |
| ३ | परीक्षा अनुगमन र निरीक्षण ( एसइइ, एसएलसी र अन्य) तथा शैक्षिक कार्यक्रम | संस्थागत क्षमता विकास | पटक | ५ | १ | १ | १ | १ | १ | ५ |
| ४ | सामुदायिक/संस्थागत विद्यालयमा स्काउट कार्यक्रम सञ्चालन तथा विद्यार्थीहरूको | संस्थागत क्षमता विकास | पटक | २ | ० | १ | ० | १ | | २ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | क्षमता/नेतृत्व अभिवृद्धि कार्यक्रम | | | | | | | | | |
| ५ | लोक सेवा तथा शिक्षक सेवा आयोगका विभिन्न पद/तहका कक्षाहरू सञ्चालन (खरिदार, नायब सुब्बा, शाखा अधिकृत लगायत अन्य) | संस्थागत क्षमता विकास | पटक | २ | ० | १ | ० | ० | १ | २ |
| ६ | अभिभावक शिक्षा, वि.व्य.स. र पि.टी.ए क्षमता विकास तथा सचेतना कार्यक्रम | संस्थागत क्षमता विकास | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| ७ | लक्षित बालबालिकाको तथ्यांक संकलन र अद्यावधिक गर्ने | संस्थागत क्षमता विकास | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| ८ | आयोजक विद्यालयलाई पालिका स्तरिय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता संचालन खर्च | संस्थागत क्षमता विकास | पटक | ५ | १ | १ | १ | १ | १ | ५ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ९ | सहभागि विद्यालयलाई पालिका स्तरिय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता संचालन | संस्थागत क्षमता विकास | पटक | ५ | १ | १ | १ | १ | १ | ५ |
| १० | स्थानीय तहमा शिक्षा व्यवस्थापन सुधार गर्न मापदण्ड कार्यविधि निर्देशिका लागु गर्ने। | संस्थागत क्षमता विकास | आवश्यकताअनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकताअनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार |
| ११ | विद्यालय कार्यक्रम सञ्चालनका लागि आवश्यक वित्तीय, भौतिक र मानव स्रोत व्यवस्थापन गर्ने। | संस्थागत क्षमता विकास | पटक | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार |
| १२ | स्थानीय सरकार, अभिभावक, समुदाय र सरोकारवालासँग सहकार्य र समन्वय बढाउने। | संस्थागत क्षमता विकास | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |

सिक्लेखोला गाउँपालिका शिक्षा योजना

## ५.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध

### ५.२.१ परिचय

संघीय शासन प्रणाली कार्यान्वयनसँगै शिक्षाको व्यवस्थापन, सञ्चालन र विकासको महत्वपूर्ण जिम्मेवारी स्थानीय तहलाई प्रदान गरिएको छ। यस सन्दर्भमा स्थानीय तहले आफ्नो क्षेत्रभित्रको शैक्षिक आवश्यकता, प्राथमिकता र स्रोत साधनलाई ध्यानमा राखी **शिक्षा योजना** तयार गरी कार्यान्वयन गर्ने व्यवस्था गरिएको छ।

स्थानीय शिक्षा योजना भनेको स्थानीय तहको शिक्षा क्षेत्रलाई व्यवस्थित, गुणस्तरीय र समावेशी बनाउने उद्देश्यले तय गरिएको **रणनीतिक र कार्यान्वयनमुखी योजना** हो। यसले विद्यालय शिक्षा, प्रारम्भिक बालविकास, वैकल्पिक शिक्षा, साक्षरता, समावेशी शिक्षा, शिक्षक व्यवस्थापन, भौतिक पूर्वाधार, सिकाइ उपलब्धि सुधार लगायतका विषयलाई समेट्छ।

स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध अन्तर्गत योजना निर्माण, स्रोत व्यवस्थापन, कार्यान्वयन, समन्वय, अनुगमन तथा मूल्याङ्कनका स्पष्ट प्रक्रिया र संरचनाहरू तय गरिन्छ। यस प्रक्रियामा स्थानीय सरकार, विद्यालय, शिक्षक, अभिभावक, समुदाय तथा सम्बन्धित सरोकारवालाको सक्रिय सहभागिता सुनिश्चित गरिन्छ।

### ५.२.२ वर्तमान अवस्थाः

गाउँपालिकाले स्थानीय सरकारको अधिकार क्षेत्रअनुसार शिक्षा क्षेत्रको व्यवस्थित विकासका लागि **स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध** गर्नेछ। गाउँपालिकाले शिक्षा शाखामार्फत विद्यालय शिक्षा, प्रारम्भिक बालविकास, समावेशी तथा वैकल्पिक शिक्षा कार्यक्रमहरूको समन्वय र व्यवस्थापन गर्नेछ। योजना कार्यान्वयन अन्तर्गत गाउँपालिकाले विद्यालयहरूको तथ्याङ्क सङ्कलन तथा विश्लेषण गर्ने, विद्यालय सुधार योजना कार्यान्वयनमा सहजीकरण गर्ने, शिक्षक दरबन्दी व्यवस्थापन तथा आवश्यकता अनुसार पुनर्वितरण गर्ने, रिक्त पदमा शिक्षक नियुक्ति प्रक्रियामा सहजीकरण गर्ने तथा शिक्षकहरूको पेशागत क्षमता विकासका लागि तालिम, कार्यशाला, क्लस्टर बैठक र मेन्टरिङ कार्यक्रम सञ्चालन गर्नेछ। साथै सिकाइ उपलब्धि सुधार, समावेशी तथा समान पहुँच सुनिश्चित गर्ने कार्यक्रम सञ्चालन गर्ने, विद्यालय पूर्वाधार विकास गर्ने, शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने तथा नियमित अनुगमन र मूल्याङ्कन प्रणालीलाई सुदृढ बनाउने कार्यहरू पनि गरिनेछन्।

यसका अतिरिक्त गाउँपालिकाले सरोकारवालासँग समन्वय गरी स्थानीय आवश्यकता र प्राथमिकताका आधारमा शिक्षा योजना कार्यान्वयनलाई प्रभावकारी बनाउने तथा आवश्यक जनशक्ति, स्रोत व्यवस्थापन र तथ्याङ्कमा आधारित निर्णय प्रक्रियालाई सुदृढ गर्ने प्रयास गर्नेछ। जनशक्ति व्यवस्थापन कानुन कार्यविधि निर्माण वजेटको सुनिश्चितता तीन तहका सरकार बीचको समन्वय र सहकार्य वार्षिक रणनीतिक योजना र कार्यान्वयन योजना निर्माण, अनुगमन योजना निर्माण, कार्यक्रम कार्यान्वयन पुस्तिका तैयारी, विभिन्न सरोकारवालाहरुलाई कार्यक्रमहरुको बारेमा प्रबोधिकरण जस्ता कार्यक्रमहरु कार्यान्वयन गरिएको छ ।

### ५.२.३ उद्देश्यहरुः

क) शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता गर्नु ।

### ५.२.४ रणनीतिहरू

क) संघीय तथा प्रदेश तहबाट वित्तीय हस्तान्तरणमार्फत प्राप्त सशर्त अनुदान तथा अन्य अनुदान र आफ्नै स्रोतको बजेटसमेत संलग्न गरी वार्षिक शिक्षा बजेट तथा कार्यक्रम तयार गर्ने ।

ख) कार्यक्रम कार्यान्वयनका लागि आवश्यकतानुसार कानुन, कार्यविधि तथा निर्देशिका विकास गर्ने ।

ग) कार्यक्रम कार्यान्वयनको नियमित अनुगमन तथा सहजीकरण गरी विद्यालयमा कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन हुने सुनिश्चितताका साथै समस्या समाधानका लागि आवश्यक नीति निर्देशन तथा समन्वय गर्ने ।

घ) एकीकृत शैक्षिक सूचना व्यवस्थापनमार्फत नियमित रूपमा कार्यक्रम कार्यान्वयन तथा त्यसका नतिजाहरूको विवरण तयार गर्ने, त्यसको समीक्षा गरी थप सुधारमा प्रयोग गर्ने ।

ङ) विद्यालयमा विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघ गठन गर्ने र विद्यालयलाई विद्यालय सुधार योजना विकास र कार्यान्वयनमा सहजीकरण गर्ने ।

च) विद्यालय सुधार योजना (SIP) निर्माण तथा अध्यावधिक गर्न लगाउने ।

छ) विद्यालय व्यवस्थापनलाई सशक्तिकृत र सुदृढ गरी निर्धारित कार्यक्रम कार्यान्वयनका लागि प्रधानाध्यापकलाई जिम्मेवारी प्रदान गरी उत्तरदायी बनाउने ।

ज) वित्तीय व्यवस्थापन, खरिद प्रक्रिया, शिक्षक व्यवस्थापन तथा शिक्षकको कक्षा कोठामा समय तथा कार्यको सुनिश्चिततासम्बन्धी आवश्यक मापदण्ड तयार गरी लागु गर्ने ।

झ) अभिभावक तथा सरोकारवालाहरूसँग अन्तरक्रिया तथा सहकार्य गर्न अभिभावक भेला तथा बैठकहरू आयोजना गर्ने र सामाजिक परीक्षणलाई प्रभावकारी बनाउने ।

ञ) सामुदायिक सिकाइ केन्द्र मार्फत सबै उमेर समूहका सिकारुहरूका लागि साक्षरता, साक्षरोत्तर, निरन्तर शिक्षा, बैकल्पिक शिक्षा तथा आय आर्जन र सिप विकासका कार्यक्रमहरू सञ्चालन गर्दै आजीवन सिकाइ केन्द्रका रूपमा समेत कार्य गर्ने ।

### ५.२.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**उपलब्धिः**

शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता भएको हुनेछ ।

## प्रमुख क्रियाकलाप र लक्ष्य निर्धारण

| प्रमुख क्रियाकलापहरु र लक्ष्य निर्धारण | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| क्रस | क्रियाकलाप विस्तृतीकरण | क्षेत्र | इकाई | लक्ष्य | भौतिक लक्ष्य (५ वर्ष) | | | | | |
| | | | | | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | जम्मा |
| १ | वार्षिक वजेट तथा कार्यक्रम निर्माण | स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रवन्ध | पटक | ५ | १ | १ | १ | १ | १ | ५ |
| २ | एकिकृत शैक्षिक सुचना प्रणाली सुदृढीकरण | स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रवन्ध | पटक | ५ | १ | १ | १ | १ | १ | ५ |
| ३ | शैक्षिक गुणस्तर सुधार सम्वन्धी अन्तरक्रिया | स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रवन्ध | पटक | १० | २ | २ | २ | २ | २ | १० |

मिक्वाखोला गाउँपालिका शिक्षा योजना

## ५.३ अनुगमन तथा मूल्याङ्कन

### ५.३.१ परिचय

स्थानीय तहले शिक्षा कार्यक्रम कार्यन्वयन वार्षिक स्वीकृत कार्यक्रम अनुरुप कार्यान्वन गर्नेछ। स्थानिय तह र बिद्यालयको आधारभूत तहमा संचालन हुने कार्यक्रमहरुको प्रभावकारी कार्यन्वयनमा जोड दिईएको छ।प्रत्येक बिद्यालयले र स्थानीय तहले बजेटमा तोकिएको जिम्मेवारी अनुसार कार्यक्रम संचालन गर्नेछन।कार्यक्रम संचालनको लागि बजेट र आबश्यक प्रबन्ध शिक्षा शाखाले गर्नेछ।

जब कार्यक्रमहरुको कार्यान्वियन भए नभएको अनुगमन मूल्यांकन गर्न पालिका तहमा शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुखको संयोजनमा अनुगमन समिति र बिद्यालय तहमा बि.व्य.स. र प्र.अ.को नेतृत्वमा कार्यक्रमहरुको प्रभावकारी कार्यन्वयनको अनुगमन गरिनेछ।विद्यालय अनगुमनका क्रममा गाउँपालिकाले समग्र पक्षको (शैक्षक, प्रशासनिक, शैक्षिक र भौतिक) नियमित अनगुमन, सपुररिक्षण, निरीक्षण गर्नेछन्।अनगुमन पश्चात सरोकारवालाहरुसँग समीक्षा बैठक गरी अनकुरणीय पक्षको प्रचार प्रसार र सुधारात्मक पक्षका लागि कार्ययोजना बनाई कार्यान्वन गरिनेछ।कार्यक्रम कार्यान्वयनको लागि नीतिगत रुपमा पालिका र बिद्यालय स्तरमा कार्यक्रम अनुगमन तथा मूल्यांकन समिति बनाई सक्रिय हुनेछ।

### ५.३.२ वर्तमान अवस्था

स्थानीय तहमा शैक्षिक क्षेत्राधिकार अनुसारका कार्यहरुमा अनुगमन, नियमन र मूल्यांकन गर्ने कार्य गरिरहेको छ।खासगरी शिक्षा शाखावाट अनुगमन तथा मुल्याङ्कन गर्ने गरिएको र जनप्रतिनीधिहरुवाट पनि समय समयमा अनुगमन गरिएको छ।बिद्यालयमा बि.व्य.स. र प्र.अ.को नेतृत्वमा अनुगमन गर्ने गरेको छ।कहिलेकाही गरिएका अनुगमनले सुधारात्मक सुझाव दिने तर त्यसको कार्यान्वियन गर्ने परिपाटी छैन।प्रभावकारी अनुगमन र मूल्यांकनको स्थायी प्रणाली निर्माण र परिचलनमा समस्या छ। सफलता, सिकाई र राम्रा अभ्यासहरुको दस्तावेजिकरण र प्रचार प्रसार को पनि खाँचो रहेको छ।

ऐन,नियमअनुसार कार्य भए नभएको लेखाजोख गर्ने,लक्ष्य तथा उद्देश्यका आधारमा प्रगति मापन गर्ने र क्षेत्रगत उद्देश्य तथा लक्ष्यमा भएको रणनीति तथा नीतिगत प्रवाहको मूल्याङकन गर्ने कार्यहरूनियमित रूपमा भैरहेका छन्।सबै तहको सेवा व्यवस्थापन तथा सेवा प्रवाहका लागि वित्तीय व्यवस्थापकीय र प्राविधिक पक्षको अनुगमन लेखाजोखा तथा मूल्याङकन गरिने छ।

गाउँ शिक्षा योजनाको प्रचारप्रसार गर्न सरोकारवालाहरूलाई भेला गराइ,सूचना तथा प्रविधिको अन्य माध्यमबाट जानकारी गराइनेछ। योजनाको कार्यान्वयनको क्रममा आवश्यक सहयोग तथा सहकार्यको लागि गाउँपालिका तथा सम्वन्धित वडाहरूले यस योजनासँग सम्वन्धित तह तथा निकायहरूसँग आवश्यक प्रत्यक्ष भेटघाट वा पत्राचार गर्नेछ।योजनाको कार्यान्वयनको क्रममा गाउँपालिका वडाहरू,सम्वन्धित समिति तथा उपसमितिहरूको वैठक कार्यतालिका वा आवश्यकता अनुसार बस्नेछ।

### ५.३.३ उद्देश्य

क) अनुगमन तथा मूल्यांकनको लागि संयन्त्रको निर्माण गर्नु

ख) अनुमगन तथा मूल्यांकन प्रणालीलाई नतिजामा आधारित बनाउनु

ग) योजना कार्यान्वयनको क्रममा आएका समस्या तथा चुनौतिहरुलाई सम्बोधन गरी अपेक्षित उपलब्धी हासिल गर्नु

### ५.३.४ रणनीतिहरू

क) प्रभावकारी अनुगमनको लागि संयन्त्र निर्माण गर्ने ।

ख) शैक्षिक अनुगमन तथा मूल्याङ्कन मार्गदर्शन निर्माण र प्रयोग गर्ने ।

ग) कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदनको लागि एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली सञ्चालनमा ल्याउने ।

घ) नतिजामूलक अनुगमन तथा मूल्याङ्कन प्रणाली अवलम्बन गर्ने ।

**ङ)** विद्यार्थी उपलब्धि परीक्षण तथा विद्यालय कार्यसम्पादन परीक्षलाई थप व्यवस्थित र नियमित गर्ने

**च)** कक्षाकोठाको सिकाइको अनुगमन, सुपरिवेक्षण तथा मूल्याङ्कनलाई प्रभावपूर्ण बनाउन कार्यस्थलमा आधारित अनुगमन, मूल्याङ्कन, सुपरिवेक्षण एवम् प्रतिवेदन प्रणाली प्रबन्ध गर्ने ।

**छ)** योजना अन्तर्गत सञ्चालित कार्यक्रम तथा परियोजना वा क्रियाकलापहरूको नियमित आवधिक, मध्यावधिक तथा अन्तिम मूल्याङ्कन प्रणाली स्थापित गर्ने ।

### ५.३.५ उपलब्धि, प्रमुख नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**उपलब्धिः**

प्रभावकारी अनुगमनको माध्यबाट योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीहरूलाई समयमै सम्बोधन भई अपेक्षित उपलब्धि हासिल हुने र योजनाको मूल्याङ्कनमा आधारित भई आवश्यकतामा आधारित योजना निर्माणका लागि पृष्ठपोषण प्राप्त हुनेछ

## प्रमुख क्रियाकलाप र लक्ष्यः

| प्रमुख क्रियाकलापहरु र लक्ष्य निर्धारण | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | इकाई | लक्ष्य | भौतिक लक्ष्य (५ वर्ष) | | | | | |
| क्रस | क्रियाकलाप विस्तृतीकरण | क्षेत्र | | | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | जम्मा |
| १ | सुपरिवेक्षण तथा अनुगमन | अनुगमन तथा मूल्याङ्कन | पटक | ७३ | १० | ११ | १४ | १८ | २० | ७३ |
| २ | अनुगमन प्रणालीका लागि सूचक तयारी र अध्यावधिक | अनुगमन तथा मूल्याङ्कन | पटक | ५ | १ | १ | १ | १ | १ | ५ |
| ३ | चौमासिक तथा वार्षिक समीक्षा तथा प्रतिवेदन | अनुगमन तथा मूल्याङ्कन | पटक | ५ | १ | १ | १ | १ | १ | ५ |
| ४ | विद्यालयको कार्यसम्पादन परीक्षण | अनुगमन तथा मूल्याङ्कन | पटक | ५ | १ | १ | १ | १ | १ | ५ |
| ५ | सामाजिक परीक्षणलाई प्रभावकारी र नियमित बनाउने | अनुगमन तथा मूल्याङ्कन | पटक | ५ | १ | १ | १ | १ | १ | ५ |
| ६ | विद्यालयको लेखा परीक्षण | अनुगमन तथा मूल्याङ्कन | पटक | ५ | १ | १ | १ | १ | १ | ५ |

# परिच्छेद ६
# लगानी र स्रोत व्यवस्थापन

## ६.१ परिचय

सबै नागरिकहरूलाई आधारभूत तह निःशुल्क र अनिवार्य तथा माध्यमिक तह निःशुल्क उपलव्ध गराउने संवैधानिक प्रावधान रहेको छ । आधारभूत तथा माध्यमिक तहसम्मको शिक्षा व्यवस्थापनको अधिकार स्थानीय सरकारको कार्यक्षेत्रमा राखिएको छ । आधारभूत तथा माध्यमिक शिक्षा, प्रारम्भिक बालविकास शिक्षा, खुला शिक्षा, दुर शिक्षा, विशेष शिक्षा, सामुदायिक सिकाइ केन्द्रहरूका अतिरिक्त औपचारिक संरचना बाहिरका टिउसन कोचिङ सेन्टरहरूको नीति, योजना र समग्र व्यवस्थापनको जिम्मेवारी स्थानीय सरकारको रहने गरी स्थानीय सरकार सञ्चालन ऐन,२०७४ ले २३ वटा अधिकारहरूको विस्तृतीकरण गरेको पाइन्छ । कार्यक्षेत्रभित्रका शैक्षिक संस्थाहरूलाई अनुदान उपलव्ध गराउने, लेखापरीक्षण र वित्तिय सुशासन कायम गर्ने दायित्व पालिकाको कार्यक्षेत्रमा रहेकोले सीमित स्रोत साधनलाई मितव्येही, नियमित, प्रभावकारी र पारदर्शी ढङ्गले व्यवस्थापन गर्नुपर्नेछ ।

वित्तिय व्यवस्थापन अन्तर्गत दुईवटा पक्षहरूलाई समेटिएको छ । एकातर्फ योजना कार्यन्वयनको लागि आवश्यक पर्ने वित्तीय स्रोतको आँकलन, प्राप्ति र उपयोगलाई समेटिएको छ भने प्रदेश तथा सङ्घीय सरकारवाट प्राप्त विभिन्न प्रकारका अनुदानहरूलाई विद्यालयहरूमा पुर्याई तोकिएबमोजिम खर्च, पारदर्शिता बढाउदै समग्र पक्षमा वित्तीय अनुशासन कायम गर्नुपर्नेछ ।

शिक्षा विकासका पूर्वाधारहरूको पनि पूर्वाधारका रूपमा लिइन्छ । शिक्षाको समयसापेक्ष जुन गतिमा विकास हुनुपर्ने हो त्यसो हुन सकेको छैन । विभिन्न प्रतिवेदनहरूले कुल बजेटको २०प्रतिशत बजेट शिक्षामा विनियोजन गरिएता पनि सो अनुपातमा पुग्न सकेको छैन । यथार्थताको नजिक रहेर योजना बनाएर सोबमोजिम बजेट विनियोजन गर्ने नभई हचुवाको भरमा बजेट विनियोजन गर्ने कार्यले प्रश्रय पाएको छ । समुदायको विद्यालयमा लगानी गर्नुपर्छ भन्ने सोचमा गिरावट आएको छ । संविधानमा शिक्षालाई लगानीमैत्री बनाउने र लगानी बढाउदै लजाने नीति उल्लेख गरिएको छ ।

कमजोर भौतिक पूर्वाधारलाई सुविधा सम्पन्न बनाउनु, विद्यालयहरूको आर्थिक पक्षलाई सबलीकरण गर्नु, विद्यालय शिक्षामा परिचालन हुने बजेटलाई पारदर्शि बनाउनु चुनौतिका रूपमा रहेका छन् । सङ्घ, प्रदेश र स्थानीय तहको साझा अधिकारको सूचीमा शिक्षालाई राखिनु, सङ्घ, प्रदेश र स्थानीय तहको एकल अधिकारका रुपमा समेत स्पष्ट गरिनुले शिक्षामा लगानीको राम्रो अवसर प्रदान गरेको छ ।

## ६.२ वर्तमान अवस्था

विश्वव्यापी रुपमा दिगो विकासका लक्ष्यहरू हासिल गर्न कुल बजेटको कम्तिमा २० प्रतिशत रकम शिक्षा क्षेत्रमा विनियोजन गर्ने विश्वव्यापी प्रतिवद्धता रहेता पनि शिक्षा क्षेत्रको बजेट क्रमश घट्दै गइरहेको पाइन्छ । सर्शत अनुदानको रुपमा प्राप्त हुने केन्द्रिय अनुदानको ९५ प्रतिशत भन्दा वढि रकम शिक्षक तलव भत्ता, छात्रवृत्ति, भौतिक पूर्वाधार, दिवाखाजा र पाठ्यपुस्तक जस्ता शिर्षकहरूमा खर्च हुने गरेको छ । गुणस्तर अभिवृद्धि र क्षमता विकासका लागि स्थानीय सरकारका कार्यक्रमहरू केन्द्रित रहेका छन । विद्यार्थी सङ्ख्याका आधारमा एकाई लागत विश्लेषण गर्दा अभिभावकको प्रत्यक्ष लागनीका अतिरिक्त पालिका क्षेत्रमा अध्ययनरत विद्यार्थीको प्रतिविद्यार्थी

लागत २१ हजार रहेको छ । तिहारको भैलो देखि अभिभावकको सहयोग विद्यालयका आम्दानीका प्रमुख स्रोतहरू बनेकाछन् ।

पञ्चवर्षीय गाउँ शिक्षा योजना कार्यान्वयनको वित्तीय व्यवस्थापनका मुख्य स्रोत सङ्घीय, प्रदेश र स्थानीय सरकार रहनेछन् । अभिभावक र समुदायको भूमिका परिपूरकको रुपमा रहनेछ । शिक्षा क्षेत्रमा कार्य गर्ने सङ्घसंस्थाहरूलाई विज्ञताका आधारमा क्षेत्रगत रुपमा साझेदारी गर्न सकिनेछ । समग्र वित्तीय व्यवस्थापन अन्तर्गत योजना कार्यान्वयनका लागि प्रयाप्त वित्तीय स्रोत जुटाउनु, शैक्षिक गुणस्तर अभिवृद्धिका लागि विद्यालयहरूलाई आवश्यकता क्षेत्रमा स्रोत उपलव्ध गराउने र स्रोत साधनको प्रभावकारी व्यवस्थापन मार्फत वित्तीय सुशासन कायम गर्ने कार्यहरू प्राथमिकतामा रहेका छन । नतिजामा आधारित स्रोत विनियोजन पद्धति मार्फत विद्यालयहरूलाई नियमित अनुदानका अतिरिक्त एकमुष्ट, मागमा आधारित, कार्यसम्पादनमूलक र प्रोत्साहनमूलक अनुदानको व्यवस्था गरिनेछ । श्रोतको आँकलन तपसिल बमोजिम गरिएको छ ।

| क.स. | वित्तीय श्रोतको व्यवस्थापन | कूल बजेट | जम्मा हिस्साको प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | सङ्घीय सरकार | | | |
| २ | प्रदेश सरकार | | | |
| ३ | स्थानीय सरकार | | | |
| ४ | अभिभावक तथा समुदाय | | | |
| ५ | सङ्घ संस्था तथा दातृनिकाय | | | |
| ६ | स्थानीय दाता तथा अन्य श्रोत परिचालन | | | |
| ७ | अपुग रकम | | | |
| जम्मा | | | | |

## ६.३ उद्देश्य

क) योजना अवधिका लागि शिक्षा क्षेत्रमा आवश्यक स्रोतको प्रक्षेपण गर्ने,

ख) पहिचान गरिएका कार्यक्रम कार्यान्वयनका लागि आवश्यक वित्तीय स्रोत पहिचान गर्ने,

ग) उपलब्ध स्रोतको आधारमा कार्यक्रमको प्राथमिकता निर्धारण गरी कार्यक्रमगत बजेट निर्धारण गर्नु,

घ) खर्चको प्रक्रिया र दायित्व स्पष्ट गर्नु

## ६.४ रणनीतिहरू

क) सङ्घीय र प्रदेश सरकारको लगानीको अनुपातमा स्थानीय सरकारले आफ्नो स्रोतबाट लगानी गरिने,

ख) आफ्नो तह भित्रको लक्षित शैक्षिक पहुँच, सहभागिता एवम् गुणस्तर सुनिश्चित गर्न लगानीको व्यवस्था गरिने,

ग) स्रोतको उपयोग गर्ने विद्यालयलाई जबाफदेही बनाइने,

घ) वार्षिक रूपमा कुल बजेटको २० प्रतिशत बजेट शिक्षा क्षेत्रका कार्यक्रमका लागि व्यवस्था गरिने,

ङ) शिक्षामा निजी तथा गैर सरकारी क्षेत्रको लगानीलाई प्रोत्साहन तथा प्रबर्द्धन गरिने,

च)	मापदण्डका आधारमा खर्च र प्रतिवेदन पद्धति अवलम्बन गरिने,

छ)	वित्तीय व्यवस्थापन क्षमतामा सुधार ल्याई वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्वलाई सबल बनाइने ।

## ६.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

### उपलब्धि

क)	शिक्षामा स्रोतको दिगो व्यवस्थापन भई शैक्षिक पहुँच, समता, गुणस्तर र क्षमता विकासमा उल्लेख्य प्रगति भएको हुने,

ख)	वित्तीय व्यवस्थापन क्षमतामा सुधार भई वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्व सुदृढ हुने ।

सिक्वाखोला गाउँपालिका शिक्षा योजना

## ६.६ विद्यालय शिक्षा क्षेत्रगत उपक्षेत्र र अन्तरसम्वन्धित विषय क्षेत्र अन्तर्गतका क्रियाकलापहरुको बजेट विवरण

| क्रस | शिक्षाका उप-क्षेत्रहरू | भौतिक लक्ष्य (५ वर्ष) प्रति इकाइ लागत (रु ००० मा) | | | | | | श्रोत आँकलन | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ | जम्मा | संघ | प्रदेश | स्थानीय तह | अन्य संघस्था |
| १ | प्रारम्भिक बालविकास र शिक्षा | ९१८८ | १०८४१ | ९६८२ | ९९४१ | ११६६६ | ५१३१८ | १८४४४ | ० | ३२८७४ | |
| २ | आधारभत़ू शिक्षा | ८२५१३ | ८४६३१ | ८६९६९ | ८९३७८ | ९२०११ | ४३५५०३ | ४२८६१३ | ० | ६८८९ | |
| ३ | माध्यमिक शिक्षा | २०६०० | २११८९ | २१७९५ | २२४२० | २३०६४ | १०९०६८ | १०३९३८ | ० | ५१३० | |
| ४ | अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ | १४३० | १५३० | १४३० | १४३० | १४३० | ७२५० | ५२५० | ० | २००० | |
| ५ | पाठ्यक्रम तथा मूल्याङ्कन | १२४५ | ११४५ | ८४५ | ८४५ | ८४५ | ४९२५ | ७२५ | ० | ४२०० | |
| ६ | शिक्षक व्यवस्थापन र विकास | ४०२० | ४२२६ | ४०३२ | ४०३९ | ४०४५ | २०८६२ | ३८७० | ० | १६९९२ | |
| ७ | समता र समावेशीकरण | १३९० | १७३० | २१३० | २१३० | २१३० | ९४५० | ६४५० | ० | ३००० | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ८ | शिक्षामा सूचना तथा सञ्चार प्रविधि | ३८८० | ४३८० | ५०३० | ४५८० | ४८८० | २२८५० | १३७७५ | ० | ९०७५ | |
| ९ | विद्यालय भौतिक पूर्बाधार विकास | ४०००० | ४८००० | ४८००० | ४८००० | ४८००० | २३६००० | ९८००० | ० | ३८००० | १००००० |
| १० | आपतकालीन तथा संकटपुर्ण अवस्थामा शिक्षा | ० | १०० | ० | ० | ० | १२०० | ० | ० | ११०० | १०० |
| ११ | विद्यालय सुरक्षा | १५० | १६० | १९० | २३० | २५० | ९८० | ५०० | ० | ४८० | |
| १२ | संस्थात क्षमता विकास | ५१२० | ३५७० | ३१२० | ३२२० | ३४७० | १८५०० | ० | ० | १८५०० | |
| १३ | विद्यालय सुरक्षा | २००० | २००० | २००० | २८०० | २८०० | ११६०० | ० | ० | ११६०० | |
| १४ | विद्यालय स्वास्थ्य, पोषण र सरसफाई कार्यक्रम | ४७०० | ४८०० | ४७०० | ४८०० | ४७०० | २३७०० | २३००० | ० | ७०० | |
| १५ | स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध | १००० | ११०० | १४०० | १३०० | १६०० | ६४०० | ५००० | ० | १४०० | |
| | **जम्मा** | १७७२३६ | १८९४०२ | १९१३२४ | १९५११३ | २००८९१ | ९५९६०६ | ७०७५६५ | ० | १५१९४० | १००१०० |

# परिच्छेद ७

## कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन, समन्वय र सहजीकरण

### ७.१ परिचय

यस पालिकाले शिक्षा कार्यक्रम कार्यन्वयन वार्षिक स्वीकृत कार्यक्रम अनुरुप कार्यान्वन गर्नेछ।स्थानिय तह र बिद्यालयको आधारभूत तहमा संचालन हुने कार्यक्रमहरुको प्रभावकारी कार्यन्वयनमा जोड दिईएको छ। प्रत्येक बिद्यालयले र पालिकाले बजेटमा तोकिएको जिम्मेवारी अनुसार कार्यक्रम संचालन गर्नेछन ।कार्यक्रम संचालनको लागि बजेट र आबश्यक प्रबन्ध पालिकाको शिक्षा शाखाले गर्नेछ।

जब कार्यक्रमहरुको कार्यन्वयन भए नभएको अनुगमन मूल्यांकन गर्न पालिका तहमा शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुखको संयोजनमा अनुगमन समिति र बिद्यालय तहमा बि.व्य.स. र प्र.अ.को नेतृत्वमा कार्यक्रमहरुको प्रभावकारी कार्यन्वयनको अनुगमन गरिनेछ ।विद्यालय अनगुमनका क्रममा गाउँपालिकाले समग्र पक्षको (शैक्षक, प्रशासनिक, शैक्षिक र भौतिक) नियमित अनगुमन, सपुररिेक्षण, निरीक्षण गर्नेछन् । अनगुमन पश्चात सरोकारवालाहरुसँग समीक्षा बैठक गरी अनकुरणीय पक्षको प्रचार प्रसार र

सुधारात्मक पक्षका लागि कार्ययोजना बनाई कार्यान्वन गरिनेछ । कार्यक्रम कार्यान्वयनको लागि नीतिगत रुपमा पालिका र बिद्यालय स्तरमा कार्यक्रम अनुगमन तथा मूल्यांकन समिति बनाई सक्रिय हुनेछ ।

### ७.२ वर्तमान अवस्था

स्थानीय तहमा शैक्षिक क्षेत्राधिकार अनुसारका कार्यहरुमा अनुगमन, नियमन र मूल्यांकन गर्ने कार्य गरिरहेको छ । खासगरी गाँउ पालिकाको शिक्षा शाखावाट अनुगमन तथा मुल्याङ्कन गर्ने गरिएको र जनप्रतिनीधिहरुवाट पनि समय समयमा अनुगमन गरिएको छ । बिद्यालयमा बि.व्य.स. र प्र.अ.को नेतृत्वमा अनुगमन गर्ने गरेको छ । अनुगमन मूल्यांकनका संरचना वा निकायहरु खडा भएतापनि सक्रिय बनाउन बाँकि नै छ । कहिलेकाही गरिएका अनुगमनले सुधारात्मक सुझाव दिने तर त्यसको कार्यान्वयन गर्ने परिपाटी छैन । समग्र कार्यक्रम कार्यान्वयन, प्रगति समिक्षा पनि हुन बाँकी नै छ । प्रभावकारी अनुगमन र मूल्यांकनको स्थायी प्रणाली निर्माण र परिचलनमा समस्या छ । सफलता, सिकाई र राम्रा अभ्यासहरुको दस्तावेजिकरण र प्रचार प्रसार को पनि खाँचो रहेको छ ।

ऐन,नियमअनुसार कार्य भए नभएको लेखाजोख गर्ने,लक्ष्य तथा उद्देश्यका आधारमा प्रगति मापन गर्ने र क्षेत्रगत उद्देश्य तथा लक्ष्यमा भएको रणनीति तथा नीतिगत प्रवाहको मूल्याङकन गर्ने कार्यहरूनियमित रूपमा भैरहेका छन् । सबै तहको सेवा व्यवस्थापन तथा सेवा प्रवाहका लागि वित्तीय व्यवस्थापकीय र प्राविधिक पक्षको अनुगमन लेखाजोखा तथा मूल्याङकन गरिने छ । सङ्घमा शिक्षा तथा प्रविधि मन्त्रालय र शिक्षा विभागले अनुगमन तथा मूल्याङ्कनका कार्यको समन्वय सञ्चालन गर्नेछन् । कोटहीमाई गाउँपालिकाको गाउँ शिक्षा योजना सरोकारवालाहरूलाई जानकारी गराइ सो कार्यान्वयन भएनभएको सम्वन्धित निकायबाट अनुगमन गरिनेछ । अनुगमन प्रकृया तपसिल बमोजिम हुनेछ ।

| क्र. स. | अनुगमन गर्ने निकाय | अनुगमन प्रकृया | जिम्मेवारी | अनुगमन समय | अनुगमन सूचक |
|---|---|---|---|---|---|

<table>
<tr><td>१</td><td>वडा शिक्षा समिति</td><td rowspan="11">अलवोकन, निरक्षण, सुपरिवेक्षण, प्रतिवेदन</td><td>संयोजक</td><td>मासिक</td><td rowspan="11">आगन्तुक पुस्तिका, विद्यालय अनुगमन फाराम, कक्षाकोठा अनुगमन फाराम, प्रतिवेदन</td></tr>
<tr><td>२</td><td>गाउँ शिक्षा समिति</td><td>संयोजक</td><td>मासिक</td></tr>
<tr><td>३</td><td>वडा कार्यालय</td><td>अध्यक्ष तथा पदाधिकारी</td><td>मासिक</td></tr>
<tr><td>४</td><td>पालिका</td><td>अध्यक्ष तथा पदाधिकारी</td><td>त्रैमासिक</td></tr>
<tr><td>५</td><td>शिक्षा विकास तथा समन्वय इकाइ</td><td>इकाइ प्रमुख</td><td>वार्षिक</td></tr>
<tr><td>६</td><td>जिल्ला समन्वय समिति</td><td>प्रमुख तथा पदाधिकारी</td><td>वार्षिक</td></tr>
<tr><td>७</td><td>शिक्षा अधिकृत</td><td></td><td>मासिक</td></tr>
<tr><td>८</td><td>विद्यालय सुपरिवेक्षक</td><td></td><td>मासिक</td></tr>
<tr><td>९</td><td>शिक्षा तथा मानव श्रोत विकास केन्द्र</td><td></td><td>वार्षिक</td></tr>
<tr><td>१०</td><td>प्रदेश शिक्षा विकास निर्देशनालय</td><td></td><td>वार्षिक</td></tr>
<tr><td>११</td><td>नागरिक समाज तथा गैर सरकारी सङ्घसंस्था</td><td></td><td>मासिक</td></tr>
</table>

गाउँ शिक्षा योजनाको प्रचारप्रसार गर्न सरोकारवालाहरूलाई भेला गराइ, सूचना तथा प्रविधिको अन्य माध्यमबाट जानकारी गराइनेछ । योजनाको कार्यन्वयनको क्रममा आवश्यक सहयोग तथा सहकार्यको लागि गाउँपालिका तथा सम्वन्धित वडाहरूले यस योजनासँग सम्वन्धित तह तथा निकायहरूसँग आवश्यक प्रत्यक्ष भेटघाट वा पत्राचार गर्नेछ । योजनाको कार्यान्वयनको क्रममा गाउँपालिका वडाहरू, सम्वन्धित समिति तथा उपसमितिहरूको वैठक कार्यतालिका वा आवश्यकता अनुसार बस्नेछ ।

## ७.३ उद्देश्य

क) बार्षिक बजेट तथा कार्यक्रम तयारी र कार्यान्वयन गर्नु,

ख) एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली मार्फत नियमित रूपमा कार्यक्रम कार्यान्वयनका नतिजाहरूको विवरण तयार, समीक्षा र सुधार गर्नु,

ग) नतिजामा आधारित अनुगमन तथा मूल्याङ्कन प्रणाली अवलम्बन गर्नु

## ७.४ रणनीतिहरू

क) एकीकृत शैक्षिक अनुगमन तथा मूल्याङ्कन मार्गदर्शन निर्माण र उपयोग गर्ने,

ख) अनुगमन, मूल्याङ्कन र प्रतिवेदन कार्यलाई छिटो, छरितो, व्यवस्थित र प्रभावकारी बनाउन प्रविधिको प्रयोग गर्ने,

ग) शैक्षिक सूचना व्यस्थापन प्रणालीलाई थप सुदृढीकरण गर्ने,

घ) राष्ट्रिय सूचकको अतिरिक्त आवश्यकता अनुसार स्थानीय सूचकहरूलाई समेत सूचना प्रणालीमा आवद्ध गर्ने,

ङ) योजनाका आगत (Input), प्रक्रिया (Process), परिणाम (Output), उपलब्धि (Outcome) र प्रभाव (Impact) समेतको अनुगमन तथा मूल्याङ्कनका लागि संरचना र जनशक्तिको प्रबन्ध गर्ने,

च) प्रमाणमा आधारित अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीको विकास गर्ने,

छ) अनुगमन तथा मूल्याङ्कनबाट प्राप्त पृष्ठपोषणलाई उपयोग गर्ने,

ज) कुल बजेटको निश्चित हिस्सा अनुगमन तथा मूल्याङ्कनमा छुट्याई नतिजा मूलक अनुगमन तथा मूल्याङ्कन प्रणालीको अवलम्बन गर्ने,

झ) सहभागिता मूलक अनुगमन तथा मूल्याङ्कन प्रणालीको कार्यान्वयन गर्ने,

ञ) कक्षाकोठाको सिकाइको अनुगमन, सुपरिवेक्षण तथा मूल्याङ्कनलाई प्रभावपूर्ण बनाउन कार्यस्थलमा आधारित अनुगमन, मूल्याङ्कन, सुपरिवेक्षण एव प्रतिवेदन प्रणालीको प्रबन्ध गर्ने,

ट) पुरस्कार र दण्ड प्रणालीको विकास गर्ने ।

## ७.५ उपलब्धि, प्रमुख नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

### उपलब्धिः

प्रभावकारी अनुगमनको माध्यबाट योजना कार्यान्वियनका चरणमा आएका समस्या तथा चुनौतीहरूलाई समयमै सम्बोधन भई अपेक्षित उपलब्धि हासिल हुने र योजनाको मूल्याङ्कनमा आधारित भई आवश्यकतामा आधारित योजना निर्माणका लागि पृष्ठपोषण प्राप्त हुने,

### प्रमुख क्रियाकलाप र लक्ष्यः

## अनुसूचीहरु

शिक्षा योजना निर्माण समिति पदाधिकारीहरु

| क्र.स. | पदाधिकारीको नाम | समिति जिम्मेवारी | कार्यालय जिम्मेवारी |
|---|---|---|---|
| १. | श्री भक्त बहादुर कार्की | संयोजक | गाउँपालिका अध्यक्ष |
| २. | श्री विमल गौतम | सदस्य | प्रमुख प्रशासकीय अधिकृत |
| ३. | राम कुमार सुब्बा लिम्बु | सदस्य | वि.व्य.स. अध्यक्ष |
| ४. | निलम कार्की | सदस्य | योजना शाखा प्रमुख |
| ५. | श्री बसन्त कुमार चौधरी | सदस्य | श्री साँवा मा.वि.(प्र.अ.) |
| ६. | श्री भीम बहादुर विश्वकर्मा | सदस्य | श्री पञ्चेश्वरी मा.वि.(प्र.अ.) |
| ७. | श्री केबुहाङ लिम्बु | सदस्य | श्री मोति मा.वि. (प्र.अ.) |
| ८. | श्री पूर्ण बहादुर साँवा | सदस्य | श्री बाल्देन मा.वि.(प्र.अ.) |
| ९. | श्री पवन भट्टराई | सदस्य सचिव | शिक्षा शाखा |

सिरिजंघा गाउँपालिका शिक्षा योजना